# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

लोककथा लोकसाहित्यको आख्यानयुक्त श्रव्य-पाठ्य विधा हो । प्राचीन समयदेखि श्रुतिस्मृति परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको लोककथालाई दन्त्यकथा बात, सास्तर सुन्ने कथा आदि नामले पुकारिन्छ । लोककथामा अद्भूत रहस्य, रोमाञ्च, चमत्कारिता, वीरता, हार्दिकता, ऐतिहासिकता आदि भावहरू समेटिएको हुन्छ । लोककथामा यो नै विषय हुनुपर्छ भन्ने सीमा निर्धारण गर्नु कठिन हुन्छ । यसमा उमेर भोगाइ जीवनशैली आदि कुराले प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पारेकै हुन्छ (गिरी, २०५७: २४) । हरेक उमेर समूहका मानिसले हरेक समाजमा हरेक समयमा लोककथा सुन्ने सुनाउने प्रचलन रहेको पाइन्छ । अँगेनाको डीलमा बसेर आगो ताप्दै हाम्रा अग्रजहरूले नयाँ पुस्तालाई मनोरञ्जन, ज्ञान, शिक्षा, चलाखीपन, जुक्ति, बुद्धि सिकाउने एउटा बलियो माध्यमको रूपमा लोककथालाई लिने गरेको पाइन्छ । लोककथा लोकसमाजको अमूल्य दर्पण हो । यसलाई संरक्षण र सम्बर्द्धन गर्नु सबैको कर्तव्य एवम् दायित्व हो । अर्घाखाँची जिल्लामा लोककथाहरू कामको सिलसिलामा बस्दा मकै खोसल्दा रातको समयमा अँगेनाको डिलमा बसेर आगो ताप्दै गर्दा बालबच्चालाई भुलाउन र अप्ठ्यारो परिस्थितिबाट कसरी बँच्ने भनी चलाखी सम्बन्धी ज्ञान सिकाउन कथा सुनाउने गरिन्छ । यसरी कथाहरू सुनाउँदा मनोरञ्जनका साथै व्यावहारिक शिक्षा पनि प्राप्त हुन्छ ।

लोककथा श्रुतिस्मृति परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जीवित रहेको पाइन्छ । लोकसाहित्यप्रति चासो राख्ने व्यक्तिहरूले लोककथाको सङ्कलन, वर्गीकरण एवम् विश्लेषण गर्ने कार्यमा चासो देखाएको पाइन्छ । अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकाको लोककथाको विषयवस्तुअनुसार लयात्मक, वर्णनात्मक शैलीमा प्रस्तुति गरिन्छ । कथक्कडले कथाको विषयवस्तु प्रसङ्गअनुसार बोली एवम् हाउभाउमा नै परिवर्तन गरी कथेको पाइन्छ । अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकामा विविध विषयवस्तु समेटिएका लोककथाहरू पाइन्छन् । यी लोककथाबाट त्यहाँका बासिन्दाको अन्धविश्वास, संस्कार, रीतिस्थिति, पारिवारिक आर्थिक अवस्था, मेलापात, यात्रा, सन्तानप्राप्ति, धर्मप्रतिको आस्था, बालविवाहको समस्या, शैक्षिक अवस्था, शासनव्यवस्था,

पारिवारिक कटुता, वीरता एमव्  शूरता आदि विषययमा कथा कथ्ने गरेको पाइन्छ । यिनै कथाको अध्ययन गर्न प्रस्तुत शीर्षक छनोट गरिएको हो ।

## १.२ समस्याकथन

प्रस्तुत शोधकार्यको मूल समस्या **अर्खाघाँची जिल्लाको मालारानी गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन** नै रहेको छ । प्रस्तुत शोधपत्रमा मालारानी गाउँपालिकामा पाइने तिनै लोककथाको सङ्कलन र विश्लेषण गरिएको छ । शोध समस्यासँग सम्बद्ध शोध प्रश्नहरू यस प्रकार छन्:

(क) अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकामा प्रचलित लोककथाको सङ्कलन तथा वर्गीकरण के कसरी गर्न सकिन्छ ?

(ख) विधातत्त्वका दृष्टिले अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकामा प्रचालित लोककथा के कस्ता छन् ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएको छ:

(क) अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकामा प्रचलित लोककथाको सङ्कलन तथा वर्गीकरण गर्ने

(ख) मालारानी गाउँपालिकामा प्रचलित लोककथाको विधातात्त्विक विश्लेषण गर्ने

## १.४ पूर्वकार्यको समीक्षा

लोककथा लोकसाहित्यको महत्त्वपूर्ण विधा हो । अर्घाखाँची जिल्लामा लोकसाहित्यका क्षेत्रमा केही अध्ययन भए पनि अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकामा रहेका प्रचलित लोककथाको अध्ययन हुन सकेको छैन । यस अर्घाखाँची जिल्लाभित्र लोकसाहित्यमा कुन-कुन विधाको अध्ययन के कति भएको छ, भन्ने यहाँ पूर्वकार्यको समीक्षामा देखाइएको छ ।

तुलसी दिवस **नेपाली लोककथा** (२०३२) पुस्तकमा नेपालका पचहत्तरै जिल्लाका लोककथाको सङ्कलन गरे तापनि अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकामा भएका लोककथा यस अध्ययनमा पनि समेटिएको छैन ।

माधवराज चुँदालीले **अर्घाखाँची जिल्लाको साहित्यिक योगदान** (२०५५) शोधपत्रमा त्यस जिल्लाको योगदानको चर्चा गरे तापनि लोककथाको बारेमा जिल्लाको लोककथाको केही मसिनो अभिव्यक्ति त दिएका छन् तर मालारानी गाउँपालिकाका लोककथाको खासै केही कुराको उठान गरेको पाइदैन ।

माधवराज चुँदालीले **अर्घाखाँची जिल्लामा प्रचलित लोककथाको अध्ययन तथा विश्लेषण** (२०५७) लघु अनुसन्धानमा त्यस जिल्लाको लामाछोटा पचासवटा लोककथाको सङ्कलन र त्यसै अन्तर्गतका तेह्रवटा कथाको विश्लेषण गरेका छन् र सङ्कलित कथाहरू राजा, रानी, राजकुमार, राजकुमारी आदिका कथा प्रचलित भएको कुरा उल्लेख गरेका छन् ।

चूडामणी बन्धुले **नेपाली लोकसाहित्य** (२०५८) पुस्तकमा  नेपाली लोकसाहित्यको चर्चापरिचर्चा गर्ने क्रममा लोकथाको अध्ययन गरेका छन् । यस पुस्तकले पनि अर्घाखाँची जिल्ला, मालारानी गाउँपालिकामा भएका लोककथालाई नसमेटेको भए पनि लोककथामा अध्ययनको पद्धतिबारे जानकारी दिएको छ ।

रमेशचन्द्र भट्टराईले **अर्घाखाँची जिल्लामा प्रचलित नेपाली लोककथाको अध्ययन** (२०६४) शोधपत्रमा अर्घाखाँची जिल्लाका बयालिस गाविस मध्ये सात गाविसबाट नौवटा कथा सङ्कलन गरी तिनको विश्लेषण गरेका छन् । यसमा मालारानी गाउँपालिकाको एउटा मात्र कथा समेटिएको पाइन्छ ।

खगेन्द्रप्रसाद लुइटेलले **लोकसाहित्यको परिचय** (२०६८) पुस्तकमा लोकसाहित्यको सैद्धान्तिक चर्चा गरेका छन् ।

कृष्णप्रसाद घिमिरेले **अनुसन्धानात्मक समालोचनामा** (२०६९) पुस्तकमा व्यवहारवादी लोककथाको संरचना र स्वरूप शीर्षकको समालोचनामा वर्तमान समयमा लोककथाले तार्किक तथ्यद्वारा प्रमाणित हुन सक्ने व्यवहारमुखी ज्ञानलाई आफूमा समाहित गर्दै लोककथा अघि आउन लागेको भन्ने कुरा व्यक्त गरेका छन् । यस पुस्तकमा अर्घाखाँची जिल्लाको पटौटी गाविसको एउटा कथालाई विश्लेषण गरेका छन् ।

मेघनाथ आचार्यले **अर्घाखाँची जिल्लाको अर्घाराज्यामा प्रचलित धार्मिक गीतको अध्ययन** (२०७०) शोधपत्रमा लोककथाको बारेमा केही सङ्केत गरेको पाइन्छ तर मालारानी गाउँपालिकाको बारेमा उल्लेख गरेका छैनन् ।

मोतीलाल पराजुलीले **लोककथा सिद्धान्त र विश्लेषण** (२०७१) पुस्तकमा लोककथाको सिद्धान्त र केही लोककथाको विश्लेषण गरेका छन् तर अर्घाखाँची जिल्लाको लोककथाको बारेमा उल्लेख गरेको पाइँदैन । माथि उल्लेख गरिएका शोधपत्र र पुस्तकहरूमा जिल्लाको मालारानी गाउँपालिकामा प्रचलित लोककथाहरूको व्यापक रूपमा अध्ययन अनुसन्धान नगरेको हुदाँ यस शोधपत्रको अध्ययनमा मालारानी गाउँपालिकामा प्रचलित लोककथामा केन्द्रित भएर गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रले अर्घाखाँची जिल्लाको लोकसाहित्यको अध्ययन, परम्परा र विकासमा सहयोग पुऱ्याउनुका साथै नेपाली लोकसाहित्यको खोज र अनुसन्धान कार्यमा पनि सामग्री उपलब्ध गराउने भएकाले प्रस्तुत शोधकार्यको औचित्य रहेको छ । अर्घाखाँची जिल्लाको लोककथाको अध्ययन गर्ने अध्येताका लागि सहयोगी सामग्रीका रूपमा केही हदसम्म भए पनि उपयोगी समेत हुने ढङ्गले गरिएको छ । अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकाको जनजीवनको परिवेश त्यस क्षेत्रका सामाजिक, सांस्कृतिक विविध पक्षहरूको चित्रण गरिनुले प्रस्तुत शोधकार्य अर्घाखाँची जिल्लाको साहित्यका क्षेत्रमा महत्त्वपूर्ण र औचित्यपूर्ण भएको छ । यसका साथसाथै अर्घाखाँची जिल्लाको लोकसाहित्यको अध्ययन अनुसन्धानमा लागेका सम्पूर्ण अध्येताहरूको लागि अध्ययन उपयोगी नै हुनेछ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्य अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकामा प्रचलित लोककथालाई आधार बनाएर तयार पारिएको छ । यस अध्ययनमा मालारानी गाउँपालिकालाई मात्र समेटी त्यस क्षेत्रमा प्रचलित लोककथालाई सङ्कलन गरी लोककथालाई लोककथाका आधुनिक सिद्धान्तका आधारमा विश्लेषण र वर्गीकरण गरिएको छ । यसमा लोकसाहित्य अन्तर्गत अर्घाखाँची जिल्लाको लोककथासँग मात्रै केन्द्रित रही अध्ययन गरिएको छ । यसमा मालारानी गाउँपालिकामा प्रचलित सामाजिक, सांस्कृतिक पक्षको प्रस्तुति गरिएको छ । यसै गरी मालारानी गाउँपालिकामा प्रचलित लोककथाको सङ्कलन गरी वर्गीकरण गरेर लोककथाका कथानक, पात्र वा चरित्र, परिवेश, द्वन्द्व, उद्देश्य, भाषाशैली, संवाद र सामाजिक चेतनाका आधारमा २२ वटा कथा मध्ये ११ वटा लोककथालाई

विश्लेषण गरिएको छ । बाँकी कथा परिशिष्ट भागमा राखिएको छ । यो नै यस शोधपत्रको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा निम्नानुसारका शोधविधिको प्रयोग गरिएको छः

### १.७.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्य पूरा गर्नका लागि अर्घाखाँची मालारानी गाउँपालिकामा गई सामग्री सङ्कलन गरिएको छ । त्यस क्षेत्रका लोककथा जानकारलाई प्रत्यक्ष भेटी लोककथावाचकहरूको स्वराङ्कन गरिएको छ । उक्त लोककथाका कथावाचकहरूले सुनाएका कथाको स्वराङ्कित सामग्रीका साथै जानकारको नाम, थर र उमेर यस शोधपत्रको परिशिष्ट भागमा राखिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधकार्य पूरा गर्नका निम्ति अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकामा प्रचलित सामाजिक तथा सांकृतिक पक्षका आधारमा वर्गीकरण गरी लोककथालाई लोककथाका तत्त्वका आधारमा विश्लेषण गरिएको छ । लोककथाको विश्लेषण विधातत्त्व तथा आगनात्मक पद्धतिका आधारमा गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदहरूमा सङ्गठित गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : लोककथाको सैद्धान्तिक परिचय

तेस्रो परिच्छेद : मालारानी गाउँपालिकामा प्रचलित लोककथाको विधातात्त्विक विश्लेषण

चौथो परिच्छेद : सारांश तथा निष्कर्ष

परिशिष्ट : मालारानी गाउँपालिकाका सङ्कलित लोककथाहरू

सन्दर्भ सामग्री सूची ।

# दोस्रो परिच्छेद

# लोककथाको सैद्धान्तिक परिचय

## २.१ लोककथाको परिचय र परिभाषा

लोककथा लोकसाहित्यको एउटा प्रमुख विधा हो । यसको बारेमा विभिन्न विद्वानहरूले आ-आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । लोककथाको परिचय सहित परिभाषाहरू तल प्रस्तुत गरिएको छ ।

### २.१.१ लोककथाको परिचय

लोककथा लोकजीवनमा प्रचलनमा रहेको मौखिक साहित्य हो । यो एक पुस्ताबाट अर्को पुस्तामा श्रुतिस्मृति परम्परमा हस्तान्तरित हुँदै जान्छ । यसले लोकजीवनका विविध पक्षहरूलाई समेटेका हुन्छ । यसमा लोक आस्था, लोकविश्वास, लोकसंस्कृति र सामाजिक रीतिरिवाजको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । लोककथा लोकजीवनमा दन्त्य कथा, कथाकुथङग्री, किस्सा, आहान र सास्तर शब्दलाई लोकथाकै अर्थमा प्रस्तुत गरेको पाइन्छ । ठाउँ र समाज अनुसार यी शब्द प्रयोग भएका हुन र यी सबै शब्दले लोककथाकै अर्थ प्रस्तुत गर्दछन् । लोककथाभित्र यी शब्दहरू समेटिएर आउँछन् । (गिरी र पराजुली, २०६८:१७३)

नेपाली भाषाको लोककथा शब्द अङ्ग्रेजीको फोकटेल्सको समानार्थी हो । यसको अर्थ लोकमा प्रचलित कथा भन्ने हुन्छ । यो लोकजीवनका आस्था, विश्वास, व्यवहार र चिन्तनलाई कल्पनाको आवरण दिएर रोमाञ्चक आख्यानतत्त्वहरू मिश्रण गरी लोक समुदायद्वारा रचना गरिएका मौखिक परम्परामा जीवन्त परम्परित कथाहरू नै लोककथा हुन् । (बन्धु,२०५८: २८४)

### २.१.२ लोककथाको परिभाषा

लोककथाको परिभाषा विभिन्न विद्वानहरूले विभिन्न ढङ्गले प्रस्तुत गरेका छन् । यहाँ केही प्रमुख विद्वानहरूका भनाईलाई निम्नानुसार उद्धृत गरिएका छन् :

"लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि निहित हुने गर्दछ "

(दिवस,२०३२ :२८)

"लोककथाको मतलब हो आफ्ना वर्णनात्मक भनाइद्वारा लोकलाई मजा दिने चखिलो विषयवस्तुद्वारा सुनिएको घतिलो रचना लोककथा हो" (थापा र सुवेदी, २०४१ : १६)

"लोककथा अवश्य नै तत्कालिन परिवेशको छाप परेको हुन्छ तर त्यहाँका प्रत्तीक र सूत्रहरू फैलाएर यथार्थको नजिक पुग्न सकिन्छ।" (गिरी २०५७ : २४)

"मौखिक वा श्रृतिपरम्पराद्वा सम्प्रेषित अज्ञात रचनाकारको सारगर्भित एवम् सार्विक आख्यानात्मक गद्य संरचनालाई लोककथा भनिन्छ।" (शर्मा र लुइटेल, २०६३ : ३७२)

"लोकसमुदायले परम्परादेखि लोकसमुदायले सामूहिक सत्यको रूपमा अङ्गीकार गरेका काल्पनिक कथावस्तु भएका मनोरञ्जनपूर्ण, गद्यमूलक कल्पनात्मक, मौखिक लोकआख्यानलाई लोककथा भनिन्छ। " (पराजुली, २०५४)

माथिका परिभाषाहरूलाई अध्ययन गर्दा लोकमा प्रचलित कथाहरू नै लोककथा हुन् । यी श्रुतिस्मृति परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै विगत देखि वर्तमान सम्मका लोकमानसका भावनालाई एकाकार गर्दै कल्पना र रोमाञ्च तत्त्वले भरिएको हुन्छ ।

लोककथालाई लोकजीवनमा दन्त्यकथा कथाकुथङ्गी, किस्सा, आहान्, सास्तर जस्ता शब्द प्रयोग गरेको पाइन्छ । ठाउँ समाजअनुसार यी शब्दहरू प्रयोग भएका हुन् । लोककथा लोकजीवनमा श्रुतिस्मृति परम्परमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको आख्यानात्मक श्रव्य पाठ्य गद्य विधा हो । जसको बिचबिचमा लयात्मकता एवम् गेयात्मकता पनि पाइन्छ । यसको उठान प्रायजसो एकादेशबाट हुन्छ भने अन्त्य रेमा हुँन्छ । यसका पात्रहरू मानिस, देवीदेवता, भूतप्रेत, राक्षस आदि हुन सक्छन् । यसमा स्थानीयताको प्रबलता हुन्छ । यसको मुख्य उद्देश्य भनेको रहस्य, रोमाञ्चक तथा अलौकिकताका माध्यमबाट लोकसमाजलाई लोकव्यवहार सम्बन्धी शिक्षा एवम् मनोरञ्जन प्रदान गर्नु हो ।

### २.१.३ लोककथाको विशेषता

कुनै पनि लोकसाहित्यका आफ्नै छुट्टै विशेषता रहेका हुन्छन् । त्यस्तै लोककथाका पनि आफ्नै विशेषता रहेका हुन्छन् । लोककथा लोकसाहित्यको आख्यानयुक्त श्रव्य पाठ्य विधा हो । यसका विशेषताहरूलाई विभिन्न विद्वानहरूले भिन्दा भिन्दै किसिमले चर्चा गरेको पाइन्छ ।

भारतीय लोक साहित्यका विद्वान् कृष्णदेव उपाध्यायका अनुसार लोककथाका विशेषता यस प्रकार रहेका छन् :

१. प्रेमको अभिन्न अङ्ग, २. अश्लील शृगारको अभाव, ३. मानवीय मूल प्रवृत्तिसँग निरन्तर सहचार्य, ४. मङ्गल कामनाको भावना, ५. सुखान्त अन्त्य, ६. उत्सुकताको भावना, ७ रहस्य रोमाञ्च तथा अलौकिकताको प्रधानता, ८.स्वभाविक वर्णन (चुदाली, २०५७: १८)

धर्मराज थापा र हंसपुरे सुवेदीले लोककथाका विशेषताहरूलाई निम्नानुसार उल्लेख गरेका छन्:

१. बनावट लोकरञ्जन हुनु, २. रचनाकार अज्ञात भै परम्परागत पाइनु, ३. तन्मयताप्रद शिल्प विधान निमित्त अप्रकातिक र अमानवीय तत्वको समावेश पाइनु, ४. प्रेममय भावना प्रदर्शित हुनु, ६. रोमाञ्चक अद्भूत तत्वको प्रधान्य हुनु (थापा र सुवेदी, २०४१: ३८)

चुडामणि बन्धुका अनुसार लोककथाका विशेषता यसप्रकार छन् :

१. मनोरञ्जनात्मक, २. लोकशैलीमा सुरु र अन्त्य, ३. पुराना धारणा र विश्वासको अभिव्यक्ति तथा वर्तमान समयका सामाजिका मनोदशाको प्रकटीकरण, ४. भाषाको प्राचीनको प्रयोग, ५. सृष्टिका तथ्यहरूको व्याख्या, ६. लोकजीवनको मूल्यमान्यता र परिस्थितिको वर्णन, ७. भाषिक सरलता, ८. रहस्य, ९. रोमाञ्च र कौतुहलको समावेश, १०. अलौकिक तथा अतिशयोक्तिपूर्ण घटनाको प्रधानता (बन्धु, २०५८: २८६)

शम्भूप्रसाद कोइरालाका अनुसार लोककथाको विशेषता निम्नानुसार छन् :

१. रचनाकारको असङ्लग्नता, २. मूल प्रवृत्तिप्रति निरन्तर साहचार्य, ३. स्थूल शृङ्गारको अभाव, ४. रहस्य, रोमाञ्च र कौतुहल तत्वको प्रधान्यता, ५. सुखान्त्य परिणति, ६. स्वभाविक वर्णन र सरल शैलीको प्रयोग (कोइराला, २०६५: १९३)

मोतीलाल पराजुलीका अनुसार लोककथाका विशेषता यस प्रकार रहेका छन् :

१. श्रुतिस्मृति परम्परा, २. मङ्गल कामनाको भावना, ३. धार्मिक, नैतिक र सामाजिक चेतनाको प्रबलता, ४. रहस्य, रोमाञ्च तथा अलौकिकता, ५. औत्सुक्यता तथा कुतुहल प्रधानता, ६. मनोरञ्जनात्मक तथा लोकप्रियता, ७. कल्पनाको प्रबलता, ८.

स्थानीयता, ९. सरल, सहज र स्वतःस्फूर्त भाषाको प्रयोग, १०. लोकतत्वको प्रबलता ( पराजुली, २०७१: ३४-३९)

माथिका विभिन्न विद्वानहरूले लोककथाका विशेषताको सम्बन्धमा आ-आफ्ना अभिमतहरू राखे । यी सम्पूर्ण विद्वानहरूका लोककथा सम्बन्धी विशेषतालाई समग्रमा यसरी निर्धारण गर्न सकिन्छः

### २.१.३.१ अज्ञात रचनाकार

लोककथा श्रुतिस्मृति परम्पराबाट नै पुस्तौंपुस्ता हस्तान्तरित हुँदै आएको पाइन्छ । यसको उत्पतिको स्थान समय र व्यक्ति यही नै हो भनेर किटान गर्न सकिदैन । लोककथा कुनै व्यक्ति विशेष वा स्थान विशेषको पेवा नभइ सम्पूर्ण लोकबासीको मुखै मुखबाट पुस्तौं पुस्ता हस्तान्तरित हुँदै आएको साझा सम्पत्ति हो । मानव सम्यताको सुरुवाता सँगसगै लोककथाहरू बसिबियाँलोको रूपमा भनिदै र सुनिदै आए त्यसकारण यसको रचना कुन व्यक्तिले कहिले गर्‍यो भन्ने कुरा पत्ता लगाउनु कठिन कार्य हो ।

### २.१.३.२. स्थानीयताको प्रभाव

लोककथाको अर्को विशेषता स्थानीयताको प्रभाव हो । लोककथामा स्थानको प्रभाव प्रत्यक्ष रूपमा नै अनुभव गर्न सकिन्छ जस्तो जङ्गल नजिक बस्ने मानिसले जङ्गली जनावरसँग सम्बन्धित कथा सुनाउँ भने नदी नजिक बस्ने मानिसले जलचर प्राणीसँग सम्बन्धित कथा सुनाउँछ । त्यस्तै मसानघाट नजिक बस्ने मानिसले मुर्दासँग सम्बन्धित कथा सुनाउँछ । लोककथामा स्थानीयताको प्रभाव भाषादेखि लिएर विषयवस्तु एवं परिवेश आदिमा पनि भेटिन्छ । एउटै मूल कथामा पनि स्थानअनुसार पाठगत भेद भेट्न  सकिन्छ

### २.१.३.३.मनोरञ्जनात्मकता

मनोरञ्जनात्मकता लोककथाको अर्को विशेषता हो । लोककथामा धर्म, नीति, शिक्षा, राजनीति, मुर्ख्याइँ ठगी चलाखी आदि विविध पक्ष समेटिएता पनि मनोरञ्जनलाई मुख्य रूपमा लिइएको पाइन्छ । कथामा विषयवस्तु पात्रका क्रियाकलाप तथा परिवेशले कथा सुनिरहँदा श्रोता कथामा एकाकार हुन पुग्छ र कथामा मुख्य सहायक अथवा अन्य पात्रका चारित्रिक दोष, बुद्धि, गुण, बल, मुर्ख्याइँ, धुर्त्याइँ, बेइमान आदि जुनसुकै प्रसङ्गबाट पनि

श्रोताले मनोरञ्जन प्राप्त गरेको हुन्छ । मनोरञ्जन प्राप्त गर्नु लोककथाको महत्त्वपूर्ण विशेषता हो ।

### २.१.३.४. विषयगत विविधता

विषयगत विविधता लोककथाको अर्को महत्त्वापूर्ण विशेषता विषयगत विविधता पनि हो । लोककथाको विषय इतिहास, पुराण, धर्म, संस्कृति, संस्कार, इहलोक, परलोक जुनसुकै पनि हुन सक्छ । त्यसै गरी कथाका पात्रहरू पनि मानिस, पशुपंक्षी, वृक्ष, वनस्पति, किट्पतङ्ग आदि जेसुकै पनि हुन सक्दछन् ।

### २.१.३.५. अलौकिक तथा अतिरञ्जित तत्त्वको प्रबलता

लोककथा सामान्य विषयवस्तु, घटना, पात्र र परिवेश भन्दा फरक अलौकिक तथा लौकिक, घटनाहरू पनि अतिरञ्जित किसीमले उनिएको हुन्छ । लोककथामा सामान्य घटना पात्र र विषय नभइ असामान्य पात्र, घटना र विषयको अपेक्षा गरिएको हुन्छ । लोककथाका पात्रहरू नै लोकसमाजका सामान्य पात्र भन्दा भिन्नै किसीमका हुन्छन् र यी पात्रका क्रियाकलाप पनि रहस्यमय तरिकाले अगाडि बढिरहेका हुन्छन् ।

### २.१.३.६. स्वभाविक भाषा र सरल शैली

यो पनि लोककथाको महत्त्वपूर्ण विशेषता हो । लोककथाको भाषा स्वभाविक अर्थात् स्वत स्फूर्त रूपमा जनजिब्रोबाट उच्चरित हुन्छ । यस्तो भाषा लोकबासीले सहज रूपमा बुझ्न सक्दछन् त्यसैगरी लोककथा घुमाउरो तरिकाले वर्णन नगरी घटनाहरू श्रृङ्खलित रूपमा अघि बढ्दै गएको देखाइन्छ अर्थात् यसपछि के हुन्छ भन्ने कौतुहलको स्थितिमा रहेता पनि कथा अस्पष्ट र नबुझिने किसिमको हुँदैन । घटनाहरू एकपछि अर्को गर्दै अघि बढिरहेका  हुन्छन् । लोककथामा कथावाचकले स्थानीय बोलीचालीकै भाषा प्रयोग गर्ने हुँदा भाषा असहज र अस्वभाविक किसिमको हुँदैन ।

अन्तमा लोककथा लोकजीवनमा मैखिक परम्परामै स्वभाविक र सरल तरिकाले एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको आख्यानयुक्त गद्य विधा हो । समान्य भन्दा रहस्यात्मक एवम् रोमाञ्चक तत्त्वको समावेशद्वारा लोकबासीलाई मनोरञ्जनका साथसाथै नैतिक, धार्मिक, सांस्कृतिक एवम् व्यवहारिक आदि शिक्षा प्रदान गर्दै आएको छ ।

लोककथाले विगतको घटनाहरूको वर्णन गर्दै वर्तमान समयमा ती घटनाहरूको समीक्षा गर्दै आगामी भविष्यलाई मार्ग निर्देशन गर्ने आधार लोकबासीलाई प्रदान गर्न सक्छ ।

### २.१.४ लोककथाका तत्त्वहरू

लोककथा कलात्मक आख्यानयुक्त गद्य साहित्य हो । अन्य साहित्यिक विधाका जस्तै लोककथाका पनि आफ्नै आन्तरिक एवम् बाह्य संघटकहरू रहेका हुन्छन् र ती तत्त्वहरूले लोककथाको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

लोककथा तत्त्वका सन्दर्भमा विद्वानहरूका बिचमा मतान्तर पाइन्छ । भारतीय लोकसाहित्य विद् सत्येन्द्रका अनुसार लोककथाका तत्त्वहरू यस प्रकार रहेका छन्: १. लोक मानस, २. कथाको रूप, ३.पात्र, ४. कथानक वा अभिप्राय, ५. सामान्य घटना, ६. संघटना, ७. कथा मानक अलङकरण, ८. वातावरण (अग्रवाल, १९७१: १७०)

श्री राम शर्माले १. कथावस्तु, २. पात्र, ३. कथोपकथन, ४. वातावरण, ५. शैली र ६. उद्देश्यलाई लोककथाका तत्त्व मानेका छन् । (भट्टाराई, २०६४: ३९)

त्यसै गरी प्रा.डा. मोतीलाल पराजुलीले नेपाली लोककथा सिद्धान्त र विश्लेषण भन्ने पुस्तकमा लोककथामा कथाका आन्तरिक र बाह्य तत्व रहने कुरा उल्लेख गरेका छन् । लोककथाका बाह्य तत्वहरूमा कथानक, पात्र, परिवेश, कथोपकथन, द्वन्द्व, उद्देश्य, शैली र भाषालाई लिएका छन् भने आन्तरिक तत्वका रूपमा परम्परित चिन्तन, विचार र क्रियाकलापहरूको शृङ्खला रहन्छ । र यही लोककककथाका तत्त्वका कारण नै लोककथा लिखित साहित्यका आख्यान विधासँग छुट्टिने मत अघि सारेका छन् ।

विद्वानद्वय प्रा.डा.मोतीलाल पराजुली र डा. जिवेन्द्रदेव गिरीले नेपाली साहित्यको रूपरेखा २०६८ मा लोककथाका तत्त्वहरूलाई आख्यान तत्त्व र लोकतत्त्व गरी दुई भागमा विभाजन गरेका छन् । आख्यान तत्त्व अन्तरर्गत आख्यान साहित्यमा हुने तत्त्वहरू लोककथामा पनि समावेश गरिएको हुन्छ । ती तत्त्वहरूमा कथानक, अभिप्राय, पात्र, परिवेश, कथोपकथन, द्वन्द्व, उद्देश्य, भाषाशैली र लोकतत्त्वहरू हुन्छन् । (गिरी र पराजुली २०६८: १८१)

माथी उल्लेखित लोककथाका तत्त्वहरू मध्ये कथानक, पात्र, परिवेश, संवाद, द्वन्द्व, उद्देश्य, भाषा शैलीको चिनारी यहाँ गरिएको छ ।

### २.१.४.१. कथानक

घटनाहरूको शृङ्खलित व्यवस्था नै कथानक हो । जसलाई लोककथाको मेरुदण्ड नै मानिन्छ । कथानकका घटनाहरू रोचक एवम् कुतूहलपूर्ण हुन्छन् । काल्पनिक अदभूत सामाजिक, एवम् धार्मिक आदि विषयवस्तुका आधारमा पात्र र परिवेश निर्माण गरिएको हुन्छ । जस्तै समाजिक विषयवस्तुको उठान गरिएको कथामा नैतिक, औपदेशिक आदि सन्देश प्रदान गरिएको हुन्छ । (गिरी र पराजुली २०६८: १८१) कथानक सामान्य कार्यव्यापारबाट विकसित हुँदै अद्भूत र आश्चार्यजनक मोड उपमोड पार गर्दै अन्त्य हुन्छ । “एकादेशमा..........बाट आख्यानको आरम्भ भई भन्नेलाई फूलको माला र सुन्नेलाई सुनको माला आदि लोकशैलीमा अन्त्य हुन्छ । (पराजुली, २०७१: ४०)

कथानक लोककथाको महत्त्वपूर्ण तत्त्व हो । लोककथाको कथानक सामाजिक, पौराणिक, धार्मिक, लौकिक, अलौकिक, काल्पनिक आदि जुनसुकै विषय समेटएको भए पनि रोमाञ्चक, उत्सुकता एवम् कुतुहलता जगाउने खालका छोटा, लामा, मझौला जस्तोसुकै आयामका पनि हुन सक्छन् । लोककथाहरू जस्तो सुकै आयामका भए पनि सरल र बोध गम्य नै हुन्छन् ।

### २.१.४.२. पात्र

लोककथामा कथाका घटना वा विचारलाई सम्वहन गर्न सक्ने मानवीय वा मानवेतर प्राणी वा पदार्थहरूलाई नै पात्र भनिन्छ । (पराजुली र गिरी, २०६८: १८२) पात्रको घनिष्ठ सम्बन्ध कथानकसँग हुन्छ । लोककथामा पात्रले घटनाहरू घटित गराउने कार्य गर्दछ । मानवीय वा मानववेतर जुनसुकै भए पनि  लोककथाका पात्रहरू सामान्य नभई असाधारण खुबी वा क्षमताका, यथार्थ धरातलका नभई काल्पनिक धरातलका हुन्छन् र यी पात्रहरूले रहस्यमय भ्रमित र आश्चार्यजनक कार्य गर्ने खुबी लिएका हुन्छन् । यी पात्रहरूका क्रियाकलापले वक्ता र श्रोता दुवैलाई आनन्दानुभूति दिलाउनका साथै कथानकलाई गति प्रदान गर्ने कार्य  गर्दछन् । लोककथाका पात्रहरूलाई अध्ययनको सजिलोका लागि मुख्य त दुई भागमा वर्गीकरण गरी यिनीहरूको कार्य वा भूमिका के कस्तो हुन्छ भन्ने कुरा थाहा पाउन सकिन्छ:

### २.१.४.२.१. कार्य क्षमता वा शक्तिका आधारमा पात्र

लोककथाको उद्देश्य तथा आवश्यकतालाई ध्यानमा राखेर उपयुक्त कार्यक्षमता वा शक्ति भएका पात्रको व्यवस्था गरिएको हुन्छ यसैलाई कार्य क्षमता वा शक्तिका आधारमा पात्र भनिन्छ । यी पात्रहरू पूर्ण शक्तियुक्त, अर्धशक्तियुक्त, अर्धदैवीशक्तियुक्त, असाधारण शक्तियुक्त र सामान्य शक्तियुक्त गरी पाँच भागमा वर्गीकरण गर्न सकिन्छ । (पराजुली, २०७१: ४२)

(क) पूर्ण शक्तियुक्त पात्रः

पूर्णशक्तियुक्त पात्र भन्नाले त्रिकालदर्शी, पृथ्वीको सृष्टि, विनास तथा सम्पूर्ण जीवहरूको सञ्चालन गर्न सक्ने संसारको सबैभन्दा शक्तिशाली पात्र भन्ने बुझिन्छ । यस्तो शक्ति ईश्वरमामात्र रहने कुरा लोकसमाजले विश्वास गर्दछ । धार्मिक एवम् मिथक कथामा यस किसिमका पात्रको प्रयोग गरिएको हुन्छ । (पराजुली, २०७१: ४३)

(ख) दिव्यशक्तियुक्त पात्रः

दिव्यशक्तियुक्त पात्र भन्नाले त्रिकालदर्शी अष्ठसिद्धि प्राप्त गरेका दिव्यशक्तिको उपयोग गर्न सक्ने पौराणिक देवीदेवता र लोकदेवीदेवताहरू बुझिन्छ । मिथक तथा अनुश्रुति कथामा यस्ता पात्रको प्रयोग गरिएको पाइन्छ । (पराजुली, २०७१: ४३)

(ग) अर्द्धदैवीशक्तियुक्त पात्र

अर्द्धदैवीशक्तियुक्त पात्र भन्नाले आकाशमा उड्न सक्ने विभिन्न लोकहरूको परिभ्रमण गर्न सक्ने अदृश्य हुने तथा परी तथा अतिरिक्त शक्ति प्रयोग गर्न सक्ने परी तथा अप्सरा, नागकन्याहरू, पिशाच, राक्षस, सञ्जीवनी-बुटी, अमरफल आदि बुझिन्छ । धार्मिक तथा अलौकिक विषयवस्तु भएका  कथामा यस्ता पात्रहरूको प्रयोग गरिएको हुन्छ ।

(घ) असाधारणशक्तियुक्त पात्र

सामान्य जीवनभन्दा अतिरिक्त शक्ति भएका पात्रलाई असाधारण शक्तियुक्त पात्र भनिन्छ । यस्ता पात्रहरूले, शारीरिक, बौद्धिक एवं अतीन्द्रीय शक्तिद्वारा ठूला ठूला कार्य गर्न सक्दछन् । यस्ता पात्रहरू मन्त्री, राजकुमार, बहादुर मानिस, बुद्धिमान मानिस एवं प्राणीहरू वृक्षवनस्पतिहरू आदि पर्दछन् । यस्ता पात्रहरूको प्रयोग भएका लोककथाहरू रोमाञ्चक कुतुहलपूर्ण एवम्  मनोरञ्जन प्रधान हुन्छन् ।

(ङ) सामान्यशक्तियुक्त पात्र

सामान्य प्राणीहरूमा हुने गुण, स्वभाव र शक्ति भएका पात्रहरूलाई सामान्य शक्तियुक्त पात्र भनिन्छ। यस्ता पात्रहरू लोककथाका सहयोगी पात्रका रूपमा रहेका हुन्छन्। कुनै पात्रमा समान्य प्राणीमा हुने गुण पनि न्युन हुन्छ तर यस्ता पात्रहरूले आफूमा रहेको कुनै एक शक्तिको प्रयोग गरी लोकसमाजलाई चकित् पार्दछन्।

यसरी अन्तमा कार्यक्षमता वा शक्तिका आधारमा लोककथाका पात्रलाई पाँच भागमा वर्गीकरण गरिएको पाइन्छ। जसमध्ये पूर्णशक्ति भएका पात्रलाई धार्मिक आस्था एवम् विश्वासका साथमा हेरिएको पाइन्छ। अर्द्धदैविक शक्ति भएका पात्रलाई पनि आस्था र श्रद्धाका साथ हेरिएको पाइन्छ भने असाधारण शक्ति भएका पात्रलाई रोमाञ्चक कुतुहलपूर्ण एवम् मनोरञ्जन प्रदान गर्ने र सामान्य शक्ति भएका पात्र लोककथाका सहयोगी पात्र र अर्धशक्ति भएका पात्र लोककथाका दयाका पात्रका रूपमा हेरिएको छ। यसरी लोककथामा पात्रहरूलाई कार्यक्षमता वा शक्तिका आधारमा फरकफरक तरिकाले हर्ने गरेको पाइन्छ।

### २.१.४.२.२. वर्गका आधारमा पात्र

लोककथामा मानव र मानववेतर प्राणी, वृक्ष, वनस्पति आदिलाई पदार्थात्मवादी भावना अनुसार लोककथाको पात्र बनाइएको हुन्छ। मानवेतर प्राणी र पदार्थहरूमा पनि मानवीय स्वभाव र गुण विशेषता हुन्छन् भन्ने लोकमान्यताका आधारमा कथाको कथ्य विषयवस्तु अनुसार पात्रको चयन गरिएको हुन्छ। पात्रले कथामा विषयअनुसारको भूमिका निर्वाह गर्दै गएको हुन्छ। वर्गका आधारमा लोककथामा पात्रलाई यसप्रकार वर्गीकरण गरिएको पाइन्छ। (पराजुली, २०७१: ४५)

(क) मानव पात्र:

लोककथाको कथानकलाई अघि बढाउन लोककथामा मानव पात्रको प्रयोग गरिएको हुन्छ। कथाको विषयवस्तुअनुसार निम्न प्रकारका मानव पात्रको प्रयोग गरिएको हुन्छ।

(अ) दिव्यशक्ति युक्त मानव पात्र

जुन मानवले आफ्नो शक्ति प्रयोग गरेर अद्भूत कार्यहरू सम्पन्न गर्न सक्दछ, त्यस्तो मानवलाई दिव्यशक्तियुक्त मानव पात्र भनिन्छ। यिनीहरूमा ८ देखि ११ कलासम्म रहेको विश्वास गरिन्छ। प्रायः अनुश्रुति कथाहरूमा यस्ता पात्रको प्रयोग गरेको पाइन्छ।

(आ) असाधारण शक्तियुक्ति मानव पात्र

जुन मानिसले बुद्धि, सौर्य, अतीन्द्रिय शक्ति तथा बाहुबलद्वारा अद्भूत एवम् आश्च(ार्यजनक कार्य गरेर लोकसमाजलाई चकित् पार्दछ। त्यस्तो मानवलाई असाधारण शक्तियुक्त मानव भनिन्छ । राजा, मन्त्री, न्यायधीश आदि यस्ता मानव पात्रमा पर्दछन् । रहस्य र रोमाञ्चले भरिएका लोककथाहरूमा यस किसिमका पात्रको उपस्थिति देखिन्छ।

(इ) सामान्यशक्ति युक्त मानव पात्र

सामान्य शक्तियुक्त मानव लोककथाका सहयोगी पात्रको भूमिका देखिन्छन् । यी मानवहरूमा सामान्य प्राणीमा हुने गुण स्वभाव र विशेषता रहेको हुन्छ।

(ई) अर्द्धशक्तियुक्त मानव पात्र

सामान्य मानवमा हुने गुण स्वभाव पनि न्युन भएका अर्थात प्रकृतिबाट ठगिएका लाटोबुङ्गो, बामपुड्के, अन्धो, लङ्गडो आदि पात्रलाई अर्द्धशक्तियुक्त मानव पात्र भनिन्छ । लोककथामा यस्ता पात्रहरूले कुनै एक अङ्गमा रहेको अतिन्द्रिय शक्तिले अद्भूत कार्य गरेर लोकलाई चकित् पार्दछ भने यस्ता पात्रहरूप्रति लोकसमाजको दया एवम् सहानुभूति रहने गर्दछ।

यसरी मावन पात्रलाई वर्गका आधारमा लोककथामा दिव्यशक्तियुक्त मानव, असाधारणशक्तियुक्त मानव, समान्यशक्तियुक्त मानव र अर्द्धमानव गरी चार भागमा वर्गीकरण गरी यिनीहरूको भूमिका र स्थान अलगअलग हुने कुरा बताइएको छ।

(ख) दैवी पात्रः

लोककथामा प्रयोग हुने मानवेतर सजीव पात्रहरूमा दैवी पात्रहरू पर्दछन् । यी पात्रहरू त्रिकालदर्शी, अष्टसिद्धिप्राप्त, दिव्यशक्तिको प्रयोग गर्न सक्ने अमर र ब्रह्माण्डका सबै जीवभन्दा शक्तिशाली रहन्छन् । त्यस्ता पात्रहरूको प्रयोग धार्मिक तत्त्वले भरिएका कथा तथा मिथक कथाहरूमा हुन्छ । त्यस्तै अर्द्धदैवी पात्रमा देवीदेवता जस्तो पूर्णशक्ति प्राप्त नगरी सामान्य दिव्य शक्तिको प्रयोग गर्न सक्ने क्षमता भएका पात्र अर्द्धदैविक पात्र हुन् । अनुश्रुति तथा अलौकिक कथाहरूमा त्यस्ता पात्रको प्रयोग हुन्छ।

(ग) पशुपंक्षी, सरीसृप तथा कीटपतङ्ग पात्रहरू:

मानवेतर सजीव पात्रहरू यस वर्गमा पर्दछन् । घरपालुवा कुकुर गाई, भैंसी तथा जङ्गली बाघ, भालु आदि पशुवर्गमा पर्दछन् । लोककथामा यी पात्रहरूलाई यिनीहरूको स्वभाव तथा महत्त्वका आधारमा सामान्य वा प्रतीकात्मक रूपमा प्रयोग गरिएको पाइन्छ । यसै गरी पंक्षी पात्रहरूमा पखेटा भएका आकाशमा उड्न सक्ने चराहरू पर्दछन् । यी पशुपंक्षी लोककथामा धार्मिक महत्त्वका रूपमा आएका हुन्छन् । सरीसृप पात्रहरूमा घस्रेर हिड्ने सर्प, भ्यागुता आदि पर्दछन् । लोककथामा यी सम्पूर्ण पात्रहरूलाई यिनीहरूको स्वभाव, महत्त्व तथा कार्य क्षमतालाई आधार बनाएर सामान्य वा प्रतीकात्मक रूपमा पात्रको भूमिकामा उभ्याएको पाइन्छ ।

(घ) निर्जीव पात्रहरू:

लोककथामा वृक्ष वनस्पति तथा पदार्थलाई पनि आत्मशीलतावादी भावनाबाट पात्र बनाएको हुन्छ । लोककथाका पात्रहरू जस्तोसुकै भए पनि लोकले विश्वास गर्छ र यी पात्रहरू मानिसजस्तै क्रियाशील भई लोककथालाई जीवन्त बनाउँछन् । कतिपय वृक्ष, वनस्पतिलाई धार्मिक आस्थाले हेर्ने गरिन्छ । जस्तै : वर, पीपल, समी, आँप, पैयुँ, पारिजात आदि त्यसै गरी पदार्थहरू पनि पूराकथात्मक तथा धार्मिक महत्त्वका भएमा ती प्रति आस्था रहन्छ जस्तै सूर्य, चन्द्र, पृथ्वी, हावा, शालीग्राम, रुद्राक्ष आदि संसारमा अस्तित्वमा रहेका विभिन्न जीवहरू काल्पनिक जीवहरू, धार्मिक महत्त्व रहेका जीवहरू, पशुपंक्षी, सरीसृप, वृक्ष, वनस्पति र पदार्थ आदिलाई पात्र बनाई लोककथामा सर्वजीवात्मावादी भावनाको प्रयोग गरेको पाइन्छ ।

यसरी लोककथाको आवश्यकता र औचित्यका आधारमा लोककथामा पात्रहरूको चयन गरिएको हुन्छ ।

### २.१.४.३. परिवेश

लोककथामा घटनाहरू घट्ने स्थान, समय र वातावरणको समुचित व्यवस्थालाई परिवेश भनिन्छ । लोककथामा लौकिक र अलौकि गरी दुई परिवेशको चित्रण पाइन्छ । लौकिक परिवेशमा गाउँ, समाज, वनजङ्गल, ओढार, गुफा, नदी, समुद्र आदि रहेका हुन्छन् भने अलौकिक परिवेशमा स्वर्गलोक, सूर्यलोक, नागलोक आदि चौध लोक रहेका हुन्छन् । यी दुवै परिवेशलाई सघाउनमा स्थानीय परिवेशको प्रभाव बढी देखिन्छ । अर्थात् ठाउँ, समय,

रीतिस्थिति, जीवन भोगाई, सोचाई, धर्मसंस्कृति लोकविश्वास, जादु, टुनामुना, भूतप्रेत आत्मशीलता प्रतिको विश्वास आदिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

लोककथामा लौकिक र अलौकिक परिवेशमा घटित हुने घटनाहरूलाई आन्तरिक परिवेशले समर्थन वा पुष्टि गर्दछ भने आन्तरिक परिवेश नै बाह्य परिवेशको सहयोगी बनेको छ । लोककथामा परिवेशले कथानक र पात्रलाई आधार स्थल प्रदान गुर्नका साथै कथाको घटनालाई यथार्थ र दुरुस्त तुल्याउँछ ।

### २.१.४.४. संवाद

दुई पात्रहरूकाबीचमा भएको कुराकानीलाई संवाद भनिन्छ । यो समाख्याताले वर्णनद्वारा व्यक्त गर्दछ र नायक नायिकालाई रहस्यात्मक कुराको जानकारी गराउँदै कार्यसम्पादनमा मद्दत पुऱ्याउँछ । लोककथामा वृक्ष, वनस्पति, देवीदेवता, मानिस, राक्षस, पशुपंक्षी आदि पात्रहरू पनि मानिस जस्तै बोली कथालाई रोचक तथा प्रभावकारी बन( ाउँछन् । संवाद लोककथाको अनिवार्य र अपरिहार्य तत्त्व हो ।

समान्यतया हेर्दा मानवेतर प्राणी एवम् वृक्ष वनस्पतिबिच भएको संवाद अपत्यारिलो लागे तापनि कथा वाचकले कथा भनिरहँदा यही संवादकै कारण श्रोता मुग्ध भएर कथा सुनिरहेको हुन्छ । यसले लोककथालाई थप रोचक एवम् मनोरञ्जनपूर्ण बनाउन मद्दत गर्दछ ।

### २.१.४.४. द्वन्द्व

दुई भिन्न चरित्रबिच भएको वैचारिक खटनपटन वा शक्ति सङ्घर्षलाई द्वन्द्व भनिन्छ । यो आन्तरिक र बाह्य गरी दुई किसिमको हुन्छ । सत्पात्रको विजय भएमा कथा सुखान्त हुन्छ । असत्पात्रको विजय भएमा कथा दुःखान्त हुन्छ । लोककथामा द्वन्द्वको धेरै प्रयोग भएको देखिन्छ । जस्तैः देवता-राक्षस, मानव-भूतप्रेत, लामा-बोक्सी, राजा-प्रतिपक्षी, सत्-असत् आदि पात्रबीचमा द्वन्द्व हुन्छ र यसले लोककथालाई रोचक मनोरञ्जन एवम् कौतूहलपूर्ण बनाउन सहयोग गर्दछ ।

### २.१.४.५. उद्देश्य

अन्य साहित्यिक विधाहरूमा जस्तै लोककथामा पनि कुनै न कुनै उद्देश्य राखिएको हुन्छ । सामान्यतः लोककथाहरू मनोरञ्जनका निम्ति प्रस्तुत गरिन्छन् । कथाको

विषयवस्तुअनुसार लोककथाले भिन्न भिन्न उद्देश्य लिएको हुन्छ । धर्म, आचार, व्यवहार, राजनीति, कुटनीति, मनोरञ्जन, शिक्षा, व्यावहारिक ज्ञान, पराक्रम, नीतिशिक्षा आदि प्रदान गर्ने उद्देश्यले लोककथा सिर्जना भएको पाइन्छ । यी उद्देश्यहरूमध्ये कथावाचकले श्रोताको उमेर, रुचि, पृष्ठभूमि आदि कुरालाई ख्याल गरी कथा श्रवण गराउन सके लक्षित समूहलाई फाइदा पुग्छ ।

### २.१.४.६. भाषा

लोककथा भाषाका माध्यमबाट व्यक्त गरिने श्रव्य पाठ्य विधा हो । यसमा स्थनीयताको प्रभाव पाइन्छ अर्थात लोककथा स्थानीय कथ्य भाषामा प्रस्तुत गरिन्छ । स्थानीय स्तरमा प्रचलित उखान टुक्का, गाउँखाने कथा, ठेट नेपाली शब्दको प्रयोग हुनेहुँदा लोककथामा भाषाको विशेष महत्त्व रहेको हुन्छ । लोककथाको भाषामा स्थानीयताको प्रभावकै कारण लोककथाको एउटै मूलपाठमा पनि स्थान र व्यक्ति अनुसार फरक-फरक तरिकाले प्रस्तुत भएको पाइन्छ । स्थानीयताको प्रभाव रहनु नै लोककथाको मुख्य भाषिक विशेषता हो ।

### २.१.४.७. शैली

लोककथा प्रस्तुत गरिने तरिकालाई शैली भनिन्छ । प्रायः लोककथाहरू वर्णनात्मक शैलीमा प्रस्तुत गरिन्छ । कुनै लोककथाहरू व्याख्यात्मक र तार्किक शैलीमा प्रस्तुत गरिन्छन । लोककथाको आयामअनुसार पनि शैली भिन्नभिन्न हुन सक्छ । लामालामा लोककथाहरूमा अर्को उपकथा पनि जोडिएको हुन सक्छ । यस्तो शैलीलाई गर्भकथा शैली भनिन्छ । एउटै घटना वा विचार पटकपटक दोहोरिएमा त्यसलाई क्रमसम्बद्धात्मक शैली भनिन्छ । त्यस्तै कतिपय लोककथाहरू चम्पु शैलीमा पनि व्यक्त गरिन्छ ।

समग्रमा भन्नुपर्दा लोककथाको शैली कथयिताको शील्पमा आधारित हुन्छ । कथयिताअनुसार एउटै लोककथाको शैली पनि भिन्न-भिन्न किसिमको हुन्छ । प्रायःजसो लोककथाहरू एकादेशबाट सुरु भई भन्नेलाई फूलको माला आदि लोकशैलीमा अन्त्य हुन्छ ।

### २.१.४.८. निष्कर्ष

लोककथा एउटा स्वतन्त्र विधा हो । यसका कथानक, पात्र, परिवेश, संवाद, उद्देश्य, भाषा, शैली आदि संरचक घटकहरू रहेका छन् । यी सबै घटकहरूको कुशल संयोजनद्वारा

नै लोककथा सुगठित बन्दछ र यसले कथावाचकलाई आत्मसन्तुष्टि तथा श्रोतालाई मनोरञ्जन, नैतिक शिक्षा, चलाखी, बहुलोकप्रति विश्वास, आत्मशीलता, जादु, टुनामुना, योग, अनुष्ठान आदि विविध पक्ष मध्ये मनोरञ्जनका साथामा कुनै न कुनै एक पक्षको रहस्य उद्घाटन गर्दछ ।

### २.१.५ लोककथाको वर्गीकरण

लोककथा लोकसाहित्यको सर्वप्राचीन विधा हो । श्रुति-स्मृति परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा आएको पाइन्छ । लोककथाले लोकजीवनको भाव प्रवाह गर्दछ । अर्थात् समाजका धार्मिक, सांस्कृतिक आदि विविध पक्षहरूलाई समेटेको हुन्छ । लोककथाको वर्गीकरणका सम्बन्धमा पूर्वीय र पाश्चात्य विद्वाहरूले आ-आफ्ना दृष्टिकोण अघि सारेका छन् ।

नेपाली लोकसाहित्यका अध्येता तुलसी दिवसले नेपाली लोककथालाई दस भागमा वर्गीकरण गरेका छन् भने धर्मराज थापा र हंसपरे सुवेदीले नेपाली लोककथालाई पाँच भागमा वर्गीकरण गरेका छन् । त्यस्तै चुडामणि बन्धुले लोककथालाई दुई भागमा वर्गीकरण गरेका छन् । केही वर्गीकरणलाई निम्नलिखित राखिएको छ ।

तुलसी दिवसले लोककथालाई दस वर्ग र नौ उपवर्गमा वर्गीकरण गरेका छन् । उनका अनुसारः १. सांस्कृति ऐतिहासिक लोककथाहरू, २. अर्ती उपेदेशका लोककथाहरू, ३. पुशुपंक्षीका लोककथाहरू, ४. मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथा (ठगीतथा चलाखीका लोककथाहरू, मुर्ख्याइँका लोककथाहरू, लोभी तथा कञ्जूसका लोककथाहरू, विश्वासघातका लोककथाहरू), ५. अतिमानवीय रूपका लोककथाहरू (भूत तथा राक्षसका लोककथाहरू, बोक्सी तथा जादूका लोककथाहरू, परी तथा अप्सराका लोककथाहरू), ६. दैवी लोककथाहरू, ७. फलफूलका लोककथाहरू, ८. साहस तथा बहादुरीका लोककथाहरू, ९. धार्मिक लोककथाहरू, (व्रतात्मक लोककथा र पौराणिक लोककथा), १०. विविध लोककथाहरू (दिवस, २०३२ः ३०)

धर्मराज थापा र हंसपुरे सवेदीकाअनुसार लोकथाको वर्गीकरण निम्नलिखित देखिन्छः १. धार्मिक तथा सांस्कृतिक ऐतिहासिक कथा, २. मानवी तथा अति मानवीकथा, ३. पशुपंक्षीका लोककथा, ४. दैवी लोककथा, ५. विविध लोककथा ।

चुडामणिले बन्धुले लोककथालाई विषयगत र उद्देश्यगत आधारमा  वर्गीकरण गरेका छन्:

(क) विषयगत वर्गीकरण अन्तर्गतः १. पौराणिक कथा (पुरा कथा, व्रतकथा, तन्त्रकथा), २. अनुश्रुति कथा (स्थान सम्बन्धी कथा, घटनासम्बन्धी कथा, चरित्र सम्बन्धी कथा), ३. समाजिक कथा (प्रेम कथा, वीर कथा, न्याय सम्बन्धी कथा, नीति कथा, ठगीका कथा, चलाखीका कथा, मुर्ख्याइँका कथा, विश्वासका कथा, लोभी तथा कञ्जुसका कथा, घरपरिवार सम्बन्धी कथा, अर्ती उपदेशसम्बन्धी कथा), ४. अलौकिक तथा अतिरञ्जित कथा (पशुपंक्षी तथा सरीसृपका कथा, परी तथा अप्सराका कथा, फलफूल तथा वृक्ष वनस्पतिका कथा, बोक्सी तथा जादूटुनामुनाका कथा, भूत तथा राक्षसका कथा), ५. विविध कथा (हाँस्य कथा, बालकथा, विविध कथा) कथा पर्दछन् ।

(ख) उद्देश्यगत वर्गीकरण अन्तर्गतः १. पौराणिक (धार्मिक) लोककथा, २. मनोरञ्जनमूलक लोककथा, ३. शैक्षिक प्रयोजनका निम्ति लोककथा पर्दछन् । (बन्धु, २०५८: ३००)

मोतीलाल पराजुलीले लोककथालाई २४ भागमा निम्नानुसार वर्गीकरण गरेको पाउन सकिन्छ: १. अनुश्रति कथा, २.अर्ती/उपदेशका कथा, ३. ऐतिहासिक कथा, ४. क्रमसम्बर्द्धनात्मकता कथा, ५. कारण निर्देशक कथा, ६. तन्त्र कथा, ७. नीति कथा, ८. न्याय सम्बन्धी कथा, ९. पराप्राकृतिक लोककथा, १०. परी तथा अप्सराका लोककथा, ११. पशुपंक्षी, सरीसृप तथा कीटपतङ्गका लोककथा, १२. प्रेम कथा, १३. फलफूल/वृक्ष वनस्पतिका लोककथा, १४. बालकथा, १५. बोक्सी तथा जादु-टुनामुनाका कथा, १६. भूत तथा राक्षसका कथा, १७. मिथक (पुराकथा), १८. वीर कथा, १९. व्रत कथा, २०. सामाजिक कथा, २१. सूत्रकथा, २२. स्थानसम्बन्धी कथा, २३. हास्य कथा, २४. विविध लोककथा ।

### २.१.६ मालारानी गाउँपालिकामा प्रचलित लोककथाको वर्गीकरण

लोककथा वर्गीकरणको उपर्युक्त मत सर्वेक्षण गर्दै मालारानी गाउँपालिकामा प्रचलित लोककथालाई उद्देश्य र विषयलाई प्रमुख आधार मान्दै निम्नलिखित वर्गीकरण गर्न सकिन्छ ।

### २.१.६.१ विषयगत वर्गीकरण

लोककथामा वर्णित विषयका आधारमा गरिएको वर्गीकरणलाई विषयगत वर्गीकरण भनिन्छ । लोककथाको विषयवस्तु इतिहास, पुराण, धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन, मुर्ख्याइँ, चतुर्याइँ, कञ्जुस्र्याइँ आदि विषय समेटिएको पाइन्छ । विषयगत आधारमा माललारानी गाउँपालिकामा प्रचलित लोककथालाई यसरी वर्गीकरण गर्न सकिन्छः

१. पौराणिक लोककथाः

धार्मिक आस्था भएका लोककथाहरू पौराणिक लोककथा हुन् । यस्ता कथाहरूमा लोकले धार्मिक आस्था र विश्वास राख्दछ । यहाँ पौराणिक कथा अन्तरर्गत भाग्यको खेल कथा पर्दछ । यस कथाको नायक युवक योगीको विश्वास मानेर भाग्य रेखाको आधारमा घर छाड्नु पर्ने कुरामा विश्वास मानेर परदेश पस्न थालेको छ । घर छाडी परदेश पसेको तीन दिनमा राजा भएको प्रसङ्ग छ ।

२. अनुश्रुतिकथाः

परम्परादेखि लोकसमाजले मौखिक रूपमा भन्दै र सुन्दै आएका कथा नै अनुश्रुति कथा हुन् । यस्ता कथाहरू सत्य पनि हुन सक्दछन् । असत्य र आधारहीन पनि हुन सक्छन् अनुश्रुतिकथाहरू सुन्दा सत्य लाग्ने, कुनै सत्य र कुनै सत्यका रूपमा प्रमाण जुटाउन कठिन हुन्छन् । यस अध्ययन अन्तरर्गत भावीको लेखा, भूत र मानिसको सम्बन्ध र सोझो ज्वाइँको कथा पर्दछन् । भावीको लेखा र भूतको कथा लोकविश्वाससँग सम्बन्धित छन् ।

३. सामाजिक कथाः

समाज र सामजिक क्रियाकलापलाई आधार बनाएर रचना गरिएका कथा सामाजिक कथा हुन् । यस्ता कथामा लोकसमाजका रीतिरिवाज चालचलन, मिलन, विछोड, आँसु, हाँसो पारीवारिकसम्बन्ध आदि कुरालाई समेटिएको हुन्छ । मालारानी गाउँपालिकाका सामाजिक कथाहरूमा लोभी बुढाबुढीको कथा, छद्मभेषी श्रीमान्, पाँच भाइको कथा, अज्ञानका कारण अकालमा मृत्यु, अकबर र वीरबलको कथा, मुर्ख छोरालाई वृद्धको उपदेश, जस्का हेला उसका फेला, बुकी सुन ल्याऊ पाथी भरी रूपैयाँ देऊ आदि कथाहरू पर्दछन् ।

४. अलौकिक तथा अतिरञ्जित कथा:

काल्पनिक तत्त्वको प्रचुरता भएको सामान्य परिस्थितिमा विश्वास गर्न कठिन पर्ने कथा नै औलिक तथा अतिरञ्जित कथा हुन् । यस्ता कथाहरू रहस्य र रोमाञ्चले भरिएका हुन्छन् । यस अध्ययनमा फर्सीको कथा, काली नाग र सेती नागको कथा, दिदीभाइको कथा, भूतको कथा, अर्काको रिस गर्दा आफ्नै खति आदि पर्दछन् ।

५. विविध कथा:

कथाको स्वरुप पात्र तथा उद्देश्य अनुरूप अन्य वर्गमा समावेश हुन नसकेका कथाहरू नै विविध कथा हुन् । यी कथाहरू विभिन्न जाती, धर्म, संस्कृति, चालचलनअनुसारका हुन्छन् । यस्ता कथाहरू कतिपय मनोरञ्जनमात्र गराउने उद्देश्य, कतिपय कौतूहल उत्पन्न गराउने र कतिपय कथाहरू बालबालिकालाई रमाइलो गराउने खालका मात्र हुन्छन् । यस अध्ययनमा विविध कथा अन्तर्गत बेलौती (अम्बा) को कथा र मधुमालतीको कथा हो । यी दुवै कथामा यही नै विषयवस्तु भनेर तोक्न गाह्रो छ तैपनि बेलौतीको कथामा बोक्सीको क्रूरता, केटाको चलाखीपन, बालबालिकालाई लोभ्याउने वस्तु पाकेको अम्बाका माध्यमाबाट पासोमा पारी मारेर खाने प्रसङ्ग छ भने मधुमालतीको कथामा सुरता, वीरता, साहस र पारिवारिक विषयवस्तु समेटिएको छ ।

### २.१.६.२ उद्देश्यका आधारमा लोककथाको वर्गीकरण

लोककथालाई प्रस्तुत गर्ने उद्देश्यका आधारमा गरिएको वर्गीकरण नै उद्देश्यको आधारमा गरिने लोककथाको वर्गीकरण हो । लोककथा प्रस्तुत गर्नुको कुनै न कुनै उद्देश्य त अवश्य हुन्छ । जस्तैः शिक्षा, मनोरञ्जन आदि प्रदान गर्न सकिन्छ ।

मनोरञ्जनमूलक लोककथा:

मनोरञ्जनलाई नै मुख्य विषय बनाइएको लोककथा मनोरञ्जनमूलक लोककथा हो । यस्तो लोककथामा अन्य विषय गौण रहेको हुन्छ भने मनोरञ्जन प्रबल रूपमा आएको हुन्छ । यस अध्ययन पत्रमा सङ्कलित मनोरञ्जनमूलक लोककथामा वीरको कथा र कप्टेरेको कथा पर्दछन् । वीरको कथा र कप्टेरेको कथा मनोरञ्जनमूलक लोककथा हुन् । वीरको कथामा लोकसमाजले दु-साध्य र कठिन ठानेका कार्य गर्न सक्ने तीनवटा वीर पुरुषका कार्यको वर्णन गरिएको छ । यी वीरहरूले पूरै राजदरबार नै उठाएको प्रसङ्गबाट मनोरञ्जन

प्राप्त भएको पाउन सकिन्छ । त्यस्तै कप्टेरेको कथामा पनि कप्टेरेले जुक्ति बुद्धिको प्रयोग गरी आफूलाई दुःख दिने आफ्ना ६ जना सबलाङ्ग दाजुहरूलाई मारी लोकसमाजलाई चकित् पारेको छ । उसको विजयमा लोकसमाज रोमाञ्चित भएको छ ।

### २.१.७ निष्कर्ष

लोककथा लोकसाहित्यको विविध विधाहरू मध्येको एक आख्यानयुक्त श्रव्य-पाठ्य विधा हो । यो परम्परादेखि पुरानो पुस्ताले नयाँ पुस्तालाई सुनाउने र सुन्ने मौखिक परम्परामा हुर्किंदै हस्तान्तरित हुँदै आएको श्रुतिमधुर आख्यान हो । यसलाई मनोरञ्ज, नैतिक सन्देश, व्यावहारिक ज्ञान, फूर्सदको समयको सदुपयोग आदि विभिन्न सन्दर्भमा प्रयोग गरिएको पाइन्छ । हुन त लोककथा यो नै भनेर भन्न गाह्रो छ तै पनि यसलाई लोकविद्वानहरूले आ-आफ्नो ढंगले परिभाषित गरेको पाउन सकिन्छ । यहाँ लोककथाका तत्त्वहरूको सन्दर्भमा पनि एकरूपता भेटिदैन । विद्वानहरूका मतमा आधारित लोककथाका तत्त्वहरूलाई केलाएर हेर्दा कथानक, पात्र, परिवेश, संवाद, द्वन्द्व, उद्देश्य, भाषा र शैलीलाई नै मुख्य तत्त्वका रूपमा लिन सकिन्छ । यसैगरी लोककथाको वर्गीकरणमा पनि विद्वानहरूको मतमतान्तर रहेको पाइन्छ । यिनीहरूको वर्गीकरणलाई अध्ययन गरेर यहाँ विषय र उद्देश्यको आधारमा वर्गीकरण गर्न सकिन्छ ।

# तेस्रो परिच्छेद

# मालारानी गापामा प्रचलित लोककथाको विधातात्त्विक विश्लेषण

## ३.१ अर्घाखाँची जिल्ला र मालारानी गाउँपलिकाको संक्षिप्त परिचय

अर्घाखाँची जिल्ला लुम्बिनी अञ्चलको छओटा जिल्लामध्येको एक हो । यो जिल्ला २७ डिग्री ४५ मिनेटदेखि २८ डिग्री ६ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४५ मिनेटदेखि ८३ डिग्री २३ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको कूल क्षेत्रफल ११९३ वर्ग कि.मी. रहेको छ । यसको दक्षिणमा कपिलवस्तु र रूपन्देही, पूर्वमा पाल्पा, उत्तरमा गुल्मी र पश्चिममा दाङ र प्युठान जिल्लाहरू पर्दछन् । राजनैतिक तथा प्रसासनिक दृष्टिकोणले अर्घाखाँची जिल्लालाई ६ वटा स्थानीय तहमा बाँडिएको छ । सन्धिखर्क नगरपालिका, शीतगङ्गा नगरपालिका, भूमिका स्थान नगरपालिका, छत्रदेव नगरपालिका, मालारानी गाउँपालिका र पाणिनी गाउँपालिका आदि रहेका छन् । यस जिल्लाको सदरमुकाम सन्धिखर्कमा रहेको छ । (स्रोतः जिविस पार्श्वचित्रः २०७३)

अर्घाखाँची जिल्लाको उत्तर पश्चिममा अवस्थित मालारानी गाउँपालीका १०१.६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यहाँ समशीतोष्ण किसिमको हावापानी पाइन्छ । यहाँ कूल जनसङ्ख्या २८०४४ रहेको छ । जसमा महिला १६१५५ र पुरुष ११८६९ रहेका छन् । यस गाउँपालिकाको केन्द्र साविकको खनदह गा.वि.स. हालको मालारानी गाउँपालिका वडा नं तीनमा रहेको छ । मालारानी गाउँपालिकाको निर्माण साविकको गोखुङ्गा, हंसपुर, बागी, खनदह, मरेङ् र अर्घातोषलाई मिलाएर मालारानी गाउँपालिकाको स्थापना स्थानीय तहको निर्वाचन २०७४ बाट भएको हो । यहाँका मुख्य जातिहरूमा बाह्मण, क्षत्री, मगर, कामी, दमाई, सुनार, सार्की आदि रहेका छन् । यहाँका मानिसहरूले हिन्दू, बौद्ध, इस्लाम, क्रिस्यिन धर्म आदि मान्दछन् । प्राकृतिक रूपमा हेर्दा यस गाउँपालिकाको लाहोरी र सिमेदेउराली लेकबाट प्रशस्त हिम श्रृङ्खलाहरू देख्न सकिन्छ । यस गाउँपालिकाका धार्मिक तथा सांस्कृतिक स्थलहरूमा मालारानी मन्दिर, देउराली तथा महादेव मन्दिर, घेराको लेक, दारे ढुङ्गा, काम्लेचौर, मनचित्ते पानी, नृसिंह स्थान, हंसपुरकोट, रागामारे भगवती मन्दिर, सिमेदेउराली लेक आदि रहेका छन् । (**बार्षिक गाउँपालिका विकास योजना** आ.व. २०७४/७५ बजेट नीति तथा कार्यक्रम मालारानी गाउँपालिका खनदह अर्घाखाँची)

## ३.२ 'भूतको कथा' को विश्लेषण

भूतको कथा अलौकिक तथा अतिरञ्जित कथा हो । यो कथा अर्घाखाँची जिल्ला मालारानी गाउँपालिका वडा. नं ७ कोइरालबोट निवासी ८० वर्षीय डिलाराम भुसालबाट वि.सं. २०७५ साल असार २६ गते प्राप्त भएको हो । यो कथा छोटो आयामको (४ मिनेट १० सेकेण्ड) कथा हो । यस कथामा नरभक्षी भूतको क्रूरताको वर्णन गरिएको छ । भूतले मानिसलाई सिङ्गै निल्नु, मानिस भूतको पेटबाट बोल्नु, भूतलाई हानेर मार्दा मानिस पनि मर्नु आदि घटनासँगै यस कथाको अन्त्य भएको छ ।

### ३.२.१ कथानक

भूतको कथामा सातभाइ दाजुहरूकी एउटी बहिनी हुन्छिन् । दाजुहरू बहिनीलाई घरमा एक्लै छाडी आगो ननिभाउन आग्रह गर्दै उनीहरू सातदिनपछि बटौली गएर घर फर्कने कुरा बहिनीलाई सुनाउँछन् । तर दुर्भाग्यवस दाजुहरू घरमा आउने दिनमै आगो निभ्छ । आगो पार्ने साधन केही नहुँदा बहिनी आगोको खोजीमा टाढासम्म पुग्छिन् । टाढा जङ्गलमा भूतले आगो बालेको हुन्छ, उनले भूतसँग आगो माग्छिन् । भूतले आगो लान त लैजाउ म पनि पछि पछि आउँछु भन्छ, पछि पछि आउँछ पनि । यता बहिनीले घरमा आगो बालेर भूतको डरले ढोका बन्द गरेर बसेकी थिइन् । भूतले 'ढोका खोल्छेस् कि तँलाई खाउँ' भन्छ । अनि ढोका खोलिन् भूत भित्र पसेर 'तँलाई खुट्टाबाट खाऊँ कि मुन्टाबाट खाउँ' भन्दै पैतालाबाट सिङ्गै निल्न सुरु गर्छ । बहिनीले 'सातै र भाइकी गुरु बैनी खाइस नि जगल्टे बोक्सा' भन्छे । भूतले नकरा नकरा भन्दै उसलाई निली ढोका बन्द गरी बस्छ । त्यसै समयमा दाजुहरू आइ बहिनीको खोज तलास गर्छन् । बहिनीलाई कतै देख्दैनन्, बहिनी भूतको पेटबाट रूँदै जगल्टे बोक्साले खायो भन्छिन् । त्यसपछि दाजुहरू ढोका फोरेर भित्र पसी भूतलाई हानेर मार्छन् । त्यति नै बेला बहिनी पनि मर्छिन् । यसरी कथाको अन्त्य हुन्छ । यस कथानकको आदि भागमा दाजुहरू बहिनीलाई घरमा एक्लै छाडेर नुन लिन बटौली गएको प्रसङ्ग छ भने मध्य भागमा बहिनी आगो खोज्दै जङ्गलमा भूतसँग भेट भएको र आगो लिएर घरमा आएको र अन्त्य भागमा भूतले बहिनीलाई सिङ्गै निलेको र दाजुहरू आएर भूतलाई पनि मारेको घटना छ । यो वियोगान्त कथा हो ।

### ३.२.२ पात्र

पात्र लोककथाको महत्त्वपूर्ण तत्त्व हो । यस भूतको लोककथाको पात्रहरूलाई विभन्नि ढंगले हेर्न सकिन्छ ।

#### ३.२.२.१ कार्यक्षमता वा शक्तिका आधारमा कथाका पात्र

(अ) सामान्य शक्तियुक्त पात्रः

यस कथामा गुरु बहिनी र उनका सातभाइ दाजुहरू सामान्य शक्तियुक्त पात्र हुन् । उनीहरू गुरु बहिनीलाई भूतले सिङ्गै निलेको थाहा पाएपछि भूतलाई हानेर मार्छन् । तर बहिनीलाई बचाउन सक्दैनन् । यस कथामा कथाको सुरु र अन्त्यमा सहायक पात्र देखिन्छन् । यिनीहरूले नरभक्षी भूतलाई मारे तापनि आफ्नी बहिनीलाई बचाउन सक्दैनन् । रिसको आवेशमा बलको मात्र प्रयोग गरी भूतलाई हानेर मारेका छन् । कथक्कडले यदि भूतलाई चिरेका भए बहिनी जिउँदै निक्लने थिई भनी टिप्पणी गरेका छन् । बलले मात्र काम सफल हुँदैन भन्नेकुरा यस कथाका सहायक पात्रको कार्यबाट पुष्टि हुन पुगेको छ ।

(आ) अर्द्धदैविक शक्तियुक्त पात्रः

भूत यस कथाको अर्द्धदैविक शक्तियुक्त पात्र हो । उसले गुरु बहिनीलाई सिङ्ग निलेको छ र अन्त्यमा मानिसद्वारा मारिएको छ । यस कथाको सहायक पात्र भूतले यस कथाकी मुख्य पात्र गुरुबहिनीलाई आगो दिएर सहयोग गरेको छ भने अन्त्यमा आफ्नो शक्तिको प्रयोग गरी आहार बनाएको छ । नरभक्षी भूत मानिसद्वारा बदलाको भावले मारिएको छ । भूत देख्दा ठुलो र नरभक्षी भए तापनि मानिसद्वारा नै मारिएको छ । यसरी सामान्य शक्तियुक्त मानिसले अर्द्धदैविक शक्तियुक्त पात्रलाई परास्त गरेका छन् । मानिस र भूतका बीच प्रतिशोधको भावना यस कथामा देखिन्छ । मानिसद्वारा भूत पनि असुरक्षित छ र भूतद्वारा मानिस पनि असुरक्षित छ भन्ने कुरा भूत र मानिसका क्रियाकलापबाट थाहा हुन्छ ।

#### ३.२.२.२ वर्गका आधारमा कथाका पात्र

मानव पात्रः

गुरु बहिनी यस कथाकी मुख्य स्त्री पात्र हुन् भने सहायक पात्र उनका दाजुहरू छन् । आगो निभेर आगोको खोजीमा वनमा गई आगो लिएर घरमा बालेपछि उनलाई भूतले निलेको छ । यस कथाकी मुख्य पात्र गुरु बहिनीलाई भूतले मार्न सफल भएको छ । आगो त

लैजाऊ तर म पछि पछि आउँछु भनेर पहिले नै भनेको छ तर गुरु बहिनीले उसको कुरा बेवास्ता गर्दा अर्थात् आगोको अभाव पूर्तिसँगै मर्नु परेको छ । यस कथाका सहायक मानव पात्र अर्थात् दाजुहरूले बुद्धि बिनाको बल प्रयोग गरी भूतलाई त मारे तर बहिनीलाई बचा( उँन सकेनन् । कथाकी मुख्य पात्रले आफ्नो सुरक्षा आफै गर्न नसकेका कारण मृत्यु वरण गर्न पुगेकी छिन् र कथा दुखान्तक बनेको छ ।

### ३.२.३ परिवेश

यस कथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशमा बटौली, वन आदि स्थान आएका छन् । पैदल हिँडेर सातदिनमा आवतजावत गर्न सक्ने स्थान भएको हुँदा यो पश्चिम नेपालको कुनै पहाडी इलाका हुनु पर्छ । बाह्य परिवेशका रूपमा घर, जङ्गल, बटौली आदि स्थानिक परिवेशको उल्लेख छ । त्यसैगरी आगो ननिभाउने निर्देशन हुँदाहुँदै आगो निभ्नु एउटा समस्याका रूपमा देखिन्छ । अन्ततः आगोको खोजीमा आगोको प्राप्तिपछि मान्छेको जीवन अन्त्य भएको छ । आगो निभ्नुले कथामा समस्या आइपर्छ, आगो र मानिसको सम्बन्ध अत्यन्त निकट छ, आगो नहुँदा पनि मानिस बाँच्न सक्दैन र आगो हुँदा पनि समस्या आइपर्छ । यसले गर्दा आगोको सही सदुपयोग गर्नुपर्छ भन्नेकुरा यसको परिवेशले जनाउँछ । अर्कातिर कालिक दृष्टिले हेर्दा यस कथामा आगो सहजै नपाइने, एउटा परिवारका टुहुरा दाजुहरू र बहिनीको उपस्थितिले गर्दा मानव बस्ती नै नभएको आगोको लागि दर्शन ढुङ्गा, जङ्गल आदिको खोजीले मानव समुदायमा बस्नु पूर्वको समयलाई आकलन गर्न सकिन्छ भने अर्कातर्फ बटौली नुन लिन जाने, सातदिनमा गएर फर्कन सकिने, मानिसले खानेकुरा आगोमा पकाएर नुन राखेर खान लागेको र आश्रयको रूपमा घरमा ढोका बन्द गरेपछि सुरक्षित महसुस गरिने हिसाबले मानिस आफ्नो सुरक्षाका लागि घरमा बस्न लागेको समयकलाई कालिक परिवेश आकलन गर्न सकिन्छ ।

मानिसलाई मानिसभन्दा भूतप्रेत आदिले दुःख दिने र ती तत्त्वलाई मानिसले आफ्नो बल बुद्धिको सही परिचालन गरेमा मात्र निस्तेज पार्न सक्ने नभए यी शक्तिले महिला तथा बालबालिकालाई बढी सताउने अन्ध परम्परागत परिवेश पनि यस कथामा पाइन्छ । जस्तैः यस कथाकी मुख्य पात्र बहिनीलाई भूतले निल्यो । दाजुहरूद्वारा मारियो । त्यतिबेला बाटोघाटोको सुविधा नभएको, कठिन काम पुरूषहरूले गर्ने प्रचलन देखिन्छ । यस कथाको बाह्य परिवेशका रूपमा गुरु बहिनी आगोको खोजीमा जङ्गलमा पुग्नु, भूतसँग आगो माग्नु,

भूतले पछिपछि आउने कुरा गर्नु, बहिनीले आगो लिएर घरमा पुगेपछि ढोका बन्द गर्नु, भूतले ढोका खोल्छेस् कि खाम् भन्नु, भूतले बहिनीलाई निलेर ढोका बन्द गरेर बस्नु आदि रहेका छन् भने आन्तरिक परिवेशका रूपमा भूतले खान्छ कि भनेर बहिनीले डराएर ढोका बन्द गर्नु, भूतले पनि मानिसदेख डराएर ढोका बन्द गर्नु आदि रहेका छन् ।

यस कथाको परिवेश हेर्दा मानिसलाई मानिसबाहेक अतिरिक्त शक्ति भूत, प्रेत आदिको डर हुनु, ठुला मानिसलाईभन्दा महिला, बालबालिकालाई दुःख दिने कुराको उल्लेखले महिला, बालबालिकालाई घरदेखि बाहिर टाढा जान बन्देज लगाएको अवस्थाको आकलन गर्न सकिन्छ । जस्तैः सातवटै दाजुहरू बटौली जाँदा एक्ली बहिनी घरमा बस्नु, घर बाहिर आगो लिन जाँदा भूतले तर्साउनु, घरभित्र पस्नु, सिङ्गै निल्नु एउटा मानसिक धारणा हो, अन्ध परम्परा हो । त्यसैगरी मानिस बाहेक अतिरिक्त शक्ति भूतप्रेत आदिले मानिसलाई दुःख दिनु तर मानवीय अस्तित्व र शक्तिका सामु उसको हार हुनु, यदि मानिसले बल र बुद्धिको सही परिचालन गर्न सकेमा मात्र मानिसको हित हुने कुरा यस कथाको परिवेशले देखाएको छ । यस कथाको आन्तरिक परिवेशले बाह्य परिवेशको पुष्टि गरेको छ जस्तो गुरु बहिनीको भूतले खान्छ कि भन्ने शङ्का डरको मानसिक अवस्थाको परिणाम हो । साँच्चै नै भूतको शङ्का त्रासले बहिनीलाई निलेको छ तर त्यही भूत दाजुहरू सामु परास्त भएको छ । अर्थात् दाजुहरूद्वरा मारिएको छ । यसलाई पुरुषप्रधान सामाजिक परिवेशका रूपमा पनि लिन सकिन्छ ।

### ३.२.४ द्वन्द्व

यस कथामा आन्तरिक र बाह्य दुवै द्वन्द्वको प्रयोग देखिन्छ । बहिनी र भूत बीच सुरुमा आन्तरिक द्वन्द्व हुन्छ । (भूतका डरले ढोका बन्द गरेर बस्दा) त्यसैगरि बाह्य द्वन्द्वका रूपमा भूतले ढोका खोल्छेस कि खाम भन्दा, रुँदा, दाजुहरूले भूतलाई मार्दा बाह्य द्वन्द्व हुन्छ । मानिसलाई सिङ्गै निल्न सक्ने सामर्थ्य भएको भूत र मानिसबीच द्वन्द्व हुँदा भूत र मानिस दुवैको क्षति भएको छ । यस कथामा आन्तरिक भन्दा बाह्य द्वन्द्व नै सबल देखिन्छ ।

### ३.२.५ उद्देश्य

यस कथाको उद्देश्य सोँचविचार नगरी काम गर्दा त्यसबाट कुनै लाभ हुँदैन भन्नेकुरा देखाउनु हो । त्यस्तै बालबालिकालाई अपरिचित ठाउँ, जङ्गल आदि स्थानमा एक्लै जानु हुँदैन, जानु घातक हुन्छ भन्ने शिक्षा प्रदान गर्नु हो । आगो भूत अपरिचत स्थान, वस्तु

आदिमा डर त्रास देखाएर बालबालिकालाई त्यसबाट होसियार राख्नुका साथै मानिसको अहित गर्ने बालबालिकालाई तर्साउने, सिङ्गै निल्ने सामर्थ्य भएको भूतलाई ठूलामानसिले मार्न सफल भएको घटनाले मनोरञ्जन प्रदान गर्नु पनि यस कथाको उद्देश्य हो । त्यस्तै बालबालिकालाई दुःख दिने आक्रमण गर्ने शत्रुलाई ठूला मानिसले मारेको घटनाको साथै भूतको पेटबाट मानिस रोएका, ओक्ल्याएको र कुरा गरेको सुन्दा यस कथामा मनोरञ्जनको साथै बालबालिकाहरूलाई व्यवहारिका शिक्षा प्रदान गर्ने उद्देश्य रहेको देखिन्छ ।

### ३.२.६ भाषाशैली

यस कथाको भाषा स्थानीय बोलीचालीको कथ्य र पात्र अनुसारको भाषा रहेको छ । दाजुहरूले प्रयोग गरेको भाषा निर्देशनात्मक किसीमको रहेको छ । (आगो न निभाए है गुरुबहिनी) यस कथाकी मुख्य पात्र गुरुबहिनीले प्रयोग गरेको भाषा अहो ! आज दाइहरू आउने भोकै प्यासै आउलान भूतः आगो लान न लैजाऊ म पनि पछिपछि हाउँछु । यस कथाको भाषा कथाको विषयवस्तुलाई गति प्रदान गर्ने खालको छ । अनावश्यक रूपमा लामो नभई कार्यकारण शृङ्खला मिलेको भाषा प्रयोग भएको  छ भने यसको शैली वर्णनात्मक एवम् लयात्मक किसिमको पनि रहेको छ । जस्तैः सातै र भाइकी गुरुबहिनी खाइस् नि जगल्टे बोक्सा (गुरुबहिनी) नकरा नकरा, घुँडा सम्म त ल्याएँ  (भूत)

माथिको कथनमा लयात्मक शैलीको प्रयोग भएको छ । यो कथा लोक शैलीमा प्रारम्भ र अन्त्य भएको छ ।

### ३.२.७ संवाद

यस कथामा भूत र गुरु बहिनीबीच भएको संवाद उल्लेख्य रहेको छः जस्तैः मन्टाबाट खाम् कि खुट्टाबाट (भूत) नखाऊ मेरा दाजुहरू आउँछन् र खाउला (गुरु बहिनी) त्यस्तै बहिनी र दाजुहरूबीच पनि संवाद भएको छ; जस्तैः 'ए......गुरुबैनी कहाँ छौ ? के गरी छौ ? (दाजु) हँ....... मेरा दाइ हो जगल्टे बोक्साले खाइहाल्यो' । के–के गरुला भनेकी थिएँ । के-के ल्याइदिनु भएको थियो जगल्टे बोक्साले खाइहाल्यो । (गुरु बहिनी)

### ३.२.८ भूतको कथामा सामाजिक चेतना

यस कथामा बटौली नुन लिन जाने, भूतप्रेतको डर र आगो पार्ने दर्शन ढुङ्गा, सलाई आदिको अभावमा आगो ननिभाई राख्नुपर्ने, आगो निभ्यो भने खोज्न टाढा टाढासम्म वनमा

जानुपर्ने आदि प्रसङ्गबाट त्यतिबेलाको सामाजिक संस्कार, भोगाइ आदि वास्तविक कुरालाई थाहा पाउन सकिन्छ । त्यसैगरी भूतप्रेत आदि अमानवीय पात्रले मानिसलाई दुःख दिने, सिङ्गै निल्ने, भूतको पेटबाट मानिस बोल्ने, ओकल्याउने, रूने आदि घटना कथामा घटेका कारण यसलाई लोकविश्वास अन्तर्गतको अन्धविश्वासका रूपमा लिन सकिन्छ ।

### ३.२.९ निष्कर्ष

यस कथामा पारिवारिक भेटको चित्रण गरिएको छ । बालबालिकालाई भूतप्रेत, आगो आदि वस्तुदेखि डर देखाएर त्यसबाट टाढा राख्नु, भूत प्रेतमाथि विश्वास गर्नु र तिनबाट बालबालिकालाई बचाउने उपाय प्रस्तुत गर्न अपरिचित ठाउँमा नजानु, भूतप्रेतले बा(लबालिकालाई दुःख दिएमा त्यसलाई मार्नु र बालबालिकालाई बचाउने उपाय प्रस्तुत गर्नुका साथै लोककाथका तत्त्वलाई सही ढङ्गले प्रयोग गरी बालबालललिकालाई मनोरञ्जन एवम् शिक्षा प्रदान गर्नु नै यस लोककथाको निष्कर्ष हो ।

## ३.३ 'बेलौती (अम्बा) को कथा' को विश्लेषण

बेलौतीको कथा मालारानी गाउँपालिका वडा नं ६ मेहेलपानी निवासी ३७ वर्षीया कल्पना थापाबाट २०७५ साल ३ महिना २६ गते प्राप्त भएको हो । यो कथा विविध कथा अन्तर्गत पर्ने (बालकथा) हो । यस कथामा बालबालिकाको बुद्धि र चातुर्यलाई राम्रोसँग चित्रण गरिएको पाइन्छ । त्यस्तै यस कथामा अन्धविश्वासको प्रभाव पाइन्छ । बोक्सीले बा(लबालिकालाई खाने कुराको वर्णन् गरिएको छ । चलाख केटो(बालक)ले आफूलाई पकाएर खाने चेतावनी दिएपछि बोक्सी बुढीकी छोरीलाई नै ढिकीमा कुटेर पकाएर खुवाएर आफू बाँच्न सफल भएको घटना छ । यो कथा छोटो आयामको कथा हो ।

### ३.३.१ कथानक

बेलौतीको लोककथामा एउटा बालकले बेलौतीको पाकेको बोटमा चढेर बेलौती खाँदै गर्दा एउटी बोक्सी बुढी आएर त्यसलाई रूखबाट लडाएर आङ्नो आहार बनाउने विचारले 'बेलौती झारीदेऊ, काँचा काँचा हाँगामा छोप, सुकेका हाँगामा टेक' भन्दै रूखको फेदमा बोरा थापेर बसेकी हुन्छे । जब बालक रूखबाट लड्छ उसलाई बोरामा राखेर घरमा लैजाने क्रममा बाटोमा बिसाउँछे । त्यो केटो आफू बोराबाट निस्केर बोरामा ढुङ्गा राखिदिएर भाग्न सफल हुन्छ । अर्को दिन पनि बुढीले केटोलाई त्यसैक्रमले बोरामा राखी घर लाने क्रममा

बाटोमा बिसाउँछे । केटोले बोरामा काँडा राखीदिएर भाग्छ । बुढीले घरमा लगेर छोरीलाीई पकाउन भनेर आफू गाउँतिर लाग्छे । फर्केर घरमा आउँदा छोरीले बुढीलाई बोरामा काँडा भएको कुरा सुनाउँछे । अनि बुढी तेस्रो पटक केटोलाई नबिसाई घरमा ल्याउँछे । छोरीलाई पकाउन भनेर गाउँतिर निस्कन्छे । त्यसै मौकामा चलाख केटाले छोरीका कपडा मागेर लगाउँछ र उसलाई ढिकीमा तेर्सो पर त कस्तो हून्छ भन्छ । केटी तेस्रो पर्छे अनि त्यसलाई कुटेर पकाएर ठिक्क पार्छ । बुढी आउँदा केटीको जस्तै मसिनो स्वर निकाली पकाएँ आमा हजुरले खानुस  भन्छ । बुढीले खाएर सक्छे । त्यसपछि त्यो केटा 'हाई हाई कुटुनी बुढीले आफ्नै छोरीको मासु आफैँ खाई' भन्दै त्यहाँबाट फुत्त निस्केर भाग्छ । अनि त्यो बुढी आफ्नी छोरीलाई यताउता खोज्न थाल्छे कतै नभेट्टाए पछि पछुताउँछे । यसको कथानक आदि, मध्य र अन्त्यको क्रमिक संरचना मिलेको देखिन्छ । आदि भागमा बेलौतीको बोटमा बुढीले केटालाई देखेर पटकपटक खाने प्रयास गरी  घरमा लिएर जाने प्रयास गर्नु, केटो भाग्न सफल हुनु आदि । मध्य भागमा केटो बुढीको घरमा पुग्नु र अन्त्य भागमा बुढीलाई छक्याएर बुढीकी छोरीलाई नै मारी आफू बँच्न सफल हुनु रहेको छ ।

### ३.३.२ पात्र

पात्र लोककथाको महत्त्वपूर्ण तत्त्व हो । यस बेलौती लोककथाको पात्रहरूलाई विभन्नि ढंगले हेर्न सकिन्छ ।

#### ३.३.२.१ कार्यक्षमता वा शक्तिका आधारमा कथाका पात्र

बेलौतीको कथामा मानवीय पात्रको प्रयोग गरिएको छ । यस कथामा बुढी, बुढीकी छोरी र केटो गरी तीनजना मानवीय पात्रको उपस्थिति देखिन्छ । कार्यक्षमताका आधारमा यी तीनैजना सामान्य शक्तियुक्त पात्र हुन् । यस कथाकी सहायक पात्र बालिका लोककी दयाकी पात्रका रूपमा कथामा देखिन्छे । त्यसैगरी बुढी दुष्ट स्वभावकी पात्रका रूपमा देखिन्छे भने केटो बुढीको पञ्जाबाट पटकपटक उम्केर बाँच्न सफल चलाख पात्रका रूपमा देखिन्छ ।

### ३.३.२.२ वर्गका आधारमा कथाका पात्र

(अ) मानवीय पात्रः

यस कथामा मुख्य र सहायक पात्रका रूपमा मानवीय पात्रको प्रयोग भएको छ । सामान्य शक्तियुक्त पात्रका रूपमा यस कथाको मुख्य पात्र केटो र सहायक पात्र केटी हुन् भने प्रतिकूल पात्र बुढी हो । केटो प्रतिकूल समयमा पनि अनुकूल निर्णय लिन सक्ने पात्र हो । आफूलाई मार्न खोज्ने शत्रुसँग प्रतिवाद गरी ज्यान बचाउन सफल भएको छ भने यस कथाकी सहायक पात्र केटी लोक समाजकी दयाकी पात्र हो । ऊ आमाको आदेशअनुसार केटोलाई कुटेर पकाउन तयार हुन्छे तर केटोले जे गर्न भन्यो त्यही गर्छे त्यसबाट आफूलाई आइलाग्ने खतरा बोधको ज्ञान उसलाई हुँदैन । अन्जानमै निर्दोष हुँदाहुदै पनि आफ्नै आमाको सिकार हुन पुगेकी छ । यसप्रति लोकसमाजको सहानुभूति र करूणा जागरूक हुन्छ ।

(आ) दैवी पात्रः

यस कथामा प्रयोग  भएकी बोक्सी दैवी पात्र हो । ऊ नरभक्षी हो,अरूको बच्चालाई खाए भन्दा आङ्बनै छोरीलाई  खाँदा समेत थाहा नपाउने, पछि मात्र थाहा पाएर पछुताएकी छ यस पात्रमा क्रूरताको भाव देखिन्छ । बालबालिकालाई राम्रो वस्तु देखाएर लोभ्याएर आफ्नो फन्दामा पारी खानेसम्मका निन्दनीय व्यवहार बुढीको देखिन्छ । अम्बालाई माध्म बनाएर बालकलाई पासोमा पारी मारेर खानेसम्मको निन्दनीय व्यवहार बुढीले गरेकी छ । अन्ततःअरूको बच्चा छोरा खाएँ भन्दा आफ्नै छोरीलाई खाएको वास्तविक रहस्य थाहा पाएपछि  मात्र पछुताएकी छे ।

### ३.३.३ परिवेश

बेलौतीको कथा लौकिक ग्रामीण सामाजिक परिवेशको अन्धपरम्परामा उनिएको छ । बोक्सी, डाईना आदिले राम्रो वस्तु देखाएर बालबालिकालाई आफ्नो पासोमा पारी दुख दिने र मार्नेसम्मका घटनाले कथामा कारुणिक परिवेश सिर्जना गरेको छ । बेलौतीलाई केटोलाई मार्ने षड्यन्त्रको पासोको रूपमा प्रयोग गरिएको छ । आमाहरू गाउँ छिमेकमा डुल्ने, छोरी मान्छेलाई घरको काम धन्दा गर्न लगाउने, केटा मान्छेलाई सानै भए पनि आफ्नो खुसीले घुमफिर गर्ने स्वतन्त्रता देखिन्छ । यस कथाको नायक पात्र केटो आफ्नो खुसीले बेलौती खान जाँदा बुढीको पासोमा परेको र चलाखीका कारण पटक पटक उम्कन

र बाँच्न सफल भएको छ भने केटी घरधन्दामै सीमीत रहने बाहिर घुमफिर गर्न नपाउने हुँदा बाहिरी कुरा थाहा नभएर समस्यासँग जुध्न नसकी आफ्नो ज्यान समेत बचाउन असमर्थ अर्थात् आफ्नै आमाको सिकार हुनुपरेको घटना बाह्य रूपमा आएको छ । पुरुष प्रधान नेपाली समाजमा बच्चा देखि नै पुरुषलाई बलवान् सावित गरिएको र महिलालाई कमजोर साबित गरिएको परिवेशको चित्रण छ । जब कि यस कथाको नायक केटो अर्काको पञ्जामा फसेर अर्काकै घरमा आएर पनि बाँच्न सफल भएको छ भने एउटी केटी आफ्नै घरभित्र पनि पुरुषद्वारा मारिएको र आफ्नै आमाद्वारा खाइएको कारुणिक परिवेश देखाइएको छ । डाइना वा बोक्सीले बालबालिकालाई दुःख दिने र खानेसम्मका घटनाले एकातिर यो अन्ध परम्पराको उपज हो भने अर्कातर्फ बालबालिकामा डरको वातावरण सिर्जना गरी अपरिचित स्थान, व्यक्ति, वस्तु वा खानेकुराप्रति डरको भाव सिर्जना गरी उनीहरूलाई त्यसबाट सर्तक गराउनु यस कथाको आन्तरिक परिवेशका रूपमा आएको छ । बाह्य परिवेशका रूपमा केटो बुढीका पञ्जाबाट पटक-पटक भाग्न सफल हुनु र केटी मर्नु रहेको छ ।

बुढी पछुताउनुले छोरीलाई उचित शिक्षा दिन नसकेको नारी पुरुषमा समानता नभएको अर्थात् पुरूष र नारी एक अर्कामा प्रतिशोधको भावना भएको र त्यसको सिकार निर्दोष महिला हुनुपरेको अवस्था रहेको छ । यसको पुष्टिको लागि लोकविश्वासका रूपमा बालबालिकालाई खाने बोक्सी डाइनाको सिर्जना गरिएको छ । लटरम्म फलेर पाकेको अम्बा र ती अम्बा खाँदै गरेको केटाकी कलंक बनेर दुष्ट चरित्र भएकी बोक्सी त्यहाँनेर आइपुगेको देखिन्छ । त्यो केटो बुढीलाई पटक पटक छक्याएर भागी अन्त्यमा बुढीकी आङ्नै छोरीलाई पकाएर खुवाउँछ । त्यसपछि हाई हाई कुटुनी बुढीले आङ्नै छोरीको मासु आफै खाई भन्दै चिच्याउँदै भाग्नु, त्यसपछि मात्र बुढी होसमा आएर छोरीलाई खोज्नु जस्ता कुराले यस कथाको परिवेश निर्माणमा सहयोग पुऱ्याएको छ । बोक्सी अथवा दुष्ट चरित्रले अरूका बा( लबालिकालाई दुःख दिन खोज्दा आङ्ना बालबालिकालाई पनि अरूले दुःख दिनु स्वभाविक देखिन्छ । परिवारबाट उचित संरक्षण र शिक्षादीक्षा नपाएका बालबालिका समस्या परिआउँदा त्यससँग जुध्न सक्दैनन् भन्ने कुरा पनि यसको परिवेशले देखाएको छ । बाह्य परिवेशका रूपमा आएको अम्बा र त्यसको प्राप्तिमा समस्या निम्त्याउने बोक्सी र उसको पन्जाबाट भाग्न सफल केटो रहेका छन् भने आन्तरिक परिवेशका रूपमा बुढीको केटोलाई मार्ने जाल र केटाको चलाखी आदि रहेका छन् ।

### ३.३.४ द्वन्द्व

यस कथामा आन्तरिक र बाह्य दुबै किसिमको द्वन्द्व देखिन्छ । कथाको सुरुमा बुढीले बेलौती मागेर केटालाई कसरी पासोमा पार्न सकिन्छ भनेर जाल रच्नु, केटो पटक पटक बुढीको पञ्जाबाट उम्कन सफल हुनु आन्तरिक द्वन्द्वका रूपमा आएको छ भने अन्त्यमा बुढीकी छोरीलाई मारी बुढीलाई नै खुवाएर त्यहाँबाट भाग्नु बाह्य द्वन्द्वका रूपमा आएको छ ।

### ३.३.५ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नुका साथै बालबालिकाहरूलाई राम्रो वस्तु देखाएर लोभ्याएर आफ्नो फन्दामा पार्ने दुष्ट व्यक्तिप्रति सचेत रहन र फन्दामा परिहाले पनि उम्कने जुक्ति निकाल्ने शिक्षा प्रदान गर्नु रहेको छ । अरूलाई दुःख दिन खोज्दा आफैँलाई नराम्रो हुन जाने हुँदा अरूलाई दुःख दिन नहुने सन्देश दिनु पनि यस कथाको उद्देश्य रहेको छ ।

### ३.३.६ भाषाशैली

यस कथाको भाषा सामान्य बोलीचालीको कथ्य भाषा रहेको छ भने यसको शैली वर्णनात्मक रहेको छ । बुढीले केटोलाई पासोमा पारेर घरमा ल्याउन खोज्दा दुई पटकसम्म बाटोबाट नै उम्केको छ । तेस्रो पटकमा चलाखीका कारण घरबाट उम्कन सफल भएको छ । बुढीले केटोसँग प्रयोग गर्ने भाषा पटकपटक दोहोरिएको पाइन्छ । जस्तैः 'ए कान्छा मलाई पनि बेलौती झारी दिऊ तो काँचा काँचा हाँगामा छोप, सुकेका हाँगामा टेक' । कथाको अन्त्यमा केटाले बुढीसँगको संवादमा काव्यात्मक शैलीको प्रयोग गरेको छ जस्तैः 'हाई हाई कुटुनी बुढीले आफ्नी छोरीको मासु आफैं खाई' ।

### ३.३.७ बेलौतीको कथामा सामाजिक चेतना

बेलौतीको कथा अन्धविश्वाससँग सम्बन्धित लोककथा हो । यसमा बोक्सी डाइना आदिले बालबालिकालाई कुनै राम्रो वस्तु देखाएर आफ्नो काबुमा पारी आहार बनाउने कुरालाई उल्लेख गरिएको छ । आफ्नो होस अथवा अरूको बच्चा नै किन नहोस उसलाई आहार बनाइएको घटना यस कथामा छ । अरूको बच्चा खाएँ भन्दा आफ्नै छोरीलाई आहार बनाएको, पासोमा परेको बालक उम्कन सफल भएको कुरा यस कथामा आएको छ ।

सामाजिक चेतनाका आधारमा हेर्दा यो कथा अप्ठ्यारो परिस्थितिबाट पनि बालबालिकालाई उम्कन सिकाउने र राम्रो वस्तु, अपरिचित स्थान, मान्छे आदिसँग होसियार रहने शिक्षा प्रदान गर्दछ । यस कथामा प्रयोग भएकी बोक्सी बुढी दुष्ट चरित्र हो । यसले बा( लबालिकालाई आफ्नो पासोमा पार्ने र खाने गर्छे भन्ने लोकविश्वास रहेको छ ।

### ३.३.८ निष्कर्ष

बेलौतीको कथा विविध (बालकथा) कथा हो । यसमा मान्छेलाई आहार बनाउने बोक्सी बुढीको प्रसङ्ग छ । कुनै राम्रो कुरा देखाएर बालबालिकालाई लोभ्याएर आफ्नो फन्दामा पार्ने र आहार समेत बनाउन पछि नपर्ने भयावह स्थितिको वर्णन् गरी कुनै राम्रो वस्तु देखे पनि बालबालिकालाई नबुझि त्यसको प्रयोग गर्नुबाट टाढै राख्नु हो । अपरिचित व्यक्ति वा वस्तुप्रति सचेत राख्नु यस कथाको निष्कर्ष हो । त्यस्तै कुटुनी बुढी वा बोक्सीले बालबालिकालाई राम्रो गर्दैनन् भनेर डर देखाई अपरिचित वस्तु, व्यक्ति र स्थानदेखि टाढै राख्ने सन्देश प्रदान गर्नु नै निष्कर्ष हो । लोककथाका तत्त्वलाई सही ढंगबाट प्रयोग गरी यो लोककथा सुन्दर बनेको देखिन्छ ।

## ३.४ 'छद्मभेषी श्रीमान्' लोककथाको विश्लेषण

छद्मभेषी श्रीमान् लोककथा सामाजिक कथा हो । यो कथा अर्घाखाची जिल्ला मालारानी गाउँपालिका वडा. नं ६ डाँडाखर्क निवासी ८३ वर्षीय गीताराम अधिकारीबाट वि.सं. २०७५ साल साउन २ गते प्राप्त भएको हो । यो कथा छोटो आयामको रहेको छ ।

### ३.४.१ कथानक

छद्मभेषी श्रीमान् लोककथामा बालबालिका बालविवाहको कारण महिलाले घरमा भोग्नुपर्ने कठिनाइ अपमानहरूलाई यस कथामा प्रस्तुत गरिएको छ । श्रीमान् ५ वर्षकी बालिका बिहे गरेर घरपरिवारसँग छाडी १२ वर्षसम्म पढ्न गएर आउँदासम्म बालिका ठुली भएकी तर घरपरिवारले अनेक आरोप प्रत्यारोप गर्दा पनि त्यसको प्रतिवाद नगरी चुपचाप सहने युवतीको कथा नै यस कथाको मुख्य कथानक हो । जोगीको भेषमा आएको श्रीमान्ले श्रीमती एवम् घरपरिवार सम्पूर्णको चाल बुझ्नेपछि भेष बदली श्रीमती र घरपरिवारका सामु उपस्थित भई एउटी अवोध बालिकालाई किशोरी अवस्थासम्म आउँदा पनि राम्रो व्यवहार घरमा कसैले नगरेका कारण त्यसको प्रतिवाद पुरुषले नै गरेर घर छाडेर श्रीमतीसहित

हिँडेको घटनाबाट यसको कथानक टुङ्गिएको छ । यस कथाको आदि भाग जोगी भेषधारी श्रीमान घरमा आएर बाटो छेक्नु, मध्य भागमा भेष बदल्नु र श्रीमतीले चिन्नु तथा अन्त्य भागमा घरबाट निस्कनु रहेको छ । यो छोटो आयामको पुष्ट कथानक भएको कथा हो ।

### ३.४.२. पात्र

पात्र लोककथाको महत्त्वपूर्ण तत्त्व हो । यस छद्मभेषी श्रीमान् लोककथाको पात्रहरूलाई विभन्नि ढंगले हेर्न सकिन्छ ।

#### ३.४.२.१ कार्यक्षमता वा शक्तिका आधारमा कथाका पात्र

(अ) असाधारण शक्तियुक्त पात्रः

यस कथाको मुख्यपात्र युवतीको श्रीमान् असाधारण शक्तियुक्त पात्रका रूपमा आएको छ । श्रीमतीसँग घरको सम्पूर्ण अवस्था बुझ्न र आफूले पनि परिवारका सदस्यहरूले श्रीमतीमाथि लगाएका आरोप प्रतिआरोपलाई प्रत्यक्ष देखे सुनेपछि घर छाडेर निस्कन्छ । किनभने ऊ बुद्धिमान् मानिसका रूपमा यस कथामा प्रस्तुत भएको छ । घरपरिवारबाट श्रीमतीमाथि गरिएको अन्यायपूर्ण व्यवहारको प्रतिबाद स्वरूप श्रीमतीलाई लिएर ऊ घर छाडी निस्केको छ । यसरी ऊ न्यायको पक्षमा उभिएको बुद्धिमान् एवम् सत पात्रको भूमिकामा देखिन्छ । घर परिवारका श्रीमती लगायत सम्पूर्ण सदस्यहरूको परीक्ष लिई वास्तविक कुरा थाहा पाएपछि आफ्नो भेष बदलेर परिवारका सामु प्रस्तुत हुन्छ । श्रीमतीसहेको अन्यायको प्रतिवाद गर्दै घरबाट श्रीमती सहित निस्कन्छ ।

(आ) सामान्य शक्तियुक्त पात्रः

यस कथाकी सहायक पात्र बालिका सामान्य शक्तियुक्त पात्र अर्न्तगत पर्दछिन् । उनी पाँच वर्षमा विहे भएर घरमा आएकी परिवारका सदस्य आफ्नै श्रीमानलाई समेत चिन्न नसक्ने अबोध बालिकाले बुहार्तन सहदै १२ वर्ष बिताएको, आफूलाई घरपरिवारमा कसैले विश्वास नगर्ने र झुटा आरोप लगाउँदा पनि त्यसको प्रतिवाद नगरी चुपचाप सहेको देखि लोकसमाजमा ती बालिकाप्रति दया एवं सहानुभूतिको भाव प्रकट हुन्छ भने अन्य सदस्यहरूप्रति वितृष्णाको भाव पैदा हुन्छ । आफ्नै परिवारकी एउटी बालिकाबाट वय बन्दै गरेकी बुहारी भाउजू आदि नाता पर्ने नारीलाई शब्दबाट नै अपमान र आरोपित गरेको देखिन्छ ।

### ३.४.२.२ वर्गका आधारमा कथाका पात्र

यस कथामा मानव पात्रका रूपमा तथा मुख्य एवम् सहायक पात्रका रूपमा मानिस नै प्रयोग गरिएको छ । मुख्यपात्र छद्मभेषी श्रीमान् हो भने सहयोगी पात्रका रूपमा भरियाहरू आएका छन् । गोठाला दाइ गौण पात्रका रूपमा देखिन्छन् भने घरपरिवारका बाबुआमा, दाजुभाइ आदि खलपात्रका रूपमा यस कथामा आएका छन् । यस कथामा मानवेत्तर पात्रको प्रयोग गरिएको छैन । मानवीय पात्रमा असाधारण शक्तियुक्त र सामान्य गरी दुई प्रकारका पात्रको प्रयोग गरिएको छ । वर्गका आधारमा पुरुष र महिला गरी दुई वर्गको मात्र प्रयोग गरिएको छ । त्यसकारण यो मानवीय पात्रको प्रयोग भएको कथा हो ।

### ३.४.३ परिवेश

यस कथाको परिवेश लौकिक रहेको छ । लौकिक ग्रामीण परिवेश शिक्षार्जनका लागि विदेश जानुपर्ने, स्वदेशमा शिक्षाको अवसर नभएको, बालविवाहको चलन, संयुक्त परिवार आदि कुराले राणाकालीन परिवेशको संकेत गर्छ । देशमा शिक्षाको विकास राम्रोसँग नभएको, सर्वसाधारण शिक्षाको पहुँचबाट टाढै रहेको, जिम्माल, मुखियाका छोराछोरी मात्र शिक्षार्जन गर्न विदेश जाने प्रचलन रहेको देखिन्छ । स्थानिक परिवेशका रूपमा प्रस्ट नाम उल्लेख नभए पनि मेलापात, बेसी आदि ठाउँमा जाने प्रसङ्गले नेपालको पहाडी भूभागको कुनै एक स्थानको परिवेश अनुमान गर्न सकिन्छ ।

### ३.४.४ द्वन्द्व

यस कथामा आन्तरिक र बाह्य दुवै किसिमको द्वन्द्व पाइन्छ । छद्मभेषी श्रीमानले जोगीको रूपधारण गरी श्रीमतीसँग घरका सम्पूर्ण सदस्यका बारेमा सोध्नु, बाटाको लौरो झिक्न आनाकानी गर्दा, घरका सबै सदस्यलाई आफू आएको जानकारी गराउँदा, श्रीमतीसहित घर छाडेर हिँड्दा बाह्य द्वन्द्व देखिन्छ भने घरका सम्पूर्ण सदस्यले श्रीमतीसँग गर्ने व्यवहार र त्यसबाट घर छोड्ने निर्णय, जोगीले बाटो छेक्दा घरपरिवारका सदस्यले श्रीमतीलाई अनेक आरोप लगाउँदा, बाह्र वर्षपछि श्रीमान् घरमा आउँदा, सुरुमा श्रीमतीले नचिन्दा आन्तरिक द्वन्द्व देखिन्छ । आन्तरिक द्वन्द्वका तुलनामा बाह्य द्वन्द्व नै बढी देखिन्छ । किनभने श्रीमतीसहेको अन्यायको प्रतिवाद स्वरूप बाबुआमा, दाजु, भाउजू सबैलाई त्यागेर, श्रीमतीलाई लिएर भरिया सहित घरबाट निस्केको छ । यस कारण वाह्य द्वन्द्व नै सशक्त देखिन्छ ।

### ३.४.५ उद्देश्य

यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नुका साथै पारिवारिक समन्वयको भावना जागृत गराउनु हो । पीडक पक्षले आत्मग्लानि र पीडीत पक्षले न्याय पाउनु पर्छ भन्नेकुरा देखाउनु नै यस कथाको मुख्य उद्देश्य रहेको छ ।

### ३.४.६ भाषाशैली

यस कथाको भाषा सामान्य बोलीचालीको रहेको छ भने शैली प्रश्नोत्तरात्मक, वर्णनात्मक एवम् काव्यात्मक रहेको छ । जस्तैः बाटाको लौरो झिक न जोगी लल्लरे बेसी जान्छु नि है । (श्रीमती) बाटाको लौरो झिकुला नानी तिमरि सासू काँ गईन आज लौ भन चाँडै नि है । (श्रीमान्) हामरी सासू गाउँकी मुख्खेनी भित्र र बाहिर गर्छिन् नि है । बाटाको लौरो झिक न जोगी लल्लरे बेसी जान्छु नि है । ( श्रीमती) यसरी यस कथाको भाषामा आग्रह, प्रश्नोत्तर र संवादका माध्मबाट काव्यात्मक शैलीको सिर्जना भएको छ । यस कथामा जोगी र श्रीमतीबीचका संवाद नै पटक पटक दोहोरिएर आएका छन् । यस कथाका मुख्यपात्र श्रीमती र छद्मभेषी श्रीमान्‌बीच भएको संवाद नै मुख्यरूपमा आएको छ । जस्तैः सासू, ससुरा र देवरजेठाजुसँग बाहिर निस्कदाको संवाद यस कथामा उल्लेख छ । यस कथामा श्रीमान र श्रीमतीबीचको संवादले पारिवारिक क्रियाकलाप बुझ्न सकिन्छ भने अन्य सदस्यहरूलाई बोलाएको र उनीहरूको बुहारीको संवादले ती सदस्यहरूको कटु व्यवहारलाई उदाङ्गो पारेको छ । जस्तैः श्रीमान र श्रीमतीबीच भएको संवाद–बाटाको लौरो झिक न जोगी लल्लरे वेशी जान्छु नि है (श्रीमती) बाटाको लौरो झिकुला नानी तिमरा ससुरा काँ गए आज लौ भन चाँडै नि है (श्रीमान) हामरा ससुरा गाउँका मुख्खे भित्र र बाहिर गर्छन नि है (श्रीमती)

### ३.४.७ छद्भेषी श्रीमान् कथामा सामाजिक चेतना

छद्मभेषी श्रीमान्‌को कथामा सामाजिक चेतना प्रबल रूपमा देख्न सकिन्छ । यस कथामा बालविवाह गर्नुहुन्न भन्ने धारणाको विकास भएको देखिँदैन । यस कथाकी नायिका अर्थात् युवतीको सानै उमेरमा विवाह भएको देखिन्छ । उसको सानै उमेरमा बिहे भएको र श्रीमान पढ्नका लागि विदेशिएको प्रसङ्गबाट देशमा शिक्षाको विकास नभएको, हुनेखाने वर्गले मात्रै पढ्ने वातावरण रहेको तथा शिक्षा सर्वसाधारणको पहुँचभन्दा माथि रहेको कुरा स्पष्टिन्छ । अर्कातिर महिला शिक्षाको अभाव रहेको, परिवारमा महिलाको स्थान उचित

नरहेको र योगी सन्यासी आदिप्रति आस्था रहेको, बालविवाह एउटा समस्याका रूपमा रहे तापनि बालविवाह गर्नुहुन्न भन्ने धारणको विकास नभएको समाजको स्पष्ट चित्र उतारिएको छ । समाजमा एउटी बुहारीको स्थान उचित नरहेको परिवारका सम्पूर्ण सदस्यहरूबाट हेपिएको र आफ्नै श्रीमान्बाट समेत अग्नि-परीक्षा लिएको र त्यसमा उर्तीण भएपछि मात्र नारीलाई न्याय दिलाउन पुरुषले साथ दिएर घर छाडेर हिँडेको प्रसङ्ग छ । यस कथामा मुख्य त देशमा शिक्षा आर्जनको व्यवस्था नहुनु र बाल विवाहलाई समाजले स्वीकार्नु नै सामाजिक समस्याका रूपमा देखिन्छ ।

### ३.४.८ निष्कर्ष

छद्मभेषी श्रीमान् लोककथा सामाजिक कथा हो । यो पारिवारिक समस्यालाई सचित्र उतार्ने कथा हो । यस कथामा बालविवाहले महिलामाथि भइरहेको अन्याय अत्याचारको विरूद्धमा उत्रनुपर्छ पीडक पक्षले आत्मग्लानि र पीडित पक्षले आत्मसम्मान पाउनु पर्छ । परिवारका हरेक सदस्यहरूका बीचमा आपसी सहयोग र सद्भावबाट नै हरेक समस्याको समाधान हुन्छ । पारिवारिक सद्भाव कायम गर्न नसकेकमा विखण्डन र तनावको स्थिति सिर्जना हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । यस कथामा लोककथाका तत्त्वहरू सन्तुलित रूपमा प्रयोग भएको देखिन्छ ।

## ३.५ 'दिदीभाइ लोककथा' को विश्लेषण

दिदीभाइको कथा अतिरञ्जनात्मक कथा हो । यो कथा मालारानी गाउँपालिका वडा नं. ८ ठाडा ढुङ्गा निवासी ६५ वर्षीय दिनामणि पन्थीबाट वि.सं. २०७५ साल असार ३० गते प्राप्त भएको हो । यो कथा छोटो आयामको रहेको छ । यस कथामा बाबुआमा नभएका दिदीभाइ कामको खोजीमा जङ्गल गएपछि दिदी र भाइको विछोड भएको ऐसेलु, केरा, सल्ला र गिद्धसँग सहयोग मागी आफ्नी दिदीलाई भेट्टाउन सफल भएको कुराको चित्रण गरिएको छ ।

### ३.५.१ कथानक

यसको कथानक बाबुआमा नभएका दुई दिदी र भाइको दैनिकीबाट सुरु हुन्छ । कामको सिलसिलामा भाइ दिदीलाई छाडेर जङ्गलमा गएको बेला दिदी हराएपछि दिदीको खोजीमा वनस्पति, रूखवृक्ष एवं पक्षीलाई सोध्दै हिँडेको प्रसङ्ग छ । आदिम कालमा मानिस र

वनस्पतिबीच घनिष्ट सम्बन्ध रहेको हुँदा वनस्पति र पशुपक्षी समेत मानिसका सुखदु:खका साथी हुनेकुरा यसको कथानकमा पाइन्छ । भाइ दिदीको खोजीमा जङ्गलमा चाहार्दा पहिलो भेट ऐसेलुको बोटसँग हुन्छ र मेरी दिदी कहाँ छिन् भनी सोध्छ । अनि ऐँसेलुले 'यहीबाटो गरी जाऊ तिम्री दिदी भेट्टाउनेछौ' भन्छ । अनि भाइले ऐसेलुलाई 'चाँदी वर्ण फुलिरहे, सुनैवर्ण पाके, आउने जानेसँग तिम्रो निमेक राखे' भनी आर्शीवाद दिएर बिदा भएको छ । त्यसैगरी भाइको दोस्रो भेट केरासँग हुन्छ र केराले 'तिम्रो दिदीलाई हेर्न भ्याइन' भनेर जवाफ दिएपछि 'एकपटक मात्र फल' भनेर श्राप दिएको छ । त्यसैगरी तेस्रो भेट सल्लासँग हुन्छ । सल्लालाई सोध्दा मेरै सोङ्याट र गोङ्याटले फुर्सद छैन भनी जवाफ दिएपछि भाइले फुल्न र पाक्न नपरोस भनी श्राप दिए । चौथो भेट गिद्धसँग हुन्छ र गिद्धले 'तिम्री दिदी म भेटाइ दिन्छु' भनेर बाटो देखाइदिन गएको हुँदा हजार वर्षसम्म बाँचे, संसार भर रमाए भनेर आशीक दिएको प्रसङ्गबाट यस कथाको कथानक अन्त्य भएको छ । यसरी यस कथाको कथानक सरल, छोटो, पुष्ट आयामको छ भने कथा संयोगमा टुङ्गिएको छ । यस कथामा लोककथाका तत्त्वहरूको सही तरिकाले संयोजन गरिएको पाइन्छ ।

### ३.५.२ पात्र

पात्र लोककथाको प्रमुख तत्त्व हो । यस दिदीभाइको लोककथाको पात्रको निम्न ढंगले वर्गीकरण गरिएको छ:

#### ३.५.२.१. कार्यका आधारमा कथाका पात्र

(अ) असाधारण शक्तियुक्त पात्रः

यस कथामा ऐसेलु र गिद्ध असाधारण शक्तियुक्त पात्रका रूपमा आएका छन् । ऐंसेलुले दिदीको खोजीमा हिँडेको भाइलाई बाटो बताइदिने काम गरेको छ । गिद्धले त तिम्री दिदी म भेटाइदिन्छु भनेर सँगै लिएर हिँडेको छ र दिदीभाइको भेट भएको छ । यस कथामा ऐंसेलु र गिद्ध कथाको मुख्य पात्र भाइका सहयोगी पात्रका रूपमा कथामा आएका छन् ।

(आ) सामान्य शक्तियुक्त पात्रः

यस कथाको मुख्य पात्र भाइ र दिदी सामान्य शक्तियुक्त पात्र हुन् । दिदी जङ्गलमा बेपत्ता भएपछि भाइ वनस्पति (ऐसेलु) एवम् पंक्षी (गिद्ध) को सहयोगमा दिदीलाई भेटाउन सफल हुन्छ । यस कथाको मुख्यपात्र सामान्य शक्तियुक्त पात्रका रूपमा कथामा वर्णित

देखिन्छ । दिदीको प्रत्यक्ष उपस्थिति कथामा नदेखिए तापनि कथानकलाई गति दिने काम दिदीको हराई, भाइको खोजाइबाट भएको छ भने दिदीभाइको भेटसँगै कथाको अन्त्य भएको छ । यी दुई दिदीभाइमा भाइ दिदीलाई खोज्ने कार्य र दिदी कारण बनेर कथानक अघि बढेको देखिन्छ । यसमा भाइ र दिदीको भूमिका सामान्य देखिन्छ भने ऐंसेलु र गिद्ध सहयोगी पात्रको भूमिका महत्त्वपूर्ण देखिन्छ ।

### ३.५.२.२. वर्गका आधारमा पात्र

(अ) मानवीय पात्रः

भाइ र दिदी यस कथाका मानव पात्र हुन् । भाइ मुख्य पात्र हो भने दिदी सहायक पात्र हो । यस कथाको भाइ सामान्य शक्तियुक्त मानव पात्र हो । आफ्नो कार्य सफलताको लागि आत्मशीलताको सिद्धान्त अनुसार प्राणी एवम् वनस्पतिको सहयोग लिएको छ ।

(आ) पशुपक्षी पात्रः

यस कथामा गिद्ध सहयोगी पात्रको रूपमा आएको छ । गिद्धले आफ्नो दूरदृष्टिको प्रयोग गरी हराएकी दिदीलाई भेट्टाइदिन्छ । भाइको सहयोगी भएका कारण एक हजार वर्षसम्मको लामो आयु पाएको कुरा कथामा उल्लेख छ ।

(इ) निर्जीव पात्रः

यस कथामा वृक्ष, वनस्पति सहयोगी पात्रका रूपमा देखिन्छन् । ऐसेलुले यस कथाको मुख्य पात्र भाइलाई बाटो बताई दिएर सहयोग गरेको छ । सल्ला र केरा सहायक स्थिर पात्रका रूपमा देखिन्छन् । मुख्यपात्र भाइको पीडाले यी दुई पात्रमा कुनै पनि सहयोगको भावना जागृत भएको देखिँदैन । केराले हेर्न भ्याइनँ भन्ने जवाफ दियो भने सल्लाले कसैकी दिदी हेर्न फुर्सद छैन भन्यो भने ऐसेलुले यही बाटो गरी जाऊँ तिम्री दिदी भेटाउछौ भनेर बाटो देखाइदियो । निर्जीव पात्रमा ऐसेलुको भूमिका महत्त्वपूर्ण देखिन्छ र भाइलाई सहयोग गरे बापत यसलाई राम्रो पनि भएको छ । अर्थात् चाँदी (सेतो) वर्ण फुल्ने सुनै (पहेलो) वर्ण पाक्ने र टिपेर खानेलाई कोपर्ने गर्छ ।

### ३.५.३ परिवेश

यस कथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशमा घर, जङ्गल, ओढार, बाटो आदि रहेका छन् । लौकिक परिवेशमा भाइ हराएकी दिदीलाई भेटाउला या त

नभेटाउला भन्ने मनोद्वन्द्वको स्थितिमा रहेको छ भने दिदी भेटिएपछि कथाको सुखद अन्त्य भएको छ । अप्ठेरोमा परेका मानिसलाई वनस्पति एवम् पंक्षीले समेत सहयोग गरेको कुरा कथामा उल्लेख छ । गिद्ध र ऐंसेलु भाइका सहयोगी पात्र भएका हुँदा यिनीहरूलाई भाइले आर्शीवाद दिएको छ भने सल्ला र केरालाई श्राप दिएको छ । ऐंसेलु, सल्ला, केरा, गिद्ध आदिको चर्चाले यस कथाको स्थानिक परिवेश पहाडी भूगोल भएको कुरा प्रस्ट देखिन्छ भने समयका दृष्टिले यस कथामा टुहुरा दिदीभाइबाहेक अरू कुनै मानवीय पात्रको उपस्थिति नदेखिने सहयोगी पात्रका रूपमा पंक्षी एवम् वनस्पतिको चर्चा र कथामै आदिम काल भनेर चर्चा गरेको हुँदा यो कथा धेरै पहिलेको हुनसक्ने कुरा आकलन गर्न सकिन्छ । अर्कोतर्फ जङ्गल, ओढार आदि स्थानमा मानिस नदेखिनु पनि स्वभाविक नै देखिन्छ । यसरी यस कथाको परिवेशलाई हेर्दा वनस्पति र पक्षीमा मानवप्रतिको सहयोगी भावना देखिन्छ । यस कथामा प्रकृतिको सुन्दर रूपको चित्रण गरिएको छ । प्रकृतिका प्राणी एवं वनस्पति समेत मानिसका सहयोगी साथी बनी अप्ठेरो परिस्थितिमा कार्यसिद्धीको लागि मानिसलाई सघाएको देखिन्छ । यस कथाको उठान आन्तरिक परिवेशबाट भएको छ भने कथाको अन्त्य बाह्य परिवेशबाट भएको छ ।

### ३.५.४ संवाद

यस कथाको संवादका रूमा मानिस र वनस्पति एवम् पंक्षीबीच भएको संवादलाई लिन सकिन्छ । जस्तैः भाइले ऐंसेलुसँग मेरी दिदी सुनकेशरी कहाँ भेटौला भनी सोध्दा यही बाटोगरी जाऊ भनी बाटो देखाइदिनु, गिद्धलाई सोध्दा गिद्धले सँगै लिएर जानु आदि यस कथाका संवादका रूपमा आएका छन् । भाइले वनस्पति र पंक्षीका सहायताले मात्र दिदीलाई फेला पारेको घटना छ । ऐंसेलु र गिद्धसँग भएको संवाद नै यस कथाको मुख्य संवाद हो । जस्तैः मेरी दिदी कहाँ छिन ? (भाइ) यही बाटो गरी जाऊ तिम्री दिदी भेट्ने छौं । (ऐंसेलु) तिम्री दिदी म भेटाई दिन्छु । (गिद्ध)

### ३.५.५ द्वन्द्व

यस कथामा आन्तरिक द्वन्द्व पाइन्छ । आन्तरिक द्वन्द्वका रूपमा भाइ दिदीलाई खोज्न हिँड्नु रहेको छ । हराएकी दिदी भेटाउँला कि नभेटाउँला भन्ने मनोद्वन्द्व यस कथामा देखिन्छ ।

### ३.५.६ उद्देश्य

यस कथाको मुख्य उद्देश्य अप्ठेरोमा परेकालाई उचित सहयोग गर्नुपर्छ । अरूलाई अप्ठेरो पर्दा सहयोग नगरेमा आफूलाई राम्रो हुँदैन र आफूलाई अप्ठेरो पर्दा पनि कसैले सहयोग गर्दैनन् भन्ने नैतिक शिक्षा दिनुका साथै मनोरञ्जन प्रदान गर्नु नै यस कथाको मुख्य उद्देश्य हो ।

### ३.५.७ भाषाशैली

यस कथाको भाषा सरल र बोधगम्य छ । कतैकतै लोकोक्तिपूर्ण भाषाका कारण कथा रोचक एवम् सत्य सावित जस्तो देखिन्छ । जस्तैः यस कथाको मुख्यपात्र भाइले ऐसेलुका लागि आशिष स्वरूप 'चाँदीवर्ण फूलिगए, सुनैवर्ण पाके, आउनेजानेसँग आफ्नो निमेक राखे' । त्यस्तै भाइले प्राणी एवम् वनस्पतिसँग प्रयोग गरेको भाषा पनि सरल नै रहेको छ । त्यसैगरी यस कथामा प्रश्नोत्तरात्मक शैलीको प्रयोग गरिएको छ । दिदीको खोजीमा हिँडेको भाइले मेरी दिदी सुनकिशरी कहाँ भेटाउँला भन्दै वनस्पति र पंक्षीसँग प्रश्न गर्छ भने तिनीहरूले जवाफ दिएकोबाट प्रश्नोत्तरात्मक शैलीको पुष्टि हुन्छ ।

### ३.५.८ दिदीभाइको कथामा सामाजिक चेतना

दिदीभाइको कथा अतिरञ्जनात्मक कथा हो । यस कथामा बाबुआमा नभएका दुईजना दिदीभाइको कामको सिलसिलामा जङ्गलमा पसेपछि विछोड हुन्छ । त्यसपछि भाइ हराएकी दिदीको खोजीमा हिँड्छ । हराएकी दिदीको भाइसँग कुरागर्ने वनस्पति, प्राणी आदिमा आत्मशीलताको सिद्धान्त लागु हुन्छ । यही कारण नै ऐसेलु, गिद्ध, सल्ला, केरा आदिसँग भाइले दिदीलाई कहाँ छिन् भनी सोधेको छ । यसले गर्दा कथा धेरै पुरानो हो भन्नेकुरा आकलन गर्न सकिन्छ । विगतदेखि वर्तमानसम्म नै यो भनाइ सान्दर्भिक देखिन्छ कि यस कथामा उल्लेख भएका पंक्षी एवं वनस्पतिको जीवनचक्र वर्तमानसम्म पनि मिल्दो भएको हुँदा सामाजिक चेतनाका आधारमा हेर्दा यो कथा सार्वदेशिक, सार्वकालिक जस्तो देखिन्छ । दिदीभाइको कथामा अप्ठ्यारोमा परेकालाई सहयोग गर्नुपर्छ भन्ने शिक्षा समाजलाई प्रदान गरेको छ । आत्मशीलताको सिद्धान्त अनुसार प्राणी एवम् वनस्पतिले मानिसलाई सहयोग गरेको छन् र यस कथामा दिदी र भाइबाहेक अन्य मानव पात्रको उपस्थिति देखिदैन ।

### ३.५.९. निष्कर्ष

दिदीभाइको कथा अतिरञ्जनात्मक कथा हो । यसमा कथाको नायक पात्रका सहयोगीका रूपमा वनस्पति, ऐसेलु एवम् प्राणी गिद्धको उपस्थिति देखिन्छ । यस कथामा दिदीको हराई र भाइको खोजाई सँग कथानक अघि बढ्दै दिदीको प्राप्ति पछि अन्त्य भएको छ । यस कथामा अप्ठ्यारोमा परेका बखत जोसुकैलाई पनि आफूले सक्दो सहयोग गर्न चुक्नु हुँदैन । सहयोग गरिएन भने आफैलाई नराम्रो हन्छ भन्ने कुरालाई प्रस्ट्याउन ऐसेलु र गिद्धको जीवनलाई लिइएको छ । कुनै पनि वस्तुको स्थान लोकसमाजले कार्यका आधारमा नै कायम गर्दछ । त्यसैले अरूलाई सहयोग गर्दा नै आफूलाई राम्रो हुन्छ भन्ने कुरा यस कथामा मुख्य रूपमा आएको छ । यस कथाको मुख्य सन्देश अप्ठ्यारो परेका बखत जो स्कैलाई पनि आफूले सक्दो सहयोग गर्नु पर्दछ भन्ने यस कथाको सन्देश हो ।

## ३.६ 'लोभी बुढाबुढी कथा' को विश्लेषण

लोभी बुढाबुढी शीर्षकको कथा सामाजिक कथा हो । यो कथा मालारानी गाउँपालिका वडा नं. ६ साकिन्धारा निवासी ७० वर्षीय शेरबहादुर श्रीषबाट २०७५ साल ७ महिना ८ गते प्राप्त भएको हो । यो कथा छोटो आयामको रहेको छ । यस कथामा दुबैजनाका आ–आफ्ना अडानका कारण गाउलेहरूले जिउँदै चितासम्म पुऱ्याउदा पनि हलचल गर्दैनन् । अन्त्यमा चितामा राख्नै लागेपछि मलाई चारवटा र मलाई पाँचवटा भन्दै एउटा रोटी बढी खाने लोभले मलामीलाई भागाभाग गराएको घटनासँगै यस कथाको अन्त्य भएको छ ।

### ३.६.१ कथानक

यस कथाको कथानक गरिब बुढाबुढीको दिनचर्यासँग जोडिएको छ । दुईजना बुढाबुढी अत्यन्त गरिब भएका कारण मागेर जीविका चलाउने गर्थे । बुढीका दिन घर कुर्दामै र बुढाको दिन गाउँभरि अन्नपात माग्दैमा बित्थ्यो । एकदिनको कुरा हो, बुढाले गाउँमा पिठोमात्र पाएछन् । त्यसपछि घरमा आएर बुढीलाई रोटी पकाउन भनेछन् । रोटी जम्मा ९ वटा भएछन् । त्यसपछि एउटा रोटी को बढी खाने भन्नेकुरामा बुढाबुढीको कुरो नमिलेपछि उनीहरूले एउटा उपाय निकाले । साँझ भोकै सुत्ने भोलि बिहान जो छिटो उठ्छ उसले चारवटा रोटी खाने र ढिलो उठ्नेले पाँचवटा खाने सर्त राखे । बिहान दुबैजना ढिलोसम्म नउठेपछि छिमेकीहरू के भएछ भनेर घरतिर धाउन थाले । धेरैचोटी बोलाउँदा

पनि नबोलेपछि गाउँलेहरूले गुहार मागे । हलचल नै नगरेपछि मरेछन् भन्ने सोचेर घाटमा पुऱ्याएर चिता तयार गरी चितामा राखे । त्यसपछि बुढीले आच्छु, आच्छु मलाई चारवटा भनिन् । त्यसपछि बुढाले हो...मलाई पाँचवटा भने । बुढाबुढीको साँझको सर्त थाहा नभएको हुँदा त्यहाँ आएका नौँजना मलामीहरू मसान जागे हामीलाई खानेभए भनेर भागाभाग गरेको प्रसङ्गबाट यस कथाको कथानकको अन्त्य हुन्छ ।

### ३.६.२ पात्र

पात्र लोककथाको प्रमुख तत्त्व हो । यस लोभी बुढाबुढी लोककथाको पात्रको निम्न ढंगले वर्गीकरण गरिएको छ :

#### ३.६.२.१. कार्यका आधारमा कथाका पात्र

सामान्य शक्तियुक्त पात्रः

शक्तिका आधारमा यस कथाका मुख्यपात्र बुढाबुढी सामान्य शक्तियुक्त पात्र हुन् । यी गरिब भएका कारण लोकसमाजका दयाका पात्रका (कथाको सुरुमा) रूपमा देखिन्छन् । मध्यभागमा उनीहरूमा रहेको हठी स्वभावका कारण भोकभोकै सुतेका हुन्छन् भने अन्ततः उनीहरूको जिद्दीकै कारण छिमेकीहरू द्वारा चितासम्म पुऱ्याइन्छन् तर वास्तविक रहस्य थाहा नपाई मसान जागे भनेर छिमेकीहरू भागाभाग गर्छन् भने यी दुई पात्र लोभका कारण मरेतुल्य हुन्छन् ।

#### ३.६.२.२. वर्गका आधारमा पात्र

यस कथामा मुख्य पात्रका रूपमा मानिस (बुढा-बुढी) नै आएका छन् भने सहायक पात्रको रूपमा पनि मानिस (छिमेकीहरू) नै आएका छन् । यस कथामा सामान्य शक्ति भएका पात्र छन् । आ–आफ्नै अडानका कारण छिमेकीद्वारा जिउँदै चितासम्म पुऱ्याइएका छिमेकीलाई डर देखाउने यी पात्र लोक समाजका गरिब र हठी पात्र हुन् । यी पात्रले समान अधिकारको लागि सङ्घर्ष गर्दा गाउँलेहरूमा सन्त्रासपूर्ण स्थिति सिर्जना भएको छ भने यी दुई पात्रमा पनि आत्मग्लानि सिर्जना भएको देखिन्छ ।

### ३.६.३ परिवेश

यस लोककथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशमा घर, गाउँ, छिमेक, बाटो, मसानघाट आदि आएका छन् । पातलो गाउँले कुनै पहाडी इलाकाको स्थानिक

परिवेशको संकेत गर्छ । त्यसैगरी मृत्युपछि मसानघाटसम्म पुऱ्याएर दाहसंस्कार गर्नुले हिन्दु संस्कारगत परिवेशको संकेत गर्छ । मसान जागे भनी भागाभाग गरेको घटनाले अन्धविश्वासको संकेत गर्छ ।

### ३.६.४ संवाद

यस कथामा बुढाबुढीबीच भएको संवाद बुढाबुढी हलचल गर्न छाडेपछि छिमेकीबीच भएको संवाद, चितामा राखेपछि बुढाबुढीबीच भएको संवाद, मलामी भागाभाग गर्ने स्थितिमा भएको संवाद आदि रहेका छन् । जस्तैः (बुढा) मलाई पाँचवटा देऊन मैले दिनभरि दुःख गरेर मागेर ल्याउँछु । (बुढी) म पनि दिनभरि दुःख गरी घर कुरेर बस्छु तिमी चारवटा खाऊ म पाँचवटा खान्छु । (बुढी) आच्चो आच्चो मलाई चारवटा (बुढा) हो...मलाई पाँचवटा । यस कथामा बुढाबुढीवीच भएको संवादबाट उनीहरू आ-आफ्नो अडान नछाड्ने कुरा प्रस्ट बुझ्न सकिन्छ ।

### ३.६.५ द्वन्द्व

यस कथामा आन्तरिक र बाह्य दुबै द्वन्द्व देखिन्छ । सुरुमा बाह्य द्वन्द्व कारण बुढाबुढी भोकभोकै सुत्छन् । बिहान को पहिला उठ्ने भन्ने बाह्य र आन्तरिक द्वन्द्व रहेको छ । त्यसैगरी छिमेकीहरूमा मसान जागे भनेर भागाभाग गर्दाको स्थिति बाह्य द्वन्द्व हो । यस कथामा आन्तरिक भन्दा बाह्य द्वन्द्व नै सबल देखिन्छ । किनकि चितासम्म पुऱ्याउँदा ती बुढाबुढी चिच्याएपछि मलामीहरू मसान जागे भन्दै भागाभाग गरेको प्रसङ्ग नै उल्लेख्य देखिन्छ । बुढाबुढीवीच भएको द्वन्द्वका कारण छिमेकीहरूमा मसान जागे हामीहरूलाई खाने भए भन्ने त्रासको स्थिति सिर्जना भई छिमेकीहरू जीवन रक्षाका लागि भागभाग गर्छन् ।

### ३.६.६ उद्देश्य

यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नुका साथै लोकबासीलाई लोभ गर्नु हुँदैन, त्यसको परिणाम राम्रो हुँदैन । जिउँदै चितामा पुग्ने स्थिति आउँछ अर्थात् लोभ धेरै गर्दा मरेतुल्य भइन्छ भन्ने सन्देश प्रदान गर्नु हो । अर्कोकुरा नौजनाको साइत पर्दैन, मलामी जानु हुँदैन, कतै हिडडुल गर्नुहुँदैन, नौ भनेको अशुभ अंक हो भन्ने अन्धविश्वासको कुराको सुरुवात कसरी भयो भन्नेकुराको रहस्य देखाउनु हो ।

### ३.६.७ भाषाशैली

यस कथाको भाषा सामान्य बोलीचालीको रहेको छ भने वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । घटनाहरूको वर्णनद्वारा नै यस कथाको वास्तविक रहस्य कथाका मुख्यपात्रलाई थाहा भएको छ भने अन्य सहयोगी पात्रहरूले वास्तविक रहस्य थाहा पाउन सकेका छैनन् ।

### ३.६.८ लोभी बुढाबुढीको कथामा सामाजिक चेतना

लोभी बुढाबुढीको कथा अन्धविश्वासमा आधारित कथा हो । बुढाबुढी लोभी बन्नुको मूलकारण आर्थिक समस्या नै हो भने मसान जाग्नु, नौ जना मलामी जान नहुनु, नौ जनाको साइत नपर्नु आदि अन्धविश्वासका कुरा हुन् । जब मानिसलाई अभावको महशुस हुन्छ, त्यसपछि त अभाव पूर्तिका लागि उपाय सोच्न थाल्छ । त्यस्तै यस कथामा पनि बुढाबुढी गरिबीकै कारण बिहान बेलुकाको दैनिकी चलाउनका लागि गाउँभर मागेर हिँड्नुपर्ने दयनीय अवस्था यस कथामा देखिन्छ । हाम्रो समाजमा पेटको छुधा समेत मेटाउन नसक्ने अवस्थाका मानिसबाट केही आस गर्नुको साटो समाजमा विकृति निम्तिन्छ । त्यसले समाजमा प्रत्यक्ष अथाव अप्रत्यक्ष रूपमा प्रभाव परेको देखिन्छ । जिउँदो मानिस चितासम्म पुऱ्याउँदा मात्र बोल्नु अतिशयोक्ति जस्तो लागे तापनि अभावका कारण मगन्ते जीवन जिउँन विवश नेपालीको कथा यसमा देखिन्छ भने अर्कातर्फ मसान जागे, नौजना मलामी जान हुन्न, नौजनाको साइत पर्दैन जस्ता कुराले यसमा अन्धविश्वासको कुरा पनि रहेको देखिन्छ ।

### ३.६.९ निष्कर्ष

यस कथामा लोभको परिणाम राम्रो हुँदैन भनेर लोकबासीलाई सन्देश प्रदान गरिएको छ । गरिबी एउटा सामाजिक समस्या हो, यसले समाजमा विकृति निम्त्याउँछ । मृत्यु संस्कार गर्नु सामाजिक संस्कार हो । यसको पालना गर्नुपर्छ भन्ने कुराको वर्णन गर्नु र लोककथाका तत्त्वलाई उपयुक्त ढंगले प्रयोग गर्नु यस कथाका मूल प्राप्ति हुन् ।

## ३.७ 'सोझो नाति र हजुरआमाको कथा' को विश्लेषण

सोझो नाति र हजुरआमाको कथा सामाजिक कथा हो । यो कथा मालारानी गाउँपालिका वडा नं. ८ छहरा निवासी ६३ वर्षीय चुडामणि अधिकारीबाट वि.सं. २०७५ साल कार्तिक २६ गते प्राप्त भएको हो । यसको आयाम छोटो र कथानक पुष्ट रहेको छ । आफ्नै बुद्धि र विवेकले गरेको कामबाट लाभ हुन्छ भन्नेकुरा यस कथामा देखाइएको छ ।

### ३.७.१ कथानक

सोझो नाति र हजुर आमाको कथामा अत्यन्तै गरिब र नाति लेखपढ नगरेको हुँदा पसल राख्ने इच्छा गर्छ । हजुरआमाले ऋण खोजी ल्याइदिएर नाङ्लोमा व्यापार गर्ने सल्लाह दिन्छिन् । नातिलाई व्यापार गर्ने तरिका थाहा नहुँदा व्यापारमा घाटा खान्छ । त्यसपछि हजुरआमा र नाति निराश हुन्छन् । फेरि नातिले विदेशिने इच्छा व्यक्त गर्छ । हजुरआमाले साठी रुपैयाँ खोजेर ल्याई बाटोमा जहाँ रातपर्छ त्यहीँ बास बसे भन्ने सल्लाह दिन्छिन् । हिँड्दा हिँड्दै बाटोमा रातपरेपछि नाति बीचबाटोमै सुत्छ । त्यति नै बेला त्यही बाटो गरी तीनजना चोरहरू आउँछन् । तीमध्ये एउटा चोरले त्यसलाई कुल्चिएर बाटोमा मुढा तेर्साएको रहेछ भन्छ । अनि त्यो नातिले 'अँ, जोसँग साठी रुपैयाँ छ उही मुढा हुन्छ' भन्छ । अनि चोरहरूले त्यसलाई सोधखोज गर्दा आफू चोर भएको कुरा बताउँछ र उनीहरूसँगै हिँड्ने इच्छा व्यक्त गर्छ । चोरहरूले स्वीकार गरेर आफूहरूसँगै लिएर गई दिउँसो उसलाई सामान कुर्न लगाउँछन् भने उनीहरू साँझ चोर्ने घर पत्ता लगाउँन हिँड्छन् । साँझ चारैजना चोर्न जान्छन् । त्यो नाति केटाले चोर्न गएको घरमा दूध तताएको देख्छ र चामल खोजी खीर पकाएर बस्छ । त्यसैगरी दोस्रो घरमा चोर्न पठाउँदा नरसिंहा र कर्नाल बजाएर सबैलाई बिउझाउने काम गर्छ । त्यो राज दरबार भएको हुँदा राजाले चोर पक्रेर ल्याई फासीको सजाय दिने आदेश दिन्छन् । अनि पालेलाई 'चोर कस्ले पक्रियो' भनी सोध्छन् । पालेले चोरमध्येको एकजनाले नरसिहां र कर्नाल बजाएपछि मात्र आफूहरूलाई थाहा भएको कुरा बताउछ । त्यसपछि राजाले त्यो नाति (चोर) लाई आफुसामु उपस्थित गराउन आदेश दिन्छन् । राजाले सोधपुछ गर्दा नातिले 'म चोर हुँ, म गरिब थिए' भनेर सबै वृत्तान्त बत( ाउँछ । राजाले उसका सबैकुरा सुनेपछि यो चोर हैन यसले गर्दा त मेरो सम्पति बच्यो भनी उसलाई मन्त्री बनाउने निर्णय गर्छन् भने अन्य तीनजना वास्तविक चोरलाई फाँसीको सजायँ दिन्छन् । नाति मन्त्री भएपछि हजुरआमालाई पनि साथमा लिएर सुखसँग दिनहरू बिताएको कुरा यस कथामा उल्लेख गरिएको छ । यस कथाको आदि भागमा नातिले पसल गर्नु र घाटा खानु रहेको छ भने मध्यभागमा विदेश जाने क्रममा बाटोमा चोरलाई भेट्नु र चोरसँग मिल्नु रहेको छ र अन्त्य भागमा मन्त्री बनेर सुखसँग बसेको घटना श्रृङ्खलित रूपमा आएको छ ।

### ३.७.२ पात्र

पात्र लोककथाको प्रमुख तत्त्व हो । हजुरआमा र सोझो नाति कथामा मानवीय पात्रको मात्र प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएका पात्रहरूमा सोझो नाति मुख्यपात्रका रूपमा देखिन्छ भने हजुरआमा सहायक पात्रका रूपमा देखिन्छिन् । त्यसैगरी चोरहरू, पाले, राजा आदि सहयोगी पात्रका रूपमा देखिन्छन् । अन्य पात्रहरूमा छिमेकी, नाङ्लोको सामान किन्ने मानिस आदि रहेका छन् । यसरी यस कथाका पात्रहरूलाई कार्यका आधारमा हेर्दा सामान्य शक्तियुक्त पात्र देखिन्छन् भने वर्गका आधारमा हेर्दा मानवीय पात्र नै देखिन्छन् ।

### ३.७.३ परिवेश

यस कथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशमा घर, गाउँ, बाटो, जङ्गल, राजदरबार आदि रहेका छन् । आन्तरिक परिवेशका रूपमा नाति र हजुरआमाका पीडा (नातिले व्यापार गर्न नजानेपछि) रहेका छन् । बाह्य परिवेशका रूपमा पसल गर्नु, परदेश जान हिड्नु, चोरसँग मिल्नु, मन्त्री बन्नु आदि रहेका छन् । सामाजिक परिवेशका रूपमा गरिबी, बेरोजगारी आदिका कारण समाजमा विकृति आउने कुरालाई संकेत गरेको परिवेश देखिन्छ ।

### ३.७.४ द्वन्द्व

यस कथामा आन्तरिक र बाह्य दुबैखालको द्वन्द्व पाइन्छ । नातिले व्यापार गर्न नजानेपछि हजुरआमा र नातिका बीच भएको द्वन्द्व, चोरका क्रियाकलाप र नातिका क्रियाकलाप नमिलेपछि नाति र चोरका बीच भएको द्वन्द्व, कर्नाल र नरसिंहा बजाएपछि पाले, चोर र नातिबीच भएको द्वन्द्व बाह्य द्वन्द्व हुन् भने व्यापार गर्न नजानेपछि नाति र हजुरआमामा आएको निराशा, राजदरबारमा नातिलाई पक्रिएपछिको डरत्रास आदि आन्तरिक द्वन्द्व हुन् । यस कथामा आन्तरिक द्वन्द्व तुलनामा बाह्य द्वन्द्व सबल देखिन्छ ।

### ३.७.५ उद्देश्य

सोझो नाति र हजुरआमा कथाको उद्देश्य नैतिक शिक्षा एवम् मनोरञ्जन प्रदान गर्नु हो । मानिस आफू अभ्यस्त नभएको काम गर्न सक्दैन, गरिहाले पनि त्यसबाट सफल हुन सक्दैन, अह्राएको बुद्धि कहिल्यै पनि पूर्ण हुँदैन त्यसैले आङ्‌नै बुद्धिले काम गर्न सक्यो भने

अवश्य सफल हुन्छ र सत्कर्म गरे त्यसको परिणाम पनि राम्रै हुन्छ भन्ने लोकवासीलाई शिक्षा प्रदान गर्नु नै यस कथाको उद्देश्य हो ।

### ३.७.६ भाषाशैली

यस कथामा सरल सहज र कथ्य भाषाको प्रयोग गरिएको छ भने यसको शैली संवादात्मक र वर्णनात्मक रहेको छ ।

### ३.७.७ सोझो नाति र हजुरआमाको कथामा सामाजिक चेतना

यो कथा अर्ति उपदेशसँग सम्बन्धित सामाजिक कथा हो । आर्थिक समस्याका कारण व्यापार गर्न थालेको नाति व्यपार गर्न असफल भएपछि मुग्लान जानेक्रममा बाटोमा चोरहरूसँग भेट हुन्छ र उनीहरूलाई आफूलाई साथी बनाउन अनुरोध गरी चोर्न हिँड्ने क्रममा असफल हुन्छ । सत्यकुरा बोलेको हुँदा नाति र हजुरआमाका दिन सुखसँग बित्छन् । यस कथामा निम्न वर्गीय परिवारको आर्थिक दुरावस्थाको चित्रण गरिएको छ । व्यक्तिले कुनै पनि काम गलत गर्नु हुँदैन कामको आधारमा नै लोकसमाजले स्थान निर्धारण गरिदिन्छ । समस्यामा परेको व्यक्ति अनेक उपायले समस्या समाधान गर्न सफल हुन्छ । एक ठाउँमा असफल हुँदैमा हरेस खानु हुँदैन भन्ने कुरा यस कथाले समाजलाई प्रदान गरेको छ ।

### ३.७.८ निष्कर्ष

यस कथामा कुनै पनि काम गर्दा अरूले भनेको आधारमा नभई आफ्नै बुद्धि र विवेकले गर्नुपर्छ । समय परिस्थिति अनुसार आफू परिवर्तन हुन नसके पनि सत्कर्म गर्न छोड्नु हुँदैन भन्ने कुरा आएका छन् । एउटा सोझो एवम् गरिब नातिले आफू बच्नका लागि चोरको सँगत गरे तापनि चोर्न गएका ठाउँमा चोर्ने काम नगरी कतै खाना पकाउने त कतै कर्नाल बजाउने काम गरेको छ । आफ्नो कामका आधारमा नै लोक समाजले उसको पद निर्धारण गरिदिन्छ भन्नेकुरा देखाउनु नै यस कथाको निष्कर्ष हो ।

## ३.८ 'मधुकरको कथा'को विश्लेषण

मधुकरको कथा विविध कथा अर्न्तगत पर्ने (दन्त्यकथा) हो । यो कथा मालारानी गाउँपालिका वडा नं ७ बामरुक निवासी ७३ वर्षीय रामबहादुर नेपालीबाट २०७५ साल असार ३० गते प्राप्त भएको हो । यो कथा छोटो आयामको कथा हो । यो कथा लोकशैलीमा सुरु र अन्त्य भएको छ । यस कथामा असम्भव लौकिक एवम् अलौकिक कार्य भएका छन् ।

राजाका सातभाइ छोरामध्ये एउटा मधुकर शक्तिशाली र पराक्रमी र पिचासिनीका सातवटी छोरीमध्ये मालती पराक्रमी भएको कुरा उल्लेख गरिएको छ ।

### ३.८.१ कथानक

शूरसेन राजा आफ्ना सात राजकुमार र मन्त्रीसहित अलौकोकी भन्ने ठाउँमा सिकार खेल्न गएका थिए । त्यहाँ एउटी पिशाचिनीको बास थियो । ऊ विष्णु भगवान्को श्रापले पृथ्वीमा आएकी थिई । उसका सातवटी छोरी थिए । तीमध्ये कान्छी छोरी मालती मात्र शक्तिशाली थिई । पिचाशिनीका छोरीहरू सिसौको रूखमुनि बसी बाह्र वर्षसम्म कोही पुरुषको पनि अनुहार नदेख्ने भनी बसेका थिए । बाह्र वर्ष पुग्न एकदिन मात्र बाँकी थियो त्यसैदिन सिकार खेल्ने क्रममा सातराजकुमार त्यहाँनेर पुगे । त्यसपछि मालतीले मधुकरलाई आफूहरूको बाह्र वर्षको व्रत खतम गरिदिएको हुँदा सातभाइले सातैवटी दिदीबहिनीसँग बिहे गर्नुपर्नेकुरा बताइन् । मधुकरले स्वीकार गरे । मालतीले मधुकरका दाजुहरू मर्नेकुरा बत( ाउँछिन् । त्यसपछि 'कसरी बचाउन सकिन्छ' भनेर उपाय सोध्दा 'सय मन फलामको दण्ड पेल्नुपर्ने', 'सय पोखरी दुध एउटाले खाएर सक्नुपर्ने' आदि गरेपछि सातवटा वायुपङ्खी घोडा निस्कने र आकाश मार्गमा गएर बाँच्न सक्नेकुरा बताउँछिन् । मालतीको आज्ञाअनुसार मधुकरले काम गर्दै जान्छन् । अनि वायुपङ्खी घोडा निस्कन्छन् । मधुकर घोडा लिएर मालतीलाई लिएर अर्को देशमा जान खोज्दा छवटी पिशाचिनी घोडाको पुच्छरमा झुण्डिन्छन् । मधुकरले घोडाको पुच्छर काटिदिन्छन् र पिशाचिनीहरू समुद्रमा डुबेर मर्छन् । मधुकर मालतीलाई लिएर अर्को देशमा पुग्छन् । त्यहाँ फम्फावती भन्ने एउटी पराक्रमी राजकुमारीसँग भेट हुन्छ । उनले मधुकरसँग एउटा सर्त राख्छिन् । उनको 'कपाल जसले दुइचिरा पार्न सक्छ त्यससँग विहे गर्छु' भन्छिन् । मधुकरले बाण हानेर उनको कपाल दुईचिरा पारिदिए । त्यसपछि पम्फावतीले मधुकरसँग विवाह गरिन् । मालती सौतासँग बस्न अस्वीकार गरिन् । मधुकरलाई बाँसुरी, बज्रठिया, मनचिन्ते झोली आदि वस्तु दिएर बाँसुरी बजाउनासाथ आफू आउने वाचा गर्दै मधुकरसँग बिदा हुन्छिन् । त्यसपछि मधुकर पम्फावतीसँग बस्छन् ।

### ३.८.२ पात्र

यस कथामा मानवीय, दैवी र पशुपात्र छन् । मानवीय पात्रमा राजा, मन्त्री, राजकुमार, पम्फावती आदि रहेका छन् भने दैवी पात्रमा पिशाचिनीका सातवटी छोरीहरू रहेका छन् र पशुपात्रमा वायुपङ्खी घोडा रहेको छ ।

### ३.८.२.१ शक्तिका आधारमा पात्रः

(अ) अर्द्धदैवीशक्तियुक्त पात्रः

यस कथामा मालती अर्द्धदैवी पात्र हुन् । मालती मानसपुत्र मधुकरलाई दुसाध्य र कठिन काम गर्ने उपाय बताइ दिन्छिन् । मधुकर वायुपङ्खी घोडा चढी मालतीसहित समुद्र पार गरी अन्य देशमा जान्छन् भने अन्य छ वटी पिशाचिनीहरू घोडाको पुच्छरमा झुन्डी रहन्छन् । मधुकरले सुदर्शन चक्रले घोडाको पुच्छर काटी दिएपछि समुद्रमा  डुबेर मर्दछन् । मधुकरले राजकुमारी पम्फावतीसँग बिहे गरेपछि मालती (परी) मनोचिन्ते झोली, बज्रठियाँ आदि वस्तु दिएर मधुकरसँग बिदा हुन्छिन् । यस कथामा मालतीको भूमिका महत्त्वपूर्ण रहेको छ । मालती मानसपुत्र मधुकरसँग बिहे गरी बिछोड भएपछि कथाको अन्त्य हुन्छ ।

(आ) असाधारण शक्तियुक्त पात्रः

मधुकर यस कथाको सहायक पात्र हो । उसकै नामबाट कथाको शीर्षक राखिएको छ । मधुकर वीर र पराक्रमी राजकुमार हो । उसले सय मन फलामको दण्ड पेल्न सक्छ, सय मन फलामको चिउरा खान सक्छ, कपालको एउटा कपाललाई बिचबाट बाण हानेर दुई चिरा पार्न सक्छ । यो कथा मधुकरको दुसाध्य र कठिन कार्यकै कारण रोचक बन्न पुगेको छ ।

(इ) मानवेतर पात्रः

वायुपङ्खी घोडा पनि यस कथाको असाधारण शक्तियुक्त मानवेतर पात्र हो । ऊ मधुमालतीसँग कुरा गर्छ, आफू पराक्रमी भएको र मालतीसँग मधुकरलाई समुद्रपारीको देशमा लान सक्ने कुरा बताउँछ । त्यस्तै पुच्छर काटिदा पनि मर्दैन, यस कथामा वायुपङ्खी घोडाको भूमिका महत्त्वपूर्ण देखिन्छ । वाय्पङ्खी घोडा नभएको भए मधुमालती समुद्र पार गरेर अर्को देशमा जान सक्ने थिएनन् । यस कथालाई गति दिने काम वायुपङ्खी घोडाले गरेको छ । वायुपङ्खी घोडा यस कथाको सहायक र अपरिहार्य मानवेतर पात्र हो ।

### ३.८.२.२ वर्गका आधारमा पात्रः

मानव पात्रः

वर्गका आधारमा यस कथाको नायक पात्र मधुकर हो । यसकै नामबाट कथाको शीर्षक राखिएको छ । यस कथामा ऊ असाधारण शक्तियुक्त पात्रका रूपमा देखिन्छ । उसले आफ्नो वीरता र साहस प्रदर्शनबाट दुसाध्य र कठिन कार्य गर्न सफल भएको छ । जस्तै सय मन फलामको चिउरा खाएको, सय मन फलामको दण्ड पेलेको, एउटा रौंमा बाण हानी दुई चिरा पारेको आदि कार्यको वर्णन कथामा पाइन्छ ।

दैवीपात्रः

मालती यस कथामा दैवी पात्रका रूपमा आएकी छन् । उनले मानसपुत्र  मधुकरसँग बिहे गर्छिन् । मधुकरलाई बासुरी बज्रठियाँ र मनचिन्ते झोली उपहार दिन्छिन् र मधुकरलाई केही भएमा बासुरी बजाउनासाथ आफू आउने बाँचा गर्दै मधुकरसँग बिदा हुन्छिन र कथाको अन्त्य हुन्छ ।

पशुपंक्षी, सरिसृप तथा कीटपतङ्ग पात्रः

वायुपङ्खी घोडा यस कथाको दिव्यशक्तियुक्त पशु पात्र हो । यसले मधुमालतीलाई आकाश मार्गमा पुऱ्याएको छ । पुच्छर काटिदाँ पनि जीवितै रहेको छ । कथाका मूख्य पात्रको सहयोगीका रूपमा यसको भूमिका देखिन्छ ।

### ३.८.३ परिवेश

यस कथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशमा मधुमालतीले अद्‌भूत कार्य गरेका छन् । यिनीहरूको कार्यमा घोडाले सहयोग गरेको छ । यसको स्थानिक परिवेशका रूपमा राजदरबार, अलौकोकी वन, समुद्र, पम्फावतीको देश आदि रहेका छन् । आन्तरिक परिवेशका रूपमा दैवीपात्र (मालती) र सामान्य मानिस पात्र पम्फावतीबीच ईर्ष्या, मालती र पिशाचिनीबीचको ईर्श्या आदि रहेका छन् । बाह्य परिवेशमा घोडाको पुच्छरमा पिशाचिनीहरू झुण्डिनु, घोडाको पुच्छर काटिनु, मधुकरले पम्फवतीसँग बिहे गर्नु, मालतीसँग विछोड हुनु आदि रहेका छन् ।

### ३.८.४ द्वन्द्व

यस कथामा बाह्य द्वन्द्वको प्रयोग सबल रूपमा देखिन्छ । कथाको सुरुदेखि अन्त्यसम्म नै बाह्य द्वन्द्व प्रभावकारी रहेको छ । जस्तैः पिशाचिनी र मधुकरबीचको द्वन्द्व, मालती र पम्फावतीबीचको द्वन्द्व आदि रहेका छन् । मधुकर मालतीलाई लिएर जाँदा समुद्रमा पिचासिनी घोडाको पुच्छरमा झुन्डीएका छन् र घोडाको पुच्छर काटी दिएपछि समुद्रमा डुबेर मरेका छन् । मालती र पम्फावतीबीचको द्वन्द्वका कारण मधुमालतीको विछोड भएको छ र अन्त्यमा मधुकरको पम्फावतीसित पनि विछोड भएको छ यसरी यस कथामा आन्तरिक र बाह्य दुवै द्वन्द्वको प्रयोग हुँदाहुँदै पनि बाह्य द्वन्द्व नै सबल देखिन्छ ।

### ३.८.५ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु रहेका छ । यसमा मानव र दैवी मानवका साहसिक एवम् अद्भुत कार्यको वर्णन गरिएको छ । त्यस्तै पुरुषले आफ्नो पुरुषार्थ देखाएर बहुविवाह गर्नु भनेको आफैलाई समस्या निम्त्याउनु हो भन्ने कुरा देखाउनु नै यस कथाको उद्देश्य हो ।

### ३.८.६ भाषाशैली

यस कथाको भाषा सामान्य बोलीचालीको र पात्रअनुसारको रहेको छ । कथामा कतैकतै कौतूहल सिर्जना गर्ने किसीमको भाषा प्रयोग भएको पाइन्छ भने कतै प्रश्नोत्तरात्मक शैली पाइन्छ । जस्तै : जाँदा जाँदा पुर्व पट्टी उज्यालो देखियो यो बिजुली होकी ? जुनकिरी होकी ? भनेर पत्ता लगाउँदै जाँदा पूर्वदिशातिर सिसौका रूखमा उज्यालो देखियो । तिमीहरू कति भाइ छौं ? (मालती) हामीहरू सातभाइ छौं (मधुकर) । यस कथामा पात्रानुसारको भाषा र वर्णनात्मक एवम् व्याख्यात्मक दुवै शैलीको प्रयोग पाइन्छ ।

### ३.८.७ मधुकरको कथामा सामाजिक चेतना

मधुकरको कथामा मालतीले मधुकरसँग बिहे गरेको भगवान् विष्णुको नाम जपेपछि असम्भव कार्य गर्न मधुकर सफल भएको, घोडाको पुच्छर काटी छवटी पिशाचिनीलाई समुद्रमा डुबाई मालतीलाई लिई अर्कै देशमा गएको प्रसङ्ग यस कथामा आएको छ । यस कथामा मान्छेबाहेक अप्सरा, पिशाचिनी आदि पात्रले मानिसको काममा सहयोग र बाधा पुऱ्याएको कुराले समाजका राम्रा मान्छेलाई अप्सरासँग तुलना गरिएको र खराब मान्छेलाई

पिशाचसँग तुलना गरिएको छ । त्यसैगरी समाजमा पुरुषले आफ्नो पराक्रम देखाएर बहुविवाह गर्ने प्रचलन, सौताहरूप्रतिको बेमेल आदि कुरा देख्न सकिन्छ । कुनै पनि मान्छेले आफ्नो वीरता, साहस र कलाको उचित ठाउँमा प्रयोग गर्नुपर्छ यसो नगरेमा त्यो आफ्नै लागि घातक हुन्छ भन्नेकुरा पनि यस कथामा पनि देखाइएको छ ।

### ३.८.८ निष्कर्ष

मधुकरको कथा विविध कथा अन्तर्गत पर्ने दन्त्यकथा हो । यस कथामा परी मालतीले राजकुमार मधुकरसँग बिहे गरेको र पछि मधुकरले राजकुमारी पम्फावतीसँग बिहे गरे पछि मधुकरलाई मनचिन्ते झोली, बाँसुरी, बज्रठिया आदि जादुका वस्तु उपहार दिएर मधुकरले बाँसुरी बजाउँनासाथ आउने बाँचा गर्दै मधुकरसँग बिदा हुन्छिन् मानसपुत्र मधुकरले पनि राजजकुमारी पम्फावतीसँग पराक्रम बिहे गर्छ । परी अप्सरा आदि श्रापका कारण पृथ्वीमा ओर्लनुपर्ने र व्रत आदि द्वारा सिद्धि प्राप्त गरेपछि स्वर्गलोकतिर नै जाने, अप्ठ्यारो पर्दा मानिसलाई सहयोग गर्ने गर्छन् । मानिसले आफ्नो वीरता र पराक्रमलाई उचित ठाउँमा प्रयोग गर्न नसके आफ्नै लागि घातक हुन्छ भन्ने कुरा यस कथाको निष्कर्ष हो । अर्थात् राम्रो वस्तु पाउन मेहनत र कठिन कार्य गर्नु पर्छ र राम्रो वस्तुलाई सुरक्षित राख्नको लागि पनि बुद्धि र बलको सही ठाउँमा प्रयोग गर्नुपर्छ भन्ने कुरा देखाउनु नै यस कथाको निष्कर्ष हो ।

## ३.९ 'कालीनाग र सेतीनागको कथा'को विश्लेषण

कालीनाग र सेतीनागको कथा अलौकिक अतिरञ्जित कथा हो । यो कथा मालारानी गाउँपालिका वडा नं ६ निवासी ४२ वर्षीय बलबहादुर रानाबाट वि.सं.२०७५ साल साउन २ गते प्राप्त भएको हो । यस कथामा सरीसृप पात्र मुख्यपात्र रहेका छन् भने सहायक पात्रमा मानवीय र दैवी पात्र रहेका छन् । यो छोटो आयामको र पुष्ट कथानक भएको कथा हो । कालीनाग र सेतीनागबीच आपसमा को ठुलो भन्ने कुराको प्रतिस्पर्धाबाट कथा सुरु भएको छ भने सेतीनागलाई सबैले मान्न थालेपछि कथाको अन्त्य भएको छ । यस कथामा मानवीय र दैवी पात्रले सरीसृप पात्रलाई सहयोग गरेका छन् ।

### ३.९.१ कथानक

कालीनाग र सेतीनागको कथाको कथानक कालीनागले को ठुलो भन्ने घमण्ड गरेपछि सेतीनागले लुकामारी खेली जो छिटो अल्पन सक्छ त्यो नै ठुलो हुन्छ भन्ने सर्त राखेपछि सुरु हुन्छ । यी दुई नाग लुकामारी खेल्न सुरु गरेपछि कथानक उत्कर्षमा पुग्छ र सेतीनागलाई सबैले मान्न थालेपछि कथानकको अन्त्य हुन्छ । यो छोटो आयामको कथानक भएको कथा हो । यस कथाको मुख्यपात्र कालीनागले सेतीनागसँग म ठुलो भन्ने घमण्ड देखाएपछि सेतीनागले लुकामारी खेल्ने सर्त राख्छ र यी दुबै आङ्नो सर्त पूरा गर्नतर्फ लाग्छन् । कालीनाग भिरपाखा हाम फाल्दै कालिकादेवीसामु बाग्लुङको कालिका भिरमा पुग्छ भने सेतीनाग हिमालय पर्वतबाट दक्षिणतर्फ किसानले हलो जोत्दै गरेको खेतमा पुग्छ र किसानलाई हलोको सियोमुनि लुकाउन भनी लुकी वेशी फोर्दै, डाँडा भत्काउँदै नागवेली बनेर हिँडेको छ । सेतीनागका यी क्रियाकलापदेखि कालीनाग रिसले चूर हुन्छ अनि उसलाई कालिका देवीले 'क्रोध र घमण्ड गर्नुहुन्न' भनी सम्झाउँछिन् । सेतीनागलाई सबैले पुज्छन् । यसको कथानक असत् पात्र कालीनागको घमण्डबाट सुरु भएको छ र उसको हार र सेतीनागको जितबाट अन्त्य भएको छ ।

### ३.९.२ पात्र

यस कथामा मानवीय, दैवी र अर्धदैवी गरी तीन किसिमका पात्रको प्रयोग भएको पाइन्छ ।

### ३.९.२.१ कार्य क्षमता वा शक्तिका आधारमा कथाका पात्र

(अ) दिव्यशक्तियुक्त पात्रः

यस कथामा कालिका देवी यस कथाकी दिव्यशक्तियुक्त पात्र हुन् । यस कथामा सरीसृप पात्रलाई सहयोग गर्ने र लोकवासीलाई रिस र घमण्ड गर्नुहुन्न भन्ने नैतिक शिक्षा प्रदान गर्ने देवी यस कथाको मुख्यपात्र कालीनागको सहयोगी पात्र हुन् ।

(आ) अर्द्धदैवी शक्तियुक्त पात्रः

यस कथामा सरीसृप कालीनाग र सेतीनाग अर्द्धदैवी शक्तियुक्त र यस कथाका मुख्य पात्र हुन् । यी दुईमा को ठुलो भन्ने विषयमा विवाद भएपछि प्रतिस्पर्धा गर्दा सेतीनाग नै ठुलो ठहरिएपछि लोकवासीले उसलाई पुज्छन् भने कालीनागको हार हुन्छ ।

(इ) सामान्य शक्तियुक्त पात्र:

हलोजोत्ने किसान यस कथाको सामान्य शक्तियुक्त पात्र हो यस कथामा सेतीनागको कार्यसिद्धिमा सहयोगी पात्रको भूमिकामा उसको स्थान रहेको छ ।

### ३.९.२.२ वर्गका आधारमा कथाका पात्र

(अ) मानव पात्र:

हलो जोत्ने किसान सेतीनागको सहयोगी पात्र हो । यस कथामा यसले सेतीनागको कार्यमा सहयोग गरी सेतीनागलाई लोकले पुज्ने बनाएको छ ।

(आ) दैवीपात्र:

कालिका देवी यस कथाकी दैवी पात्र हुन् । यस कथामा सहायक पात्रका रूपमा कालीनागलाई घमण्ड र रिस गर्नुहुन्न भनेर सम्झाउने काम उनले गरेकी छिन् ।

(इ) सरीसृप पात्र:

कालीनाग र सेतीनाग यस कथाका सरीसृप र मुख्य पात्र हुन् । कालीनाग असत् पात्र हो भने सेतीनाग सत्पात्र हो । कालीनाग म ठूलो हुँ भन्ने घमण्ड गर्छ भने सेती नाग कामका आधारमा सानो ठूलो छुटिन्छ भन्दै काम गर्न तत्पर हुन्छ । यसरी मानव र मानवेतर पात्रको प्रयोग गरी कथामा पात्रको भूमिका प्रष्ट पारिएको छ ।

## ३.९.३ परिवेश

यस कथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशका रूपमा ग्रामीण सामाजिक परिवेश रहेको छ । लौकिक परिवेशमा बाग्लुङको कालिका भिर, हिमालय पर्वतको दक्षिणी भाग आदि रहेका छन् । ग्रामीण परिवेशमा किसानले हलो जोत्नु, हलोको सियोमुनि सर्प लुक्नु आदि रहेका छन् । त्यस्तै सामाजिक साँस्कृतिक परिवेशका रूपमा नागको पूजा गर्नु, सेतीनागलाई सबैले मान्नु, कालिका देवीलाई मान्नु आदि रहेका छन् । स्थानिक परिवेशका रूपमा बाग्लुङको कालिका भिर, हिमालयको दक्षिण भाग प्रस्ट आएको हुँदा नेपालको मध्य पहाडी भूभाग, नागपूजा गर्नुले गाउँको परिवेश, किसानले हलो जोत्नुले दिनको समय आएको देखिन्छ ।

### ३.९.४ द्वन्द्व

यस कथाको आरम्भमै कालीनाग र सेतीनागबीच को ठुलो भन्नेकुराको द्वन्द्व हुन्छ । सेतीनागले लुकामारी खेली जो छिटो अल्पन सक्छ उही ठुलो हुन्छ भनेपछि बाह्यद्वन्द्वको विकास हुन्छ । आन्तरिक द्वन्द्वका रूपमा यी दुई नाग लुकामारी खेल्नु, दुबै अदृश्य भएर आ–आफ्नो काम गर्नु रहेको छ भने बाह्य द्वन्द्वका रूपमा कालीनाग भिरपाखामा फालहाल्दै दौडनु, सेतीनाग डाँडा फोर्दै वेशी भत्काउँदै हिँड्नु उसलाई लोकले पूजा गर्नु, कालीनाग रिसले चुर हुनु आदि रहेका छन् । यस कथाको उठान बाह्य द्वन्द्वबाट भएको छ भने मध्यभागमा आन्तरिक द्वन्द्व र कथाको अन्त्यतिर पनि बाह्य द्वन्द्व नै रहेका पाइन्छ । यस कथामा आन्तरिक द्वन्द्वभन्दा बाह्यद्वन्द्व सबल रहेको छ ।

### ३.९.५ उद्देश्य

यस कथाको मुख्य उद्देश्य नैतिक, सास्कृतिक र व्यावहारिक शिक्षा दिनु रहेको छ । बलको घमण्ड देखाइ म ठुलो हुँ भन्ने कालीनागको हार र बल, बुद्धि र ज्ञानको प्रयोग गरी कालीनागलाई परास्त गर्न सफल सेतीनागका माध्यमबाट लोकवासीलाई रिस र घमण्ड छाडी बुद्धि र विवेकले चल्नुपर्छ, असत्य घमण्ड र बलको जीत नभई सत्यको नै जीत हुन्छ, सत्य शाश्वत हुन्छ, राम्रो काम गर्ने व्यक्ति नै सबैको पूज्य हुन्छ भन्ने शिक्षा प्रदान गर्नु नै यस कथाको मुख्य उद्देश्य हो । यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नुका साथै युवा पुस्तालाई नैतिक, व्यावहारिक र साँस्कृतिक शिक्षा प्रदान गर्नु रहेको छ ।

### ३.९.६ भाषाशैली

कालीनाग र सेतीनागको कथाको भाषा सरल र बोधगम्य रहेको छ भने शैली वर्णनात्मक एवम् काव्यात्मक किसिमको रहेको छ । कथक्कडले कथाको सुरुमै काव्यात्मक भाषाशैलीको प्रयोग गरेका छन् । यसको पुष्टिका लागि निम्नलिखित साक्ष्य प्रस्तुत गरिएको छः 'काली नाग र सेती नागको कथा कहानी म भन्छु, को ठुलो हो भनी लडाइ सुरु म गर्छु'

यसमा सामान्य बोलीचालीको भाषामै गेयात्मक शैलीको प्रयोग गरी स्रोतालाई मन्त्रमुग्ध पारेका छन् ।

### ३.९.७ संवाद

यस कथामा काली नाग र सेती नागबीच भएको संवाद (हामी दुईमा को ठुलो, लुकामारी खेलौँ), सेती नाग र किसानबीच भएको संवाद, कालिका देवी र काली नागबीच भएको संवाद आदि रहेका छन् । जस्तैः सेतीनागः मलाई तिम्रो हलोको सियोमुनि लुकाई देऊ, किसानः हुन्छ सेतीनाग देवता, कालिका देवीः मसँग बस तिम्रो नाम चल्ने छ ।, कालिनागः हुन्छ ।

### ३.९.८ काली नाग र सेती नागको कथामा सामाजिक चेतना

यस कथामा नागपूजा गर्ने लोकविश्वाससँग सम्बन्धित कुरालाई उठान गरिएको छ । सरीसृप पात्रका असल कार्यको वर्णन गरी समाजमा खराब भन्दा असल मानिस नै पुज्य हुन्छ भन्ने सामाजिक चेतना यस कथामा पाइन्छ । त्यसैगरी लोकवासीहरूले नागपूजा गर्ने एउटा संस्कार रहेको कालिका देवीलाई स्थानीय देवीका रूपमा मानिने बाग्लुङको कालिका भिर, हिमालयको दक्षिणी भेग आदि स्थानको उल्लखले यस कथामा त्यस क्षेत्रका मानिसको साँस्कृतिक आस्था एवम् विश्वासका रूपमा नागपूजा गर्नु देखिन्छ । त्यसैगरी त्यस क्षेत्रमा हलो जोत्ने किसानले कृषि कर्ममा गोरूको सहायता लिने गरेको देखिन्छ । त्यसक्षेत्रका लोकवासीहरू नाग देवता, कालिका देवी आदिका उदाहरण दिएर समाजमा सत्पात्रको परिकल्पना गरेको पाइन्छ । कालोलाई नराम्रो वा खराब र सेतोलाई राम्रो वा असल ठान्ने रङ्गभेदी नीतिको कुरा पनि यस कथामा दुई नागका माध्यमबाट प्रस्टिएको छ ।

### ३.९.९. निष्कर्ष

लोकसमाजले कार्य वा गुणका आधारमा कुनैपनि वस्तुको मूल्या निर्धारण गरेको हुन्छ । सत्कर्म गरेमा लोकले आदर सम्मान गर्दछ भने घमण्ड गरेमा आफैलाई लोकका सामु शिर झुकाउनुपर्ने हुन्छ । घमण्ड र बलले आफैलाई घात गर्ने हुँदा त्यसलाई त्यागी बुद्धि र विवेकले चल्नुपर्छ एकअर्कासँग तुलना गर्ने कसी बल र घमण्ड नभई बुद्धि विवेक हो । सतकर्म गरे समाजमा सबैको पुज्य बनिन्छ भने नैतिक सन्देश प्रदान गर्नु नै यस कथाको निष्कर्ष हो । अर्थात् मानवेत्तर पात्र दुई नागका माध्यमबाट समाजका खराब मानिसलाई असल बन्ने नैतिक सन्देश प्रवाह गर्नु नै यस कथाको निष्कर्ष हो । यस कथाको कथानकलाई अघि बढाउन पात्रको भूमिकाअनुसारको वातावरण सिर्जजना गरी अन्ततः घमण्डी र बलवान पात्रको हार भएको र बुद्धि र विवेकी पात्रको जीत भएको कुरा

देखाइएको छ । समग्रमा यस कथाले नैतिक सामाजिक सांस्कृतिक र व्यावहारिक शिक्षा प्रदान गर्न खोजेको छ ।

## ३.१० पाँचभाइको कथाको विश्लेषण

पाँचभाइको कथा सामाजिक कथा हो । यो कथा अर्घाखाँची जिल्ला मालारानी गाउँपालिका वडा नं.८ निवासी ३७ वर्षीय सुमित्रा अधिकारीबाट २०७५ साल असार २५ गते प्राप्त भएको हो । यो छोटो आयामको कथा हो ।  यसमा पारीवारिक सम्बन्धको चित्रण गरिन्छ । यसलाई कथातत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ३.१०.१ कथानक

पाँचभाइको कथामा बाबुआमा नभएकी एउटी बहिनी र पाँचभाइ दाजुहरू हुन्छन् । दाजुहरूले बहिनीलाई अत्यन्तै माया गर्छन् । उनीहरू कामको सिलासिलामा बहिनीलाई घरमा भाउजूहरूसँग छाडेर परदेश जान्छन् । त्यसपछि भाउजूहरूले घरमा बहिनीलाई असम्भव काम गर्न लगाएर दिनुसम्म दु:ख दिन्छन् । खानाखान पनि दिँदैनन् । एउटा असम्भव काम गऱ्यो, अर्को असम्भव काम गर्न लगाउँछन् । यस्तै प्रकारले दु:ख दिँदै गएर दाजुहरू परदेशबाट घर फर्किने समयमा त बहिनी घरदेखि टाढा सिमलको बोटको टुप्पोमा बास बसेको फेला पार्छन् । अनि दाजुहरूले बहिनीलाई बाक्साभित्र राखेर घरमा लिएर आउँछन् र भाउजूहरूलाई ‘हाम्री बहिनी खै’ ? भनेर सोध्छन् । कान्छी भाउजू बाहेक चारवटी भाउजूले सही कुरा बोल्दैनन् । त्यसपछि दाजुहरूले ती चारैवटी भाउजूहरूलाई घरबाट निकाली दिन्छन् भने कान्छी भाउजू र बहिनीलाई सुनैसुनले छाएर घरमा राखी आनन्द र खुसीसाथ घरमा बस्न थाल्छन् । यस कथाको सुरुमा पाँचभाइ दाजुहरू बहिनीलाई घरमा भाउजूहरूसँग छाडेर परदेश लागेपछि उसका दु:खका दिन सुरु हुन्छन् । पहिलो दिन भाउजूहरूले नन्दलाई बिना डोको, बिना नाम्लो, बिना हँसिया जङ्गलमा गएर दाउरा लिन भन्छन् । बहिनी जङ्गलमा गएर धुरूधुरू रोएर बसेको देखी बाँदरले दाउरा भाँचीदिन्छ भने सर्पले दाउराको वरिपरि बेरिएर नाम्लोको काम गरिदिन्छ । अनि बहिनी दाउरा लिएर घरमा जान्छिन् । त्यसपछि भाउजूहरूले अब यसलाई के काम लगाउने भन्ने सल्लाह गर्छन् र चाल्नमा पानी ल्याउन लगाउँछन् । त्यतिबेला पँधेरोमा गएर बहिनी रोएको देखी माछा चाल्नाको पींधमा आएर बसी पानी ल्याउँन सहयोग गर्छ । त्यसपछि भाउजूहरूले नन्दलाई बिना ढिकी, बिना जातो चामल कुटेर ल्याउन भन्छन् । त्यतिबेला भँगेराले धान फोकी दिएर

सहयोग गर्छन् । त्यसैगरी अर्कोपटक बाघको दूध लिन पठाउछन् । बाघका बच्चाले आफ्नी आमाको दूध दिएर सहयोग गर्छन् । त्यसपछि नन्दलाई कौवाका फुल लिन पठाउछन् । कौवाको फुल फेला नपारेपछि बहिनी त्यसदिन सिमलको बोटको टुप्पोमा बास बस्ने निर्णय गर्छिन् ।

संयोगवस उनका परदेश गएका दाजुहरू साँझ त्यही सिमलको बोटमुनि बास बस्ने निधो गरी खाना पकाउँछन् । खाना खान लाग्दा पाँचवटा थालमा हुनुपर्ने खाना छवटा थालमा भयो । सबै अचम्म परे । सबैले खाना खान लाग्दा सबै भाइको भागमा एक एक थोपा आँसु झर्‍यो । पानी त परेको छैन यो एक एक थोपा पानी कहाँबाट आयो भनी अचम्म परे । रूखको टुप्पोमा लाइट बालेर हेर्दा कोही देखियो । त्यसपछि जेठो दाइ रूखमा चढेर भुइँमा झार्‍यो । यसो हेर्दा त आफ्नै बहिनी पो रहिछ । दाजुहरूले 'यहाँ किन, कसरी आएको' भनी प्रश्न गर्दा बहिनीले सबै बृतान्त बताइन् । अनि बहिनीलाई दाजुहरूले बाक्सामा राखेर घरमा लिएर जान्छन् । पाँचैजना दाजुहरूले भाउजूरूलाई 'हाम्री बहिनी खै' भनेर सोध्दा कान्छी भाउजूबाहेक कसैले पनि सही कुरा नभनेको हुँदा चारवटी भाउजूहरूलाई घरबाट निकाली दिन्छन् भने कान्छी भाउजू र बहिनीलाई घरमा सुनैसुनले छाएर राखेका हुन्छन् । यस कथाको कथानकको प्रारम्भ पाँचभाइ परदेश लाग्नुबाट भएको छ भने विकास चारवटी भाउजूले नन्दलाई दुःख दिनुबाट भएको छ । कथानकको अन्त्य दाइहरू प्रदेशबाट फर्केर घरमा आएको दिनबाट भएको छ ।

### ३.१०.२ पाँचभाइको कथामा पात्र

### ३.१०.२.१ कार्यक्षमता वा शक्तिका आधारमा कथाका पात्र

(अ) असाधारण शक्तियुक्ति पात्रः

यस कथामा बाँदर, सर्प, माछा, भँगेरा, बाघका बच्चा आदि रहेका छन् । यी पात्रहरूले यस कथाकी मुख्य पात्रलाई उसका असम्भव कार्यमा सहयोग पुर्‍याएका छन् । जस्तैः बाँदरले दाउरा भाँची दिएको छ भने सर्पले नाम्लो बनेर दाउरा लिन सहयोग गर्छ, त्यसै गरी माछाले चाल्नाका पिँधमा बसेर चाल्नमा पानी ल्याउन सहयोग गर्छ, भँगेराले धान फोकी दिन्छन्, बाघको बच्चाले बाघको दूध दिएर सहयोग गरेका हुन्छन् । यसरी यस कथाकी मुख्य पात्रका असम्भव कार्यहरू पशुपंक्षी एवम् सरीसृप पात्रका सहयोगले मात्र सम्भव हुन्छन् । माथिका पात्रहरू असाधारण शक्ति भएका पात्र हुन् ।

(आ) सामान्यशक्तियुक्त पात्रः

यस पाँच भाइको कथामा पाँचभाइ दाजुहरू पाँचवटी भाउँजूहरू र वहिनी यस कथाका सामान्य शक्तियुक्त पात्र हुन् । यस कथामा दाजुहरू र कान्छी भाउजू शत पात्र हुन भन्ने चारवटी भाउजूहरू असत् पात्र हुन् । त्यसैगरी यस कथाकी मुख्य पात्र बहिनी लोकसमाजकी दयाकी पात्र हुँन् । पशुपंक्षीका सहयोगले मात्र उनले आफ्ना कार्य गर्न सफल भएकी छन् ।

### ३.१०.२.२ वर्गका आधारमा कथाका पात्र

मानवीय पात्र यस कथामा प्रयोग भएका मानवहरू सामान्य नै रहेका छन् । यस कथाकी मुख्य पात्र बहिनी पनि समान्य मानव पात्र नै हो । उसले आफैले त केवल रुने र आफ्नो समस्या बताउने मात्र काम गरेकी छ ।

पशुपंक्षी र सरीसृप पात्रः

यस कथामा आएका पशुपंक्षी एवम् सरीसृप उनीहरूको चारित्रिक स्वभाव एवम् खुवी अनुसार कथाकी मुख्य पात्र बहिनीलाई सहयोग गर्न तत्पर रहेका छन् । जस्तो भँगेराले धान फोकिदिनु, बाँदरले दाउरा भाँचिदिनु, सर्प नाम्लो बनिदिनु आदि । यस कथामा मानव पात्रको कार्यमा मानिसले नभइ पशुपंक्षी एवम् सरीसृपले सहयोग गरेका छन् । यी पात्रका सहयोगद्वारा नै मानिसले असम्भव कार्य गरेको देखिन्छ । यस कथामा यी पात्रहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । समस्याअनुसार पात्रको सिर्जना परिकल्पना गरिनुले पनि कथा रोचक र मनोरञ्जन एवम् कुतुहल पूर्ण भएको छ । जस्तो दाउरा भाँच्नुपर्दा बाँदरको परिकल्पना गरिएको छ भने दाउरा बोक्नुपर्दा सर्पको परिकल्पना गरिएको छ । यसरी मानव तथा मानवेत्तर पात्रहरू संयोजन गरी कथालाई आकर्षक बानाएको छ ।

### ३.१०.३ परिवेश

यस कथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशमा घर, जङ्गल, ओढार, पँधेरो बाटो, परदेश, दिन, रात बिहान आदि रहेको छ । आन्तरिक परिवेशका रूपमा भाउजूहरूले नन्दप्रति गरेको ईर्ष्या, नन्दले असम्भव काम गर्दाको आश्चर्य, काम गर्न नसक्दाको डर, दाजुहरू मुग्लानबाट फर्केपछि भाउजूहरूको मनमा उत्पन्न भएको डर त्रास आदि आन्तरिक परिवेशका रूपमा आएका छन् भने बाह्य परिवेशको रूपमा दाजुहरू

भाउजूहरूलाई घरबाट निकाल्नु बहिनीले पशुपंक्षीका सहयोगले असम्भव कार्य गर्नु आदि रहेका छन् ।

### ३.१०.४ द्वन्द्व

यस कथामा आन्तरिक र बाह्य दुवै प्रकारको द्वन्द्व देखिएको छ । भाउजूहरूले असम्भव कार्य गर्न लगाउँदा नन्दका मनमा उब्जेको पीडा आन्तरिक द्वन्द्व हो भने दाजुहरूले भाउजूहरूलाई घरबाट बाहिर निकाल्नु बाह्य द्वन्द्व हो । नन्द र भाउजूका बीच भएको द्वन्द्वलाई आन्तरिक र बाह्य दुवै रूपमा हेर्न सकिन्छ ।

### ३.१०.५ उद्देश्य

यस कथाको उद्देश्य आनन्द प्रदान गर्नु हो । जहाँ समस्या त्यहाँ समाधान भनेझैँ मानिसलाई समस्या पर्दा मानिस मात्र उसको सहयोगी नभई पशुपक्षीले समेत सहयोग गर्दछन् भन्ने लोकविश्वास यस कथामा देखाउन खोजिएको छ । मानिसलाई पासोमा पार्ने काम मानिसले नै गरेको हुन्छ । गलत र खराब कामको उचित मूल्याङ्कन गरी निर्दोषलाई न्याय र दोषीलाई सजाय हुनुपर्छ भन्नेकुरा देखाउनु नै यस कथाको उद्देश्य रहेको छ ।

### ३.१०.६ भाषाशैली

यस लोककथाको भाषा सरल, सहज र बोलीचालीकै रहेको छ भने शैली वर्णनात्मक र संवादात्मक रहेको छ । कतै कथ्य भाषाको प्रयोग देखिन्छ । जस्तैः बाँदरले रूखमा चढेर भटाभट दाउरा भाँचो, यसले त बाघको दूध समेत लेर आई अब यलाई के  दुःख दिने, अब म घर जाँन्न यही बस्चुँ यही मर्छु आदि ।

### ३.१०.७ संवाद

यस कथामा मान्छे र पशुपंक्षीबीच भएको संवाद, मान्छे र मान्छेबीच भएको संवाद उल्लेख्य रूपमा आएको छ । जस्तैः ए ! बैनी तिमी यस्तो जङ्गलमा बसेर किन रोइरहेकी ?( बाँदर) मलाई भाउजूहरूले बिना नाम्लो, बिना डोको, बिना हँसिया दाउरा लिन जा भन्नुभयो त्यसैले म यहाँ बसेर रोइरहेकी हुँ । (बहिनी) तिमी नरोऊ मैले दाउरा भाँची दिन्छु (बाँदर) ।

माथिको संवाद यसो हेर्दा अस्वाभाविक जस्तो लागे तापनि कथाको प्रसङ्गअनुसार मार्मिक नै देखिन्छ । यस्तै क्रमले सर्प, भँगेरा, माछा र बाघका बच्चा आदिले पनि बहिनी रुनाको कारण सोधी आफू आफूले गर्नसक्ने सहयोग गरी उनलाई सहज बनाइदिएका छन् । कथाको अन्त्यतिर अन्यायमा परेकी बहिनीलाई न्याय दिलाउने दाजुहरूसँगको संवाद पनि महत्त्वपूर्ण देखिन्छ ।

### ३.१०.८ पाँचभाइको कथामा सामाजिक चेतना

पाँचभाइको कथा पारिवारिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा मुख्यतः नारी समस्यालाई उठान गरिएको छ । घर, समाजमा भाउजूले नन्दलाई गर्ने व्यवहार, बुहार्तन आदि कुराको चर्चा गरिएको छ । दाजुहरू घरमा हुँदा र नहुँदा भाउजूहरूले नन्दप्रति गरेको व्यवहारलाई यस कथामा उतारिएको छ । यस कथामा परिवारका सदस्यहरू एकअर्काप्रति ईर्ष्यालु हुँदा पारिवारिक विखण्डनको स्थिति सिर्जना हुन्छ । एउटी नारीलाई गलहत्याएर घरबाट निकाल्दैमा अर्की नारीको उद्धार हुन सक्दैन । यस कथामा घटेका घटनालाई हेर्दा नारी शिक्षाको अभाव रहेको हुँदा नारीले नारीमाथि दमन गरेको देखिन्छ ।

### ३.१०.९ निष्कर्ष

पाँचभाइको कथा सामाजिक कथा हो । यो कथा पारिवारिक विषयवस्तुमा आधारित रहेको छ । हाम्रो समाजमा अशिक्षाको कारण एउटी नारीले अर्की नारीलाई कसरी प्रताडना दिन्छन् भन्नेकुराको ज्वलन्त उदाहरणका रूपमा यस कथालाई लिन सकिन्छ ।

## ३.११ 'भावीको लेखा लोककथा'को विश्लेषण

भावीको लेखा अनुश्रुति कथा हो । यो कथा अर्घाखाँची जिल्ला मालारानी गाउँपालिका.वडा नं. ६ मेहेलपानी निवासी ६३ वर्षीय लेखनाथ पौडेलबाट २०७५ साल असोज २६ गते प्राप्त भएको हो । यस कथामा एउटा गरिब बाहुनको छोरा भावीको लेखाका कारण राजाको सम्पत्ति खाएर राजा भएर बसेको प्रसङ्ग छ भावीको लेखा मानिसले केही गरे पनि मेट्न सक्दैनन् बच्चा जन्मेको ६ दिनमा भावीले निर्धारण गरेको भाग्य रेखा अनुसार नै मानिसको भाग्य निर्धाराण हुन्छ भन्ने कुराको चित्रण यस कथामा गरिएको छ । अर्थात् मानिसको जीवनमा भाग्यप्रतिको विश्वासलाई सार्थक तुल्याएको छ ।

### ३.११.१ कथानक

भावीको लेखाको कथामा राजा सिकार खेल्न जङ्गल गएको र रात परेर जङ्गलमा नजिकै पर्ने वन बाहुनको घरमा बास बसेदेखि राजा नमरून्जेलसम्मका घटनाहरूको वर्णन क्रमैसँग भएको पाइन्छ । राजाको मृत्युपछि कथाको अन्त्य हुन्छ । राजा जङ्गलमा सिकार खेल्न गएको समयमा रात परेपछि जङ्गलको छेउमै रहेको वनमा उनको घरमा बास बस्छन् । त्यस घरमा खाने बस्ने समस्या वन बाहुनले देखाए तापनि त्यहाँ नजिकमा कुनै घर नहुँदा राजा जसरी भए पनि त्यही घरमै बास बस्नुपर्ने भयो । राति राजा ढोकाको नजिकमा बाटो छेकी सुतेका थिए । त्यस घरमा बच्चा जन्मिएको छ दिनभएको रहेछ । राति १२ बजे भावी आएर राजालाई बाटो छोडीदिन भन्यो । राजाले बाटो छोडीदिन आनाकानी गरेपछि भावीले आफू भावी भएको र बच्चाको भाग्य लेख्न जान लागेको कुरा सुनाएपछि आफूले लेखेको कुरा भन्ने सर्तमा भित्र जान दिन्छन । यो कथाको आदि भाग हो त्यसैगरी भाग्य लेखेर आएपछि राजाले 'के लेख्यौ' भनेर सोध्छन त्यसपछि भावीले 'यस देशका राजाको सम्पत्ति खाएस भनेर लेखेँ' भन्छ । त्यसपछि राजा चिन्तामा परे । धेरै चिन्ताले गर्दा राजा उज्यालो हुँदा बित्तिकै दरबारतिर फर्के । केही समयपछि एकदिन राजा हिँड्ने क्रममा त्यही बच्चालाई देख्छन् र सोध्छन् । 'ए बाबु ! तिमी को हौ, तिम्रो बुवालाई के भन्छन्' भनी सोध्दा त्यस बच्चाले आफू वनबाहुनको छोरा भएको कुरा बतायो । त्यसपछि झनै राजाको चिन्ताको सीमा रहेन । त्यतिबेला नै एउटा पाप सोची एउटा चिठी लेखेर 'यो बच्चा दरबार आउनासाथ मारिदिनु' भनी त्यही चिठी बोकाएर दरबारतिर पठाए । पालेले सोधखोज गर्दा आफू राजाको चिठी लिएर आएको कुरा बच्चाले भन्यो । अनि दरबारभित्र गयो । त्यति नै बेला त्यो चिठी राजाकी छोरीको हातमा पर्छ । खोलेर हेर्दा त अचम्म मानी । त्यो चिठी च्यातेर फाली । 'यो बच्चा दरबारमा आउनासाथ राजाकी छोरीसँग कन्यादान गरिदिनु' भनेर लेखी त्यो बच्चालाई दिइन् । त्यो चिठी राजाको छोराको हातमा पर्छ । त्यसपछि राजाका छोराले आफ्नी बहिनीलाई कन्यादान गरिदिन्छ । राजा दरबारमा फर्कदा त त्यो बच्चा ज्वाई भएर बसेको देखेसम्म कथाको मध्य भाग हो । त्यसलाई मार्न फेरि अर्को जुक्ति निकाले । नजिकैको जुत्ता सिलाउने मानिससँग गई भोलि आफ्नो जुत्ता लिएर आउने बच्चालाई मारिदिनु भनेर आदेश दिन्छन् । भोलिपल्ट राजाले आफ्नो छोरा नभएको मौका पारी ज्वाईलाई जुत्ता बोकाएर जुत्ता सिलाउने मानिसकहाँ पठाउँछन् । त्यसै समयमा त्यस बालकको राजाको छोरासँग भेट हुन्छ अनि ज्वाईलाई काँ जुत्ता बोकाउनु म जान्छु भनेर

राजाको छोरा नै जुत्ता लिएर जान्छ । राजाको जुत्ता भन्ने चिनेपछि त्यो मानिसलाई मारिदियो । ड्याम्म गोलीको आवाज आयो । राजा दौडिदै त्यहाँ पुग्दा त आङ्नो छोरा मरिसकेको अनि राजाले त्यही गोली आफूलाई हानी आत्महत्या गर्छन् । यसरी यस कथानक अन्त्य हुन्छ ।

## ३.११.२ भावीको लेखा कथाका पात्र

### ३.११.२.१ कार्यक्षमताका आधारमा कथाका पात्र

(अ) दिव्य शक्तियुक्त पात्रः

भावी यस कथाको दिव्यशक्तियुक्त पात्र हो । यसले बालक जन्मेको छ दिनमा भाग्यरेखा कोरिदिने काम गरेको छ । त्यसै अनुसार यस कथाको मुख्य पात्र वनबाहुनका छोराको  भाग्य निर्धारण भएको कुरा उल्लेख छ । उसको भाग्य भावीले राजासँग भनेजस्तै भएको छ, अर्थात् राजाले यसको भाग्यामा के लेखीस् भनेर भावीलाई सोध्दा यस देशका राजाको सम्पति खाएस् भनेर लेखैं भनेको थियो । अन्ततः वनबाहुनका छोराले राजाको सम्पति पनि खायो । भावीले यस कथाको सुरुमा राजासँग कुरा गरेको प्रसङ्ग कथामा छ । कथाको सुरुदेखि अन्त्यसम्म एकपटक पात्र ऊ देखिँन्छ, यस कथाको अन्त्यसम्म नै उसको भाग्यरेखा अनुकूल नै कथानक अघि बढेको छ । अतः भावी यस कथाको दैवी पात्र हो । यसको उपस्थिति कथाको सुरुमा एकपटक मात्र भएको छ र भावीले तय गरेको भाग्यरेखा साँचो ठहरिएको छ ।

(आ) सामान्य शक्तियुक्त पात्रः

यस कथामा राजा, वनबाहुन, वनबाहुनको छोरा, राजाको छोराछोरी, पाले, सार्की आदि सामान्यशक्तियुक्त पात्र हुन् । कथामा यी पात्रको भूमिका भावीको लेखालाई डोऱ्याउँदै पछ्याउदै हिँडेको देखिन्छ । राजाको छोरालाई सार्कीले मारेको छ त्यसपछि राजाले आत्मह( त्या गरेका छन् । वनवाहुनको छोरा निर्दोष बालपात्र हो त्यस कारण लोकसमाजको दयाको पात्रका रूपमा यस कथामा देखिन्छ ।

### ३.११.२.२ वर्गका आधारमा कथाका पात्र

(अ) मानवीय पात्रः

यस कथामा राजा, वनबाहुन, उनको छोरा, राजाको छोरा, छोरी, सार्की, पाले आदि मानवीय पात्रको प्रयोग गरिएको छ । यस कथामा वनबाहुनको छोरा मुख्य पात्र हो भने राजाकी छोरी सहायक पात्र हो । राजाकी छोरी वनबाहुनको छोरालाई बचाउनका लागि राजा विरुद्ध उत्रिएकी छ । राजाले मार्नु भनेको बालकलाई आफ्नो चलाखीका कारण राजाकी छोरीसँग कन्यादान गरिदिनु भनेर चिठी लेख्छे । राजाको छोरा पनि सत्पात्रका रूपमा देखिन्छ । त्यसैगरी वनबाहुनको छोरा स्थिर पात्रका रूपमा देखिन्छ । राजा आफ्नो छोराको लागि आत्महत्यासम्म  गर्ने यस कथाका प्रतिकूल सहायक पात्र हुन् । भावी प्रतिको विश्वास हुँदाहुँदै पनि बालकलाई मारी समस्या निर्मूल पार्न खोज्ने तर असफल हुने अन्तर्मुखी पात्र हुन् । त्यसैगरी सार्की पनि फाँसीका डरले अर्थात् आत्मरक्षाका लागि बालकलाई मार्ने कुकर्ममा होमिएको छ ।

(आ) दैवी पात्रः

भावी यस कथाको दैवी पात्र हो । बालक जन्मेको छ दिनमा भाग्य लेख्ने काम उसले गरेको छ, त्यसैकारण एउटा गरिब वनबाहुनको बालक छोरा राजा भएर बसेको छ भने राजा बालकलाई मार्ने षड्यन्त्र रच्दा रच्दै आत्महत्या गरेका छन् । भावी यस कथाको दैवी पात्र हो जसले राजसँग आफू वनबाहुनको घरमा आउनाको कारण अथवा काम बत( ाएको छ । आफूले लेखेको कुरा राजालाई भन्ने शर्तमा वनबाहुनको घरमा जान्छ र फर्कदा भन्छ पनि यसैका कारण राजाको चिन्ता र अन्त्य समेत हुन्छ । भावी कथाको दैवी र मुख्य पात्र हो । उसकै इच्छा लेखा अनुसार कथाको अन्त्य भएको छ  । यसरी मानव तथा दैवी पात्रका प्रयोग गरी कथामा पात्रहरू संयोजन गरेको देखिन्छ

### ३.११.३ भावीको लेखा कथाको परिवेश

भावीको लेखा कथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशमा दरबार, जङ्गल, घर, बाटो, गाईको गोठ आदि आएका छन् । यस कथाको परिवेश मुख्य पात्र वनबाहुनका छोराको भाग्यमा लेखिएअनुसार अगाडि बढेको देखिन्छ । दैवी शक्ति भावीप्रतिको विश्वास यस कथाको आन्तरिक परिवेशका रूपमा आएको छ । यो राजाको अन्तर्मनको डर त्रास एवम् शङ्काका कारण बाह्य परिवेशमा अनेक घटनाहरू घटित

हुन्छन् । जस्तो राजाकी छोरीसँग वनबाहुनका छोराको बिहे हुनु, राजाको छोरालाई सार्कीले गोली हानेर मार्नु र त्यही गोली हानी राजाले पनि आत्महत्या गर्नु वनबाहनुको छोरा राजा हुनु आदि घटनाहरू आन्तरिक परिवेशका कारण बाह्य परिवेशमा घटित घटना हुन् । यस कथामा बाह्य परिवेश भन्दा आन्तरिक परिवेश नै सबल देखिन्छ । दैवी शक्ति भावीका कारण राजाको मनमा उब्जेका अनेक शङ्का, उपशङ्का कारण यी घटनाहरू घटित हुन्छन् अर्थात् आन्तरिक परिवेश नै बाह्य परिवेशमा घटित घटना घट्ने स्थानहरूमा राजदरबार, वनबाहुनको घर र सार्कीको घर रहेका छन् । त्यसैगरी कालिक हिसाबले  हेर्दा जातका आधारमा काम गरेको जस्तै सार्कीले जुत्ता सिलाउने काम गरेको, राजा सिकार खेल्न जङ्गल गएको, राजाको आदेश नमान्नेलाई फाँसीको सजाय दिइने आदि सन्दर्भबाट राणाकालीन समयको अनुमान गर्न सकिन्छ भने राजाको छोराले गाईगोठमा गएर गाई दुहेको प्रसङ्गबाट यो गोपालवंशी राजाको समयको हुन सक्ने पनि आकलन गर्न सकिन्छ ।

### ३.११.४ द्वन्द्व

यस कथामा आन्तरिक र बाह्य दुबै खालको द्वन्द्व पाइन्छ । आन्तरिक द्वन्द्वले सबैभन्दा बढी पिरोलिएको पात्र राजा नै हो । त्यसपछि राजाको छोरा, छोरी, सार्की आदि हुन् । राजामा आन्तरिक द्वन्द्वको विकास भावीले वनबाहुनको छोरालाई यस देशका राजाको सम्पति खाएस् भनेर लेखेको थाहा पाएपछि सुरु हुन्छ । त्यो कुरा राजाले घरमा कसैलाई नभनी आफ्नो मनमै राख्छन् । त्यो बालकलाई मार्न एकपछि अर्को षड्यन्त्र रचे तापनि असफल हुनु र अन्त्यमा आफैले आत्महत्या गर्नु आदि आन्तरिक द्वन्द्वका उदाहरण हुन् भने सार्कीले राजाका छोरालाई मार्नु बाह्य द्वन्द्व हो । यस कथामा बाह्यभन्दा आन्तरिक द्वन्द्व सबल देखिन्छ ।

### ३.११.५ उद्देश्य

यस कथाको उद्देश्य भावीको लेखा केही गरे पनि मान्छेले मेट्न सक्दैन । त्यसको भोग गर्नैपर्छ । भावी मानिसभन्दा निकै बलवान हुन्छ त्यस कारण मानिसको केही चल्दैन भन्ने लोकविश्वास दिलाउनुका साथै लोकबासीलाई मनोरञ्जन प्रदान गर्नु नै यस कथाको प्रमुख उद्देश्य रहेको छ । मानिसले देखे र सोचे अनुसार भाग्यरेखा निर्माण गर्न सक्दैन । उसलाई के कसो हुने भन्नेकुरा पूर्वनिर्धारित हुन्छ । मानिसको मेहनत र प्रयास भनेको त

केवल संयोग मात्र हो भन्ने कुरा देखाउनु पनि यस कथाको उद्देश्य हो । अरूको कुभलो सोच्दा आफ्नो भलो कहिल्यै हुँदैन भन्ने कुराको सन्देश दिनु पनि कथाको उद्देश्य हो ।

### ३.११.६ भाषाशैली

यस कथाको भाषा सामान्य बोलीचालीको र शैली वर्णनात्मक किसिमको रहेको छ । यस कथाको आरम्भ र अन्त्य लोकशैलीमा भएको छ ।

### ३.११.७ संवाद

यस कथामा मान्छे र मान्छेबीच भएका संवाद, मान्छे र दैवी शक्तिबीच भएका संवाद उल्लेख्य रहेका छन् । जस्तैः राजा र भावी बीच भएको संवादः (भावी) 'बाटो छोड' ( राजा) तिमी को हौ ? (भावी) 'म भावी हुँ । यस घरमा बच्चा जन्मेको छ दिन भयो भाग्य लेख्न आएको हुँ' ।

कथामा संवादकै माध्यमबाट घटना श्रृङ्खलाहरू अघि बढेको र कथालाई गति प्रदान गरेको देखिन्छ ।

### ३.११.८ भावीको लेखा कथामा सामाजिक चेतना

यस कथामा लोक विश्वासको कुरा आएको छ । बालक जन्मेको छ दिनमा उसको निधारमा भावीले भाग्यरेखा निर्धारण गर्दछ, त्यो केही गरी कसैले पनि मेटाउन सक्दैन भन्ने समाजको भाग्यवादी चिन्तनप्रतिको विश्वास यस कथामा उल्लेख गरिएको छ । कथामा भाग्य निर्धारण गर्ने भावीले एउटा गरिब बाहुनको छोरालाई राजाको सम्पत्ति खाएस् भनेर लेखिदिएको कुरा राजालाई सुनाएपछि राजाले बच्चालाई मार्न पटकपटक षड्यन्त्र रच्दा पनि त्यस बच्चालाई मार्न असफल हुन्छन् । आफ्नो छोरा नै अरूबाट मारिन्छ । त्यही शोकका काराण राजाले गोली हानी आत्महत्या गर्छन् । अन्त्यमा बालकले नै राजाको सम्पत्ति खान्छ । यस कथामा समाजको भावीप्रतिको विश्वासलाई उल्लेख गरिएको छ । मानिसको भाग्यरेखा कर्मले नभई भाग्यले नै निर्धारण गर्छ भन्ने लोक विश्वासको कुरालाई यस कथाले पुष्टि गरेको छ ।

### ३.११.९ निष्कर्ष

यस कथामा लोककथाका तत्त्वको उचित किसीमले कथानकको विकास राजा शिकार खेल्न गई वनबाहुनको घरमा बास बस्दा रातिको १२ बजे राजाको भावीसँग कुराकानी भएबाट भएको छ भने मध्य भागमा भावीले राजाको सम्पति खाएस् भनी भाग्य लेखिदिएको बच्चासँग राजाकी छोरीको बिहे भएको छ भने अन्त्य भागमा राजाले ज्वाइँलाई मार्न खोज्दा आफ्नै छोरा मरेपछि राजाले आत्महत्या गरेको घटना देखिन्छ । यस कथामा एकपछि अर्को घटना क्रमिक रूपमा घटदै जान्छ । भावीको लेखाअनुसार नै यसको कथानक प्रारम्भ, विकास र अन्त्य भएको छ । समग्रमा यस कथामा दैवी शक्ति भावीका सामु मानवीय शक्ति कमजोर हुने अर्थात् भावी मानिसभन्दा शक्तिशाली भएको र उसले लेखेको कुरा अपरिवर्तनीय हुन्छ । अरूको कूभलो सोच्दा आफूलाई कहिले पनि राम्रो हुँदैन भन्ने सन्देश लोकबासीलाई प्रदान गर्नु नै यस कथाको निष्कर्ष हो ।

## ३.१२ 'कप्टेरेको कथा'को विश्लेषण

कप्टेरेको कथा सामाजिक कथा हो । यो कथा अर्घाखाँची जिल्ला मालारानी गाउँपालिका वडा नं.६ डाँडाखर्क निवासी ९० वर्षीय सालिकराम अधिकारीबाट २०७५ साल साउन २ गते प्राप्त भएको हो । यस कथामा ज्योतिषप्रतिको विश्वास, सन्तान प्राप्ति, समाजमा दाजुभाइबीच हुने इर्ष्या, परिवारका कमजोर सदस्यलाई हेर्ने प्रवृत्ति, धन सम्पत्तिप्रतिको मोह, मृत्युसंस्कार, पूनर्जन्म आदि कुराको चित्रण गरिएको छ । प्रकृतिबाट ठगिएका व्यक्तिलाई घरपरिवारका सदस्यले हेय दृष्टि राख्ने, लोकसमाजले दया एवम् मनोरञ्जनको माध्यम बनाउने कुरा यहाँ उल्लेख गरिएको छ । यस कथामा कथाको मुख्य पात्र कप्टेरेलाई मनोरञ्जनको साधन बनाइएको छ ।

### ३.१२.१ कथानक

सन्तान बिहीन राजा सन्तानको आशमा एकपछि अर्को गर्दै सातवटी श्रीमती बिहे गर्दासम्म पनि सन्तान नभएपछि राजा ज्योतिष कहाँ हेराउन गएको प्रसङ्गबाट यसको कथानक सुरु हुन्छ । ज्योतिषले उपाय बताइदिएपछि कान्छी श्रीमती बाहेक सबैलाई सग्ला सन्तान प्राप्त हुन्छन् भने कान्छी श्रीमतीलाई कप्टेरे छोरा जन्मन्छ । छोराहरू ठूला भएपछि छुट्टिन्छन् । छुट्टिने क्रममा सग्ला छोराहरूले राम्रोराम्रो सम्पति लिन्छन् भने कप्टेरेलाई पात( ीको झुपडो र एउटा बुढो गोरू दिन्छन् । त्यो गोरू चराउन लगेको बेलामा लडेर मर्छ ।

त्यसलाई कप्टेरेले अरूको बारीमा लगेर चारखुट्टा बाँधेर उभ्याइदिन्छ । त्यो बारी धनीले गोरूलाई बारीमा देखेपछि ढुङ्गाले हान्छ । अनि गोरू ढल्छ । त्यसपछि त्यो गोरूको मासु काटी बजारमा लगेर खसीको मासु भनी बेच्छ । अनि घरमा आएर दाजुकहाँ पाथी माग्न जान्छ । पाथीको पीँधमा गोबर टाँसेर दिएका हुन्छन् । पाथीले पैसा भरी पाथी फिर्ता लगिदिँदा पैसा टाँसिएको हुन्छ । त्यसपछि दाजुहरूले उसलाई कसरी 'पैसा कमाईस्' भनेर सोध्छन् । 'एउटा बुढो गोरू थियो त्यै पनि तिमीहरूले मारिदियौ त्यही बेचेर पैसा कमाए' भन्छ । अनि दाजुहरू पनि आफ्नो गोठमा भएका हलगोरू मारी डोकामा राखेर बजारमा बेच्न हिड्छन् । यी गोरूको मासु बेच्ने भनी कसैले पिटे, कसैले लखेटे ।

त्यसपछि घरमा आएर भाइलाई मार्ने विचारले पातीको झुपडोमा आगो लगाइदिने योजना बनाए । त्यो कुरा कप्टेरेले थाहा पाएपछि ऊ घरमै बसेन । अर्को दिन झुपडोको खरानी बोरामा उठाएर बेच्न हिँड्यो बाटोमा धान बनाउदै गरेका खेतालालाई एउटा बोराको अभाव भएर उसको बोराको खरानी खन्याइदिएँ । त्यसपछि उसले यो मेरो राजाको कोसेली खरानी बनाइदियौ तिमीहरूलाई उजुर गरिदिन्छु भन्छ । त्यसपछि खेतालाले डरले राजाकहाँ नजाऊ हामी तिमीलाई चाहिएजति पैसा दिन्छौं भन्छन् । पैसा लिएर घरमा आउँछ र फेरि दाजुहरूकहाँ पाथी माग्न जान्छ । दाजुहरूले पैसा कसरी कमाइस् भनी सोध्दा पातीको झुपडोको खरानी बेचेर भन्छ । अनि दाजुहरूले पनि छवटै घरमा आगो लगाइदिएँ । अर्को दिन बोरा बोरा खरानी राखेर बेच्न हिँडे । ग्राहकले केको खरानी भन्दा घरको खरानी भन्छन् । घरको खरानी के काम भनी कसैले किन्दैनन् । अनि घरमा आएर भाइलाई मार्ने योजना बनाउँछन् । बोरामा राखेर भिरको टुप्पामा लगी पल्टाइदिन थाल्छन् । त्यति नै बेला कप्टेरेले 'मलाई मार्‍यौ भने तिमीहरू जुठा पर्छौ घरमा गएर खाना खाएर आएपछि मारौला' भन्छ । त्यसपछि दाजुहरू घरतर्फ लाग्छन् । संयोगवश त्यहाँ एउटा मानिस घोडामा चढेर आएको हुन्छ । त्यस मानिसलाई कप्टेरेले बोराभित्र बसेर वैकुण्ठ वैकुण्ठ भन्यो भने वैकुण्ठ, जिजुबाजे सबै देख्न पाइन्छ भन्छ । त्यो मानिस साँच्चै हो भन्दै बोराभित्र बस्छ । कप्टेरे भने उसका कपडा लगाएर घोडामा चढेर घर जान्छ । दाजुहरू त्यहाँ आइपुग्छन् । बोराभित्रबाट वैकुण्ठ वैकुण्ठ भनेको आवाज सुनिन्छ । अझै वैकुण्ठ वैकुण्ठ भन्छस भन्दै यताउता लतार्दै त्यो मानिसलाई म हैन भन्दा पनि भिरबाट पल्टाइदिन्छन् र घर फर्कन्छन् । घरमा आउँदा त भाइ जिउँदै हुन्छ । तलाई हामीले मारेको हैन कसरी आइस भनेर सोध्छन् । अनि कप्टेरेले तिमीहरूले भिरबाट पल्टाइदियौ तल त बाबुबाजे सबै घर बनाएर धनी भएर बसेका रहेछन्

। पैसा दिएर घोडामा चढाएर पठाए भन्छ । त्यसपछि ती दाजुहरु पनि आफूहरूलाई बोरामा राखेर भाइलाई पल्टाइदिन भन्छन् । भाइले त्यसै गर्छ । दाजुहरू मर्छन्, भाइ सुखसँग बस्छ ।

### ३.१२.२ पात्र

#### ३.१२.२.१ कार्यक्षमताका आधारमा पात्र

(अ) अर्द्धदैवी शक्तियुक्त पात्रः

यस कथामा ज्योतिष (प्रभु) अर्द्धदैवी पात्र हुन् । सन्तानको आशमा सातवटी श्रीमती बिहे गरेका राजालाई सन्तान प्राप्तिको उपाय बताइदिएका छन् । यी यस कथाको सुरुमा देखा परेका सहयोगी पात्र हुन् । राजाको सन्तान प्राप्तिको इच्छालाई साकार पारिदिएका छन् । राजाको सन्तानेच्छाको पूर्तिमा उनको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । उनले दिएको लठ्ठीले सातवटा मात्र आँप झर्छन् ती आँप सातवटी रानीलाई खान दिन्छन् अनि सबैलाई सन्तान जन्मिछन् ।

(आ) सामान्य शक्तियुक्त पात्रः

यस कथामा राजा, रानी राजाका छोराहरू, बटुवा, कप्टेरे आदि रहेका छन् । यस कथाको मुख्यपात्र राजाको कान्छो छोरा कप्टेरे हो । यसले आफूमा भएको विवेक, चलाखी आदिका कारण सबलाङ्ग दाजुहरूलाई समेत परास्त गरी धनाढ्य बनेर लोकलाई चकित पारेको छ ।

#### ३.१२.२.२. वर्गका आधारमा पात्र

मानव पात्रः

यस कथामा मानव पात्रको प्रयोग गरिएको छ । मानव पात्रका रूपमा भविष्य जान्ने दिव्य शक्तियुक्त मानव (ज्योतिष) र सामान्य शक्तियुक्त मानवमा राजा, रानी, राजाका छोरा, बटुवा आदि रहेका छन् भने अर्द्धशक्तियुक्त पात्रमा कप्टेरे रहेको छ, जो आफ्नो चलाखी, जुक्ति र बुद्धिको प्रयोग गरी सामान्य मानव पात्रलाई परास्त गर्न सफल भएको छ । बाटो हिँड्ने बटुवालाई समेत छक्याएर आफ्नो जीवन रक्षा गर्न सफल भएको छ । भिरको टुप्पाबाट लडाएर आफैलाई मार्न तयार भएका दाजुहरूलाई जुठो बार्नुपर्ने संस्कारजन्य कुरा देखाई दाजुहरूलाई घरमा पठाएर आफैले दाजुहरूलाई मार्न सफल भएको छ । कप्टेरे परिवारमा दाजुहरूको हेलाको पात्र भए तापनि लोकसमाजको दयाको पात्र हो । यसका

क्रियाकलापले लोकसमाजलाई चकित् पार्नुका साथै मनोरञ्जन समेत प्रदान गर्न सफल भएको छ । यस कथाको शीर्षक नै कप्टेरेको नामबाट राखिएको छ र यस कथामा उसको भूमिका पनि महत्त्वपूर्ण रहेको छ ।

### ३.१२.३ परिवेश

यस कथाको परिवेश लौकिक रहेको छ । भौगोलिक हिसाबले पहाडी परिवेशको सेरोफेरोमा यस कथाका घटनाहरू घटेको देखिन्छ । समयका रूपमा बिहान, दिउँसो, रात आदि आएका छन् । स्थानका रूपमा गाउँ, सहर, दरबार, भिर, बाटो आदि आएका छन् । सांस्कृतिक एवम् धार्मिक परिवेश पनि यहाँ आएको देखिन्छ । खसीको मासु बिक्ने, गोरूको मासु नबिक्ने, मानिस मर्दा जुठो बार्ने आदि सांस्कृतिक विचार रहेका छन् । यस कथामा आन्तरिक परिवेशका रूपमा कप्टेरेले आफू ठुलो भएर अलग बस्न लागेपछिका क्रियाकलाप देखिन्छन् । जस्तोः मरेको गोरूलाई अरूका बारीमा लगेर चारखुट्टा बाँधेर उभ्याउनु, गोरूको मासु खसीको भनी बेच्नु, खरानीलाई राजाको कोसेली भन्नु, दाजुहरूले मार्ने तयारी गरेपछि जीवन रक्षाका लागि झुटोकुरा बोल्नु आदि आएका छन् । बाह्य परिवेशमा दाजुहरूले कप्टेरेको झुपडीमा आगो लगाइदिनु, पैसाको लोभले हलगोरू मार्नु, घरमा आगो लगाउनु र अन्त्यमा मर्न समेत तयार हुनु रहेको छ । यस कथामा आन्तरिक परिवेशभन्दा बाह्य परिवेश नै सशक्त देखिन्छ ।

### ३.१२.४ द्वन्द्व

यस कथामा आन्तरिक र बाह्य दुवै किसिमको द्वन्द्व रहेको छ । आन्तरिक द्वन्द्वका रूपमा कप्टेरेको गोरू मरेपछिको द्वन्द्व, दाजुहरूले झुपडीमा आगो लगाइदिएपछि, बोरामा राखेर भिरबाट लडाउन थालेपछि, कप्टेरेमा पैदा भएको द्वन्द्वलाई लिन सकिन्छ । बाह्य द्वन्द्वका रूपमा दाजुहरूले कप्टेरे र धान खेतालाबीच भएको द्वन्द्व रहेको छ । कप्टेरेका दाजुहरूले उसप्रति गरेका क्रियाकलापमा बाह्य द्वन्द्व देखिन्छ । यस कथामा बाह्य द्वन्द्वका तुलनामा आन्तरिक द्वन्द्व नै सबल देखिन्छ ।

### ३.१२.५ उद्देश्य

प्रस्तुत कप्टेरेको कथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नुका साथै नैतिक शिक्षा प्रदान गर्नु हो । हाम्रो समाजमा नराम्रो, गरिब, कमजोर, कुरूप, अपाङ्ग आदि व्यक्तिलाई घर

परिवारबाट नै शोषण गरिन्छ तर त्यस्ता व्यक्ति लोकका दयाका पात्र बन्छन् । उनीहरूको विजयमा लोकसमाज खुसी हुन्छ । मान्छेको सामर्थ्य रूपमा नभइ गुणमा हुन्छ । यस कथाको पात्र कप्टेरे दाजुहरूका हातबाट मर्नबाट बाँची उल्टै दाजुहरूलाई नै मार्न सफल हुन्छ । कप्टेरेको यस कार्यबाट लोक समाजले मनोरञ्जन प्राप्त गर्दछ ।

### ३.१२.६ भाषाशैली

यस कथाको भाषा सरल र कथ्य रहेको छ भने शैली रोचक एवम् वर्णनात्मक रहेको छ । यसको आरम्भ र अन्त्य लोकशैलीमा भएको छ । ठाउँठाउँमा संवादात्मक एवम् प्रश्नात्मक शैलीको प्रयोग गरिएको छ । जस्तैः मासु किन्चौ ? (कप्टेरे) के को ? (ग्राहक) खसीको (कप्टेरे) पैसा कसरी कमाइस् ? (दाजुहरू) खरानी बेचेर (कप्टेरे) आदि ।

### ३.१२.७ संवाद

यस कथामा कथाको मुख्य पात्र कप्टेरे र उसका दाजुहरूबीच भएको संवाद कप्टेरे र ग्राहकहरूबीच भएको संवाद, कप्टेरे र धान खेतालावीच भएको संवाद, कप्टेरे र वटुवाबीच भएको संवाद आदि उलेख्य रहेका छन् । जस्तैः (दाजुहरू) पैसा कसरी कमाइस् ? (कप्टेरे) कुन त एउटा बुढो गोरू थियो त्यै पनि तिमीहरूले मारिदियौ त्यही बेचेर पैसा कमाएँ । ( दाजुहरू) कसरी बेच्ने ? (कप्टेरे) बोराभित्र पसेर वैकुण्ठ वैकुण्ठ भनेपछि जिजुबाजे सबै देख्न पाइन्छ । (वटुवा) साच्चै हो ? (कप्टेरे) हो ।

यस कथामा प्रयोग भएका संवाद र रोचक एवम् कौतूहल सिर्जना गर्ने खालका छन् । संवादकै माध्यमबाट कथानकले फरक-फरक मोड लिँदै गति प्रदान गरेको छ । कप्टेरे दाजुहरूका योजना विफल पार्दै समय परिस्थिति बुझ्रेर त्यसै अनुसार अन्य पात्रहरूसँग पनि चलाखी अपनाउँछ ।

### ३.१२.८ कप्टेरेको कथामा सामाजिक चेतना

कप्टेरेको कथा पारिवारिक विषयवस्तुमा आधारित लोककथा हो । यस कथामा झारफुक, तन्त्रमन्त्र, बहुविवाह, सन्तानप्रतिको आस्था, पारिवारिक ईर्ष्या, द्वेष आदि विषयवस्तु आएका छन् । यस कथामा सन्तानको चाहनाका कारण बहुविवाह गर्ने चलन देखिन्छ । त्यसैगरी परिवारमा कमजोर व्यक्तिलाई हेलाको दृष्टिले हेर्ने, दुःख दिने आदि क्रियाकलाप देखिन्छ । यसले मानिसलाई पतनतर्फ डोऱ्याउँछ । कुरूप व्यक्तिलाई हेय र

हाँस्य पात्र बनाइनु हुँदैन भन्नेकुरा यस कथामा आएको छ । समाजमा बहुविवाह, हिन्दुधर्मप्रतिको आस्था, स्वर्गप्रतिको आस्था आदि कुरा आएका छन् ।

### ३.१२.९ निष्कर्ष

कप्टेरेको लोककथा सामाजिक, पारिवारिक विषयवस्तुमा आधारित लोककथा हो । समाजमा निःसन्तान भएपछि पुरुषले बहुविवाह गर्ने, तन्त्रमन्त्र झारफुकमा विश्वास गर्ने, शारीरिक रूपमा दुर्बल देखिने मानिस पनि बौद्धिक रूपमा बलिया हुन्छन् । समाजमा कुनै पनि मानिसलाई नराम्रो र गरिब छ भनेर हेला गर्नु हुँदैन । पारिवारिक ईर्ष्या, द्वेष आदि राम्रो होइन यसले यसले आफ्नै बिनाश गर्छ भन्नेकुरा नै यस कथाको निष्कर्ष हो ।

## ३.१३ निष्कर्ष

यस अध्यायमा अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकामा प्रचलित कथामध्ये २१ वटा कथा सङ्कलन गरी ती कथालाई विषयगत वर्गीकरण र उद्देश्यगत वर्गीकरण गरी दुईभाग र ६ उपभागमा वर्गीकरण गरिएको छ । विषयगत वर्गीकरण अन्तर्गत पौराणिक कथा, अनुश्रुतिकथा, सामाजिक कथा, आलौकिक कथा, अतिरञ्जित कथा र विविध कथाको परिभाषासहित र उद्देश्यका आधारमा उद्देश्यको परिभाषा मनोरञ्जनमूलक लोककथाको परिभाषासहित २१ वटा कथाको वर्गीकरण गरी ११ वटा कथालाई विधातत्त्व र सामाजिक चेतनाको आधारमा विश्लेषण गरी प्रत्येक कथाको निष्कर्ष दिइएको छ । यस अध्यायमा सामाजिक कथा, अलौकिककथा, विविधकथा र मनोरञ्जनमूलक कथाको विश्लेषण गरिएको छ । ती कथाको अध्ययन बाट अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकाका बासिन्दाको जीवनशैली त्यस ठाउँका संस्कारजन्य कुरा, धार्मिक आस्था, भाग्यप्रति विश्वास, बोक्सी, भूतप्रेत आदि  प्रतिको विश्वास आदि लोकविश्वासका कुराहरू थाहा पाउन सकिन्छ ।

# चौथौ परिच्छेद

# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

प्रस्तुत शोधपत्रमा अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकामा प्रचलित लोककथाको सङ्कलन गरी ती लोककथाको विषयवस्तु र उद्देश्यका आधारमा वर्गीकरण गरी ११ वटा कथाको विधातात्त्विक विश्लेषण गरिएको छ । यस शोत्रपत्रको पहिलो परिच्छेदमा शोधको परिचयका साथै समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधपत्रको औचित्य, शोधपत्रको सीमा, शोधविधि र शोधपत्रको रूपरेखा राखिएको छ । दोस्रो परिच्छेदमा लोककथाको सैद्धान्तिक परिचय, परिभाषा, लोकतत्त्वको चिनारीका साथै तिनको वर्गीकरण र मालारानी गाउँपालिकामा प्रचलित २१ वटा लोककथाको वर्गीकरण गरिएको छ । यसै गरी तेस्रो परिच्छेदमा मालारानी गाउँपालिकामा प्रचलित सङ्कलित २१ वटा कथा मध्ये याद्धृच्छिक छनोटका आधधारमा चयन गरी ११ वटा (कप्टेरेको कथा, लोभी बुढाबुढीको कथा, भावीको लेखा, दिदीभाइको कथा, छदम्भेषी श्रीमान्, काली नाग र सेती नागको कथा, बेलौतीको कथा र मधुमालती कथा) लोककथालाई समाजिक चेतना र विधातत्त्वको आधारमा विश्लेषण गरिएको छ । र चौथो परिच्छेदमा सारांश तथा निष्कर्ष तयार पार्नुका साथै अन्तिममा परिशिष्ट र सन्दर्भ सामग्री सूची राखिएको छ ।

## ४.२ निष्कर्ष

लोकजीवनका मौखिक पम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको आख्यानयुक्त श्रव्य, पाठ्य गद्यविधालाई लोककथा भनिन्छ । यो लोक समाजको दर्पण हो । लोककथाले विगतको चर्चा र वर्णनमात्र नभइ वर्तमान र भविष्यमा नयाँ पुस्तालाई डोऱ्याउने काम समेत गर्दछन् । यो आख्यानयुक्त गद्य विधा हो । यसको निर्माणको लागि कथानक पात्र, परिवेश, द्वन्द्व, उद्देश्य, भाषाशैली, र संवादको आवश्यकता पर्दछ । यस शोधपत्रमा ११ वटा कथाको मूलपाठ परिशिष्टमा राखरे कथातत्त्व र समाजिक चेतनाका आधारमा विश्लेषण गरिएको छ भने १० वटा कथालाई विश्लेषण नगरी परिशिष्टमा समावेश गरिएको छ । यसैगरी २१ वटा कथालाई ६ भागमा वर्गीकरण गरिएको छ । पहिलो कथा कप्टेरेको कथामा यस कथाको मुख्य पात्र कप्टेरेले चलाखीका कारण आफूखुसी जीवन जिउँन सफल भएको छ । सोझो नाति र हजुरआमाको कथामा सोझो नाति चोरका सङ्गतले

चोर्न हिडे तापनि त्यो काम गर्न नसकी चोरबाट राजाको सम्पति बचाइदिएर मन्त्री भएर सुखसँग दिन काटेको छ । छदमभेषी श्रीमान् कथामा बालविवाहलाई समाजले स्विकारेको र यसबाट महिलाले अन्याय सहन परेको तथा मुक्तिको आह्वान् गरेको पाइन्छ । पाँचभाइको कथामा परिवारमा नन्द भाउजूको सम्बन्ध समाजमा एउटी नन्दप्रति भाउजूले गर्ने कठोर व्यवहार र यसबाट दाजुहरूले बहिनीलाई मुक्ति दिलाएको पाइन्छ । यसैगरी दिदीभाइको कथामा मानिसलाई अप्ठ्यारोमा पर्दा सहयोग गर्ने वनस्पति एवम् पंक्षीले आशिक र सहयोग नगर्ने वनस्पतिले श्राप पाएको घटना रहेको देखिन्छ । लोभी बुढावुढीको कथामा गरिबीको कारण सामाजिक विकृति देखिन्छ । एउटा रोटीका लोभले गरिब बुढाबुढी मरेतुल्य भै गाउँलेहरूले चित्तासम्म पुऱ्याएको घटना छ भने मसान जागे भन्ने अन्ध परम्पराका कारण मलामीहरू भागभाग गरेको पाइन्छ । कालीनाग र सेतीनागको कथामा घमण्डीको हार र विवेकीको जीत हुने कुरा बताइएको छ । भावीको लेखा कथामा अरूलाई नराम्रो गर्दा आफूलाई नराम्रो हुन्छ । भावीको लेखा केही गरेर पनि मेट्न सकिदैन भन्ने भाग्यप्रतिको लोकविश्वासलाई देखाइएको छ । भूतको कथामा भूतले मानिसलाई सिँगै निलेको घटना छ । मधुकरको कथामा पराक्रमी मधुकर आफ्नो शक्ति र क्षमतालाई सही ठाउँमा प्रयोग गर्न नजानेका कारण मालतीसँग बिछोड हुन परेको घटना छ । बेलौतीको कथामा कुनै राम्रो वस्तु देखाएर बच्चाहरूलाई जालमा पार्ने दुष्ट र बोक्सीदेखि कसरी मुक्त हुन सकिन्छ भन्ने कुरा देखाएको छ ।

प्रस्तुत शोधपत्रमा अर्घाखाँची जिल्लाको उत्तर पश्चिममा पर्ने मालारानी गाउँपालिकाका तीनवटा (६,७,८) वडाहरूबाट बाइसवटा कथा सङ्कलन गरिएको छ र ती कथाहरूलाई अध्ययनलाई सुगठित बनाउनको लागि सात भागमा वर्गीकरण गरी एघारवटा कथालाई लोककथाका तत्त्व र सामाजिक चेतनाका आधारमा विश्लेषण गरिएको छ । बाँकी एघारवटा कथालाई परिशिष्टमा समावेश गरिएको छ । यी लोककथाहरूमा समाजिक संस्कार, जीवनभोगाई, सांस्कृतिक एवम् धार्मिक आस्था, अर्तीउपेदेश, बालविवाह, बहुविवाह, जालझेल, छलकपट, वीरता, साहस, मुर्ख्याइँ आदिको चित्रणबाट मालारानी गाउँपालिकाका बासिन्दाहरूको यथार्थता बुझ्न सकिन्छ । सङ्कलित लोककथामा पारिवारिक समाजिक विषयवस्तु पाइन्छ । उद्देश्यका दृष्टिकोणबाट हेर्दा यी लोककथाहरू मनोरञ्जन, नैतिक शिक्षा एवम् व्यावहारिक ज्ञान दिने खालका छन् ।

समग्रमा यी कथाहरू मालारानी गाउँपालिकाका लोकबासीहरूको पहिलेको जीवन भोगाइका विभिन्न पाटाहरूलाई समेटेको देखिन्छ । धार्मिक आस्था एवम् लोकविश्वासका कारण अनेक समस्या भेल्नु परेको देखिन्छ । अर्थात् कतै समस्याको ओइरो लागेको देखिन्छ । जस्तो: आर्थिक समस्या र देशमा शिक्षाको विकास नहुनु एउटा समस्या देखिन्छ र त्यसको समाधानका लागि घर परिवार छाडेर विदेशिनु पर्ने बाध्यात्मक  परिस्थिति देखिन्छ । त्यस्तै बालविवाह र बहुविवाहका कारण नारीहरूले घरपरिवार एवम् समाजमा सास्ती खेप्नु परेको देखिन्छ । एउटी नारीले उचित शिक्षा एवम् चेतनाको अभावका कारण घर परिवारमा अर्की नारीलाई गर्ने व्यावहारमा कटुता देखिन्छ । अभ्र सौता-सौता, नन्द-भाउजू, देउरानी-जेठानी र सासू-बुहारीबीचको सम्बन्धमा भन्नै ईर्ष्या र द्वैषको भावना देखिन्छ । त्यसै गरी जातीयत( ाका आधारमा कामको बाँडफाड गरेको देखिन्छ । हिन्दु धर्म एवम् संस्कारप्रतिको आस्था, पुनर्जन्मप्रतिको विश्वास, सूरता, वीरता, पराक्रम, दया, सहयोग, पश्चताप, चलाखी, ठगी, मुर्ख्याइँ, हठ, घमण्ड, ईर्ष्या, गरिबी, अज्ञानता, अन्धविश्वास, भाग्य एवम् अदृश्य शक्तिप्रति विश्वास आदि कुरा समेटिएको पाइन्छ । समग्रमा यी कथाहरूबाट अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिकाका बासिन्दाहरूको जीवन भोगाइ, संस्कार, सामाजिक एवम् पारिवारिक अवस्थालाई बुझ्न सकिन्छ ।

## परिशिष्ट भाग

## मालारानी गाउँपालिकामा प्रचलित लोककथाको सङ्कलन

### १. "कप्टेरेको कथा"

एकादेशमा एउटा राजा रैछन् । तिनी राजाले छोराछोरी नभएर एकपछि अर्को गर्दै सातवटी श्रीमती बिहे गरेछन्, तर सन्तान भएनन् । त्यसपछि एउटा प्रभुकहाँ गए प्रभुले एउटा लठ्ठी पठाएर प्रभुले भनेछन्  आँप पाकेका छन् । बगानमा गएर स्वाम्म लौराले हान्नू, हान्दा सातवटा आँप झर्नेछन् । ती एक-एकवटा दिनु भनेका थिए । राजाले सातवटा आँप लिएर घरमा आए । आँउदा छवटी श्रीमती घरमै थिए । उनीहरूलाई राजाले सिङ्गासिङ्गै आँप दिए । कान्छी श्रीमती पानी लिन गएकी रैचिन । उनी आउन ढिलो गरिन् । राजाले आधा आँप आफूले खाएर आधा कान्छी रानीलाई राखिदिए । त्यो आँप कान्छी रानीले खाइन् । सातै बैनी गर्भवती भए । छ वटी रानीहरू जसले सिङ्गासिङ्गै आँप खाएका थिए । तिनलाई सग्ला सन्तान जन्मिए । तर कान्छी रानीलाई कप्टेरे छोरो जन्मियो । जसको एउटा हात एउटा खुट्टा एउटा आँखा आदि भएको जन्मियो । ती सबै छोराहरू ठूला भए अब त हामी छुट्टिउँ क्यार भनेर छुट्टिए । सग्ला  छोराहरूले राम्रो राम्रो धन सम्पत्तिआफ्नो भागमा पारे कप्टेरेलाई भने पातीको झुपुडो र एउटा बुढो गोरू दिएछन् । झुपुडोमा बसेको कप्टेरेको गोरू मरेछ । त्यसपछि मरेको गोरूलाई अरूका मकै, गँहु, धान, भएका बारीमा लगेर चार खुट्टा बानेर उभ्याइदिएछ । अरूले माथिबाट देखेचन् । त्यसपछि ओहो ! यो कप्टेरेले त हाम्रो बालीमा गोरू लाइदिएछ भनेर ढुङ्गाले धदामधुदुम हानेछन् । त्यसपछि गोरू ढलेछ । तिनीहरू घर गए । कप्टेरेले मासुमासु काटेर बजारमा लगेर गल्लीमा बसेर मासु किन्चौ मासु किन्चौ भनेर भनेछ । के को मासु हो भनी सोध्दा खसीको हो भनेछ । त्यसपछि सबैले मासु किने, झोला बोरा भरी पैसा लिएर कप्टेरे घरमा आएछ । घरमा त पाथी थिएन । दाजुहरू कहाँ गएर पाथी मागेछ । अनि दाजुहरूले यसले के भर्नलाई पाथी माग्यो भनी विचार गर्न पाथीको पिँधमा गोबर टाँसेर पठाएछन् । पैसा भरेर पाथी फिर्ता लगिदियो । पाथीको पिँधमा पैसा देखे पछि दाजुहरूले कसरी पैसा कमाइस भनेर सोध्दा एउटा बुढो गोरू थियो त्यै पनि तिमीहरूले मारीदियौ त्यै बेचेर पैसा कमाएँ भन्यो । अनि दाजुहरूले कसरी बेच्ने भनेर सोधे । कप्टेरेले भन्यो । बजारमा लैजाने, मासु किन्छौ भन्ने, के को भनी सोध्छन् । खसीको भन्ने भनेर भन्यो । त्यसपछि दाजुहरूले आफ्नो घरमा भएका राम्रा राम्रा हल गोरू मारेर डोकामा राखेर बेच्न गए । बजारमा गएर मासु किन्छौ भने के

को भनी सोध्दा गोरूको भने धत् ! गोरूको मासु पनि कसैले खान्चन् भनेर कसैले लगारे , कसैले पिटे । त्यसपछि ती दाजुभाइ घर आए । त्यतीबेला कप्टेरे दाजुहरूले के बेचे कसरी बेचे भनेर दाजुहरूको घरमा चाल सुनेको थियो । दाजुहरूले भने यसले हाम्रा गतिला गतिला गोरू सकिदियो । यसलाई के गर्ने भनेर सल्लाह गरेर भने एउटा उसको पातीको झुपुडोमा आगो लगाइ दिएर मारौँ । दाजुहरूको सबै कुरा उसले सुनेको थियो । त्यस रात कप्टेरे घरमै बसेन त्यो अरू ठाउँमा बस्यो दाजुहरूले पातीको झुपुडोमा आगो लगाइदिए बिहान उठेर कप्टेरे मऱ्यो होला भन्दा त झुपुडोको खरानी बोरमा उठाएर बेच्न भनेर हिँड्यो । एउटा ठूला साहु कहाँ खेतालाले धान बनाउँदै रैचन । धान बोरामा उठाए एक बोरा धान उठाउन बाकी रह्यो । त्यँहाका खेताराले ऊसँग बोरो मागे तर उसले दिन मानेन । राजाको कोसेली छ यसमा दिन्नँ भन्यो । तर खेताराले कर गरेपछि खन्यायो खन्याउँदा त खरानी, त्यस पछि खेतारालाई उसले भन्यो यो मेरो राजाको कोसेली खरानी बनाइदियौ । राजालाई उजुर गर्न जान्छु भन्दा खेताराले डराउँदै भने राजासँग नजाऊ तिमीलाई हामीले पैसा दिन्छौ भनी पैसा दिए । कप्टेरेले पैसा लिएर घर गयो । फेरि पाथी माग्न दाजुहरू कहाँ गयो । दाजुहरूले कसरी पैसा लिएर आइस् भनी सोधे । कुन्ता मेरो एउटा पातीको झुपुडो थियो । त्यसमा पनि तिमीहरूले आगो लगाइदियौ । त्यै खरानी बेचेर ल्याएँ भन्यो । दाजुहरूले कसरी बेचिस् भनेर सोध्दा खरानी किन्चौ खरानी किन्चौ भन्ने कहाँको भन्दा घरको भन्ने भन्यो । त्यसपछि दाजुहरू घरमा फर्किएर गए । यसले एउटा झुपुडोको त यति धेरै पैसा पाऱ्यो हाम्रो छवटा घरको त कति धेरै पैसा पर्ला भनेर छवटै घरमा आगो लगाएर खरानी बोरा बोरा राखेर बेच्न हिँडे । बजारमा गएर खरानी किन्चौ भने त्यसपछि मान्छेहरूले के को खरानी हो भनेर सोध्दा घरको भने । त्यसपछि सबै मान्छेले कसैले के काम लाग्छ यो घरको खरानी भने भने कसैले लखेटे । खरानी बिकेन । त्यसपछि ती दाजुहरू घर आएर सल्लाह गरे कप्टेरेले हाम्रा हल गोरू पनि सिद्धयाइदियो घर पनि सिद्धयाइदियो । यसलाई कसरी मार्ने भनेर सल्लाह गरे । भिरका टाउकामा लगेर बोरामा राखेर भिरबाट पल्टयाइ दिऊँ भनेर सल्लाह गरेर भिरका टाउकामा लगेर गए । बोरामा राखेर तँलाई हामी मार्ने भयौँ भने त्यसपछि कप्टेरेले भन्यो । ओहो ! दाइ हो मलाई मारेपछि तिमीहरू जुठा पर्छौ खान पाउँदैनौं त्यसैले घरमा गएर खाना खाएर आएर मारौला भन्यो । दाजुहरूले त्यसै गरे । त्यसैबेला एउटा राम्रो मान्छे दौरा सुरवाल लाएर घोडामा चढेर छडछड गर्दै आयो । वैकुण्ठ वैकुण्ठ भन्दै बोरा भित्र बसेर वैकुण्ठ भनेपछि जिजुबाजे वैकुण्ठ

सबै देख्न पाइन्छ । भन्यो त्यसपछि त्यो घोडामा चडेको मान्छेले साँच्चै हो भन्यो । कप्टेरेले हो भन्यो । त्यसपछि त्यो मान्छेलाई बोराको मुख खोल्दिन भनी आफू बाहिर निस्कियो । घोडा चढेर आएको मान्छे । कपडा फुकालेर बोरा भित्र पस्यो । कप्टेरेले बोराको मुख बाधी दियो र आफू घोडामा चडेर त्यहाबाट भाग्यो । र घर गयो । भात खाएर छ भाइ दाजुहरू त्यहा आउँदा वैकुण्ठ वैकुण्ठ भनेको सुनेर ए ! अझै वैकुण्ठ वैकुण्ठ भन्दैछस् भन्दै चौरमा लतारे त्यो मान्छेले म त होइन भन्दा भन्दै पनि अझ होइन भन्चस् भनी भिरबाट पल्टचाइदिए । अनि घरमा गए । घरमा आएर बसेका मात्र के थिए । घोडामाथि चडेर दौरासुरवाल लाएर आएको मान्छेले ल्याएको पैसा भर्न कप्टेरे दाजु कहाँ पाथी माग्न गएको देख्दा दाजुहरू अचम्म परी सोधे । तैले कहाँबाट पैसा लिएर आइस् तँलाई त हामीले मारेका थियौँ । भन्दा तिमीहरूले मलाई माथिबाट तल ठेल्देऊ तर तल त बाबु आमा जिजुबाजे पो घर बनाएर बसेका धनी धनी रहेछन् । मलाई त दौरा सुरवाल लाएर घोडा चडाएर पैसा दिएर पठाए भन्यो । त्यसपछि दाजुहरूले पनि सोचे हामी त यति धेरै छौ हामीले त धेरै ल्याउछौँ भन्ने सोचेर आफूहरूलाई पनि बोरामा हालेर घुर्चीदे भनेछन् । त्यसपछि चौरमा गए । कप्टेरे पनि चौरमा गएर दाजुहरूलाई बोरामा राख्दै वरपर लतार्दै भिरबाट घुर्चटी दिएर घर आएछ । त्यसपछि सबै सम्पत्तिस्याहरेर बसेछ । अगतिलो गरीब छ भनेर हेला गर्न हुदैंन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः सालिकराम अधिकारी

उमेर : ९० वर्ष

मालारानी गाउँपालिका वडा नं ६ डाँडाखर्क, अर्घाखाँची

## २. भाग्यको खेल

परापूर्व कालमा नेपालको एक दुर्गम गाउँमा एक छोरा र एक छोरीसहित एक दम्पती बस्दथे । उनीहरू त्यस गाउँका हुनेखाने र सभ्य परिवारका मानिन्थे । समयक्रम व्यतीत हुँदै जाँदा छोरी बढेर ठूली भइन् र उनलाई राम्रो परिवारको केटासँग वैवाहिक सम्बन्ध कायम गरी दिन मगनीको लागि एक जना लमी आए । लमीको तर्फबाट वर बन्ने

केटाको घरपरिवार र चालचलनको बयान सुनेपछि ती दम्पतीहरू छोरीलाई एक पटक बेहुला बन्ने केटोसँग भेट गराई सबै कुरा मिल्दो भएमा विवाह गराइदिने मञ्जुरी भयो ।

उता बेहुला बन्ने घरपरिवारलाई पनि लमीले केटीको घर पक्षका सबैकुराहरू सविस्तार बताए पछि बुबा आमाको मञ्जुरीमा केटीको घरमा लमी र केटा गई केटीका बुबा आमा र केटीसँग भेट गरी विवाह गर्ने निधो गरे । तत्पश्चात् दुवै तर्फको आडम्बरी परिवार भएकाले धुमधामले विवाह भयो । छोरी अब बुहारी भइन् र घरमा गइन । विवाह भएको डेढ वर्ष हुँदा नहुँदै सन्तान पनि जन्मियो । यसरी दुवै परिवारका सामु नयाँ सन्तान प्राप्त भएको अवसरमा निकै खुशीयालीका साथ गाउँका इष्टमित्रहरू बोलाई निकै ठूलो तामझामका साथ भोजभतेर गरे ।

समयकाल बित्तै गयो । घर परिवारमा यति महत्त्वपूर्ण कामहरू हुँदा समेत जवान भैसकेको छोरालाई कुनै सोधनी पुछनी गरिदैनथ्यो । आमाले आफ्नो पतिलाई कहिलेकाँही छोरालाई पनि सोधौं भन्दा बुढाले त्यस बेवकुफलाई किन सोध्ने भनी थर्काउथे । छोरा स्थानीय विद्यालयमा सामान्य लेखपढ मात्र गरेको र घरका काममा वास्ता नगर्ने अल्लारे भई हिँड्ने हुनाले बाबुले समयसमयमा त काम नलाग्ने बेवकुफ कुलङ्गार भनेर हप्काइ रहन्थे । आमाले बुढाको अदेखामा छोरालाई सम्झाउने खर्च पानी दिने गर्थिन् । आफ्ना साथीभाइसँग आफूले गर्ने अनावश्यक खर्चको समस्या समाधान गर्न लक्का जवान छोरालाई धौधौ भएको थियो । छोराले आमासँग सबै आफ्ना समस्या बतायो । आमाले भनिन् : तेरा बाबुलाई भनौ भने केही दिँदैनन् । हामी आमा छोरा दुवैलाई समस्या पर्छ । तँ त बाहिर डुलीडुली हिँड्छस् । मैले घरमा बसी सबै काम गर्नु पर्छ । के गरौ मसँग केही छैन । यसरी नबिग्री छोरो भएर केही गर्नुपर्छ । बरु परदेश लाग भाग्यमा केही रहेछ भने हुन्थ्यो कि भनेर सम्झाउथिन् । त्यसै गरी केही वर्षहरू बित्तै गए । बाबुको हेलाची गाउँका मानिसहरूको खिसी ट्युरी कति सुन्नु त्यो जवान पुरुष विरक्त भई एक दिन भौतारिएर पागल जस्तो भई बेसुरले बाटोमा हिँडिरहेको थियो । अचानक एक जना वयोवृद्ध लामो लट्टा पालेको एउटा हातमा कमण्डलु र अर्को हातमा त्रिशूल लिई शिवको नाम जप्दै हिँडेको योगीसँग भेट भयो र योगीले उसलाई बाटोमा उभिएर अनुहारमा एकोहोरो हेरी बाबु को हौ तिमी कहाँ जान हिँडेको भनी सोध्यो । त्यो जवान केटाले आफ्नो वृत्तान्त बतायो जसमा बाबुको हेला आमाको प्यार, छिमेकीको व्यवहार, युवाको सबै बखान सुनेपछि म तिम्रो भाग्य हेरीदिन्छु

दाइने हात ल्याउ भन्यो हात हेर्यो र अनुहार राम्रोसँग हेरी शिरमा हात राखी धन्दा नमान आजको तीन दिनमा तिमी राजा हुनेछौ, नभए परलोक हुनेछौ । तिमी परदेश लाग घरमा बसे तिम्रो मृत्यु हुनेछ भन्यो । यति भिक्षुका वचन सुनेपछि मृत्युका डरले जवान परदेश लाग्ने सोच बनायो । ऊ निकै सोचमा पर्यो आमासँग सबै बतायो । आमाले आफ्नो बुढालाई केही भन्न नसकी आँसु बगाई आफूसँग भएको दुईचार रुपैयाँ दिई परदेश लाग्ने बाटोमा तेरी दिदीको घर पर्छ दिदीको घरमा हिँडेर गई बास बसी दिदीसँग खर्च मागी परदेश लागेस् भनेर पठाउने निधो गरिन र तीन दिन भित्र परदेश पुग भनिन् । छिटोछिटो हिँडेर खाना खाने बेलामा दिदीको घरमा पुग्यो । दिदी घरको मेला घाँस काट्न गएकी रहेछिन् । घरपरिवारले सोध्दा म तपाईंकी बुहारीको भाइ हुँ भनेको थियो । केही समय पछि दिदी घाँस लिएर आइन् । सासू आँबैले तेरा भाइ आएका छन् । कोठामा बसेका छन् भन्दा कोठामा गई भेट भई निन्याउरो फाटेका कपडा लाएको केही नलिइ आएको देख्दा गाली गरिन् । यस्तो भएर आउने इज्जत नभएको भनेकीले केही नबोली केही समय बस्यो । सासू आँबैले दिएको खाना थोरै खायो । त्यस समय घर परिवार र छिमेकीले केही भनी सोध्दा माइतीघर छिमेकीको छोरा भाइ पर्ने हो भनिन् । आफ्नो भाइ हो भन्न सकिनन् । भाइले ती सबै सुनिरहेको थियो । दिदीसँग आफ्नो बारेमा केही नभनी नमीठो मानी हिँड्यो । केही पर पुगेपछि आफूलाई धिक्कार्दै एक्लै पागल जस्तो भई घरी रुँदै आँसु पुच्छ्दै हिँड्यो बाल्यकालमा साथी भाइ छँदा भेट भएर मीत लगाएका एक जना आफ्नो मीतको घर बाटोमा पर्थ्यो, साँझ त्यही बास बस्न जाने निधो गरी हिँड्यो । घाम अस्ताउन लाग्यो मीतको घर पनि नजिक आयो, के गरौ दिदीको चाला जस्तै पो हुने हो कि अल्लमल्लमा पर्दै रहे । नगई त उपाय थिएन । बास बस्न जाने निधो गर्यो । भिक्षुले भनेको दुई दिन भयो । भोलि परदेश लाग्नु छ । आफ्नो देशमा रहे मरिन्छ । यी सबै सोच्दै मीतको घरमा पुग्यो । मीतसँग भेट भयो भेटमा मीतले बढो हर्ष मानेर भने कहाँ, किन, के भयो, र यसरी हिँड्नु भएको भन्दै अङ्कमाल गरी हर्षका आँसु बगाई अब सँगै बस्ने कुरा गर्दै खटियामा बसाली आफू सक्दो सत्कार र आत्मीय प्रेम दिई राखे साँझ अबेरसम्म गफ गरेर बसे । आफ्नो जीवन वृत्तान्त भन्न जवान लजायो । त्यसपछि मीतले भोली परदेश जाने भए मेरा राम्रा कपडा लगाएर जानु होला, सकेसम्म हामीसँगै मिलेर बसौँला भनी आफ्नो कोठामा लगि सुतायो । जब कोठामा सुत्न भनेर गयो । त्यहाँ निकै राम्रो विस्तरामा सुते पछि भित्तामा महत्त्वपूर्ण झुण्याइएका पोशाक र साम्ने भित्तामा सुगाको ठूलो फोटो र त्यसमाथि

झुण्याइएको हीराको माला थियो । सुतेर युवाले आफ्नो त्यो दुर्दशा मीतको यो सम्पन्नता मनमनै लजाएर सोचेर हेर्दै थियो । त्यसै बखत त्यो फोटोको सुगाले त्यसमाथि झुण्याइएको हीराको माला एकएक गरेर खाएर सक्यो जवान अचम्म मान्यो अब भोलि म मीत र मीतेनीसँग के भन्नु सोचमा पर्यो रातभर निन्द्रा लागेन बिहान भालेको डाकोको समय नहुँदै उठेर हिड्यो । मीत उठेर चिया खुवाउन आफू सुत्ने कोठामा मीतलाई उठाउन जाँदा त मीत उठेर हिडेछ । केही खबर नदिई हिँडेको दुःख मान्दै कोठामा राम्रोसँग हेर्दा हीराको माला नदेखेपछि मीतले लगाउनु भयो होला ठीक छ । आफूसँग केही नभएकोले रहर लाग्यो होला केही छैन । मीत बिदावारी नभई गएको मात्र दुःख मानियो कतै जानु भए होला एक दुई दिन पछि आउनु होला भनेर धैर्य गरी बसे ।

बिहान सबेरै उठेर हिँडेको जवान परदेशको नजिक पुग्यो । त्यो परदेशको नाम लावण्य देश थियो । त्यहाँ दैनिक राजा फेरिदो रहेछ । प्रत्येक दिन हात्तीले भेला भएका सहरका सबै पुरुष मध्य एकलाई माला लगाइ राजा बनाउँदो रहेछ । परदेशको सीमाना काटी युवा अलि केही पर पुग्दा एउटा सहर भेटियो । जहाँ राजा छान्नको लागि प्रशस्त मानिसहरू भेला भएका रहेछन् । त्यही जमघटको छेउमा गएर निन्याउरो भएर युवा बस्यो । राजा छनोटको बेला जयजय भयो । हात्ती वरिपरि घुमेर आई त्यसै युवालाई माला लगाइदिई सूँढले पीठमा राखी दरबार तर्फ लाग्यो । भेला भएका मानिसले अचम्म माने त्यस देशका कसैलाई नदेखी अर्को देशका मानिसलाई किन राजा बनायो । आज हात्ती बौलायो भने, कसैले हात्ती बौलाएको होइन  हात्ती देवता हो । भाग्यमा जसको थियो उसैलाई लगाइदियो भनेर चित्त बुझाए । राजा भई दरबारमा गए पछि युवाले भिक्षुको  कुरा सम्झियो र फेरि सोच्न लाग्यो । किन यसरी म राजा भएँ र दैनिक किन राजा फेरिन्छन् । सोच्दै जाँदा साँझ पर्यो । निकै  सुन्दरी रानी थिइन् । प्रत्येक दिन रानीसँग केही समय भोग विलास पछि राजा मस्त निदाउँथे । निदाए पछि रानीको नाकबाट सर्प निस्किएर राजा निदाएको बेला डसेर मार्ने गर्थ्यो । रानीसँग भोगविलास नगरी धेरै बेरसम्म कुरा गरी बसे रानीले आग्रह गर्दा पनि नमानी भोलि पछिका वाचा गरी हातमा तरबार लिएर बसे । जब रानी निदाइन रानीको नाकबाट सानो सर्पको आकारको जीव निस्कियो र एक्कासि ठूलो भई डस्न लाग्दा तरबारले काटी मारी दियो र रानीलाई देखायो । रानी पनि अचम्म मानिन् । रानीसँग तिम्रो नाकबाट आएको भनेर भने । रानीले पनि दैनिक मेरा पति राजा मार्ने नाग

यही रहेछ । अब दैनिक राजा फेर्नु परेन स्थाइ पति पाएँ भनेर खुसी भइन र अर्को दिनदेखि अत्यन्त हर्षका साथ दिनहरू बिताउन थाले ।

अब देश विदेशमा लावण्य देशको राजा त्यो हेलाको जवान भएको भ्याली पिटियो । त्यस समयमा बाबुले म राजाको बुबा , दिदीले मेरो भाइ राजा , भनेर साँच्चै भाइ भन्न थालिन् । राजकाजका केही समय पछि राजाले आफ्नो देश बाबुआमा, दिदीभिनाजु, मीत( मीतेनी, आदिलाई भेट्ने विचार गर्यो र समाचार पठायो । मीत दुःखमा साथ दिने केही नभन्ने यसै खुसी थिए । पहिलो क्षणमा बास मीतका घरमा बसी त्यसै कोठामा सुत्ने अवसर पायो । पहिले हीराको माला खाने सुगाले त्यस राति के गर्छ भनी विचार गर्दा ओकेली जस्ताको त्यस्तै गरायो । अर्को बिहान उठी मीतसँग बिदा भई दिदी भेटेर जाने र चाला बुझ्ने गर्दा दिदीले मेरो भाइ राजा आउँदै छ भनी भोजको आयोजना र गेट बानी भव्य स्वागत गरेको भेटचायो र त्यस पछि आफ्ना बाबुआमालाई आउँदैछु भनी खबर पठायो । आफ्नो घर जाँदा भोज भतेर उत्सव राजाको बाबु गर्वका साथ आफ्ना पुराना हेला गर्ने बाबुको व्यवहार त्यस राजाले बद्लिएको देख्यो । धेरैसँग केही नबोली उसले आफ्नो जीवनको अविष्मरणीय क्षणको रूपमा भिक्षुको भेट आमाको माया र मीतको सद्भावलाई बढी लिई पुनः आफू राजा भएको देश फर्किएर आनन्दसँग राजकाज चलायो । यो कथाको मर्म तथा भावनालाई हेर्दा ‘हुँदाका बाबु नहुँदाकी आमा’ ‘सर्दाका दिदीबैनी बिसर्दाका मीत’ भन्ने लोकोक्तिको पूर्ण परिपालना भएको देखिन्छ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः विष्णुप्रसाद मिश्र

उमेर ६० वर्ष

मालारानी गाउँपालिका वडा नं ७ रखाले, अर्घाखाँची

### ३. “दिदी भाइको कथा”

एकादेशमा बाबुआमा नभएका टुहुरा दिदी भाइ थिए । एक दिन दिदीलाई छोडेर भाइ आफ्नो काममा जङ्गलमा पस्यो त्यही मौकामा दिदी जङ्गलमा बेपत्ता भइन् । भाइ चाँहि दिदीलाई खोज्नैपर्छ भनेर जङ्गलमा पस्यो । आदिम कालमा वनस्पति र मानिसको घनिष्ठ

सम्बन्ध थियो । त्यस कारण भाइ चाँहि दिदीको खोजीमा वनस्पतिलाई खोज्दै चहार्दै हिँड्न थाल्यो ।

पहिलो भेट ऐसेलु जातको बोटसँग भयो । उनले भने मेरी दिदी कहाँ छिन ? ऐसेलुले यही बाटो गरी जाऊ भनी बताइदिएकाले आशीर्वादसम्म दिएर भने “चाँदी वर्ण फुलिरहे सुन, वर्ण, पाके, आउने जानेसँग तिम्रो निमेक राखे” यस्तो आशीर्वाद पाएको हुनाले ऐलेसम्म ऐसेलुको सेतो फुल सुनौलो फल खान आउनेलाई कोर्ने गर्दछ भन्ने किंवदन्ती छ । त्यसपछि ऊ दिदीलाई खोज्दै जाँदा दोस्रो भेट केरासँग भयो । केराले उसलाई हेर्न भ्याइन भन्ने जवाफ दियो । त्यसपछि केटोले केरालाई एक पटक मात्र फलेस् भनी आशीर्वाद दियो । त्यसैगरी तेस्रो भेट सल्लासँग भयो । सल्लासँगको भेटमा मेरी दिदी सुनकी सरी कहाँ भेटौला भनी सोध्दा सल्लाले भन्यो तिम्री दिदी हेरी बस्ने म हैन मलाई मेरै सोङ्याटगोङ्याटले फुर्सत छैन भन्दा फुल फुल्न र पाक्न नपरोस् भनी श्राप दिए । त्यसै गरी अन्तमा गिद्धसँग भेट भयो । गिद्धसँग भेट हुँदा तिम्री दिदी म भेट्याइदिन्छु भनेर बाटो देखाउन लगी दिदी सँग भेट गराइदियो र दिदी भाइ खुसीले गद्गद् हुँदै “१००० वर्षसम्म बाँचिरहे संसारभर रमाए” भनी आशीष दिएकाले अहिलेसम्म पनि वरदान सिद्ध भएको छ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः दीनामणि पन्थी

उमेर : ६५ वर्ष

मालारनी गाउँपालिका वडा नं ८ ठाढुङ्गा, अर्घाखाँची

## ४. मूर्ख छोरालाई बुढाको उपदेश

कुनै गाउँमा दुई जना बुढाबुढी बस्दथे । उनका दुई भाइ छोरा थिए । बुढाले अब मेरा छोराहरूको हालत के होला भनी चिन्ता गरी रहन्थे । बुढीलाई भने आफ्ना छोराहरू जस्तो राम्रो कोही छैन भन्ने घमन्ड थियो । बुढालाई भने आफ्ना छोराहरू प्रति पटक्कै विश्वास थिएन । नभन्दै छोराहरू एकआपसमा मेलमिलाप गर्न नसक्ने , जे पायो त्यही खाँदै हिँड्ने , जे मन लाग्यो त्यही काम गर्ने , बाबुले भनेको पनि नमान्ने हुँदै स्कुलमा पढ्न पनि छोड्न थाले । समय बित्दै गयो । छोराहरूको बानी व्यवहार पनि बिग्रिदै गयो ।

बाबुआमाले पालेका खसी पाठा वस्तुभाउ पनि नसोधी बेच्ने र रक्सी पिउने गर्न थाले । वृद्ध बाबुले पहिले जो चिन्ता गरेका थिए त्यही छोराहरूको प्रवृत्ति देख्दा दिक्क भए । समय बित्दै जाँदा वृद्ध झन झन वृद्ध हुँदै गए र सोचमा परे । एक दिन वृद्धलाई लाग्यो अब मैले स्वर्गको बाटो तताउनु पर्छ । वृद्ध असाद्धै चलाख थिए । छोराहरूलाई सम्झाउने हेतुले दुई तीनवटा फलामका बाकसमा ढुङ्गा भरेर सिरान नजिकै राखे । सो कुरा बुढाले छोराहरूलाई थाहा दिएका थिएनन् । उता छोराहरूलाई यी बाकसमा सुनका गहना छन् भन्ने भान भयो । मूर्ख छोराहरूले ती सबै सुनका गहना आफ्नो हात पारी मजाले खर्च गर्ने र ऐस गर्ने तथा यसैबाट हामीलाई जीवनभर काम नगरी खान पुग्छ भन्ने सोचेका थिए । त्यो कुरा बाबुले पनि बुझेका थिए । एक दिन छोराहरू घरमा नभएको मौका पारी बुढाले ती बाकस जमि( नमा गाडी लुकाउन लगाए । बुढीलाई पनि त्यो कुरा थाहा दिएनन् । किनकि छोराहरूसँग बुढीको वास्तविक कुरा हुन्छ र पोल खुल्ला भन्ने बुढालाई डर थियो । भोलिपल्ट छोराहरू घरमा फर्केपछि दुवैलाई एकै ठाउँमा बोलाएर सम्झाउन थाले । "बाबु हो । तिमीहरू असाद्धै ज्ञानी बन्नु । म मरे पछि आफ्नो इज्जत बचाएर काम गर्नु । शत्रु बैरीले दुःख देलान् । मसँग भएको सबै सम्पत्तिबराबर बाँडीलिनु । गैरी खेतमा लुकाइराखेका दुईवटा सुनका बाकस छन । ती दुवैले बाडेर लिनु ।"

यसरी अर्ती दिएको केही समय पछि बुढाबुढी दुवै परलोक भए । यता छोराहरू भने खेतमा रात दिन सुनको बाकस भेट्याउला भनी पसिना बगाउँदै खन्न थाले । खनेर मेहनत गर्ने बानी परेपछि खेतमा प्रशस्त अन्न धान मकै गँहु तरकारी फलफुल फल्न थाल्यो । खेतमा उब्जेको अन्नबालीले खान लाउन समस्या नभएपछि उनीहरूको राम्रै गरी जीवन निर्वाह हुन थाल्यो । छोराहरूलाई यो कुराको ज्ञान भयो । खेतमा सुनका बाकस होइन अन्नको भण्डार छ जो मेहनत नगरी फल्दैन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोत : राधिका पन्थी

उमेर : ५५ वर्ष

मालारानी गाउँपालिका वडा नं ८ ठाढुङ्गा, अर्घाखाँची

## ५. बुके सुन लेऊ पाथीभरि रुपैयाँ देऊ

एका देशमा तीन जना दाजुभाइ रहेछन् । ती दाजुभाइ मध्ये जेठो दाजु अलि सिधा सोझो र अलिअलि गोडा खोच्याउने डुँढो तथा उमेरले अलि बुढो रहेछ । भाइहरू भने शरीरका मोटाघाटा बलिया तर स्वभावले भने मूर्ख प्रकृतिका रहेछन् । एक दिन तिनीहरू छुट्टी भिन्न हुन लागेछन् । छुट्टिँदा भाइहरूले आफुआफुमा सल्लाह गरी गतिला गतिला खेतबारी डिङ्गाबाच्छा घरकटेरा लगायत नाम्रानाम्रा (राम्रा) चिज आफुलाई पारी दाजुलाई बारीमा एउटा सानो सुर्को बस्न चुहिने बुकुरो थोत्रा कुच्चिएका भाडाकुँडा र एउटा बुढो गोरू पारी दिएछन् ।

एक दिनको कुरा हो । त्यो जेठो दाजु लौरो टेक्दै खोच्याउँदै त्यै बुढो गोरू चराउन वन गयो । चरन अलि भिरालो र छाङ्गो परेको हुँदा एकै छिन पछि गोरू लढेर छाङ्गोबाट खसी तल बेसीको भर्खरै पाक्न लागेको धान खेतमा गई अडियो । गोठालो गएको बुढो चाँहि शरीरको कुरूप भए पनि मनको बाठो थियो । कुनै पनि काम गर्दा जुक्ति बुद्धि लगाउने गथ( र्यो । गोरू लडेको देखेर ऊ राम राम भन्दै गोरू अडिएको ठाउँमा गयो र गोरूलाई ढुङ्गा मुढाको आड दिई अलिक ठाडो बनाएर मुख उप्काएर धान खान लागेको जस्तो गरी मुखमा धानको बुझो लगाइदिएर आफु चाँहि नजिकै कतै लुकेर बस्यो । केही बेरमा खेतको धनी आएर गोरूले धान खान लागेको देख्दा यो कसको डाम्नो हो अर्काको धानबालीमा नोक्सान पुऱ्याउने । छिटो खेतबाट धपाउछस् कि त्यही आएर चुटेर मारीदिऊँ । आदि इत्यादि तथ( ानाम गाली गऱ्यो । तर कसैले पनि ऊ चिच्याइ रहेको सुनेनन् । गोरूले निरन्तर धान खाइरहेको जस्तो देखी रिसले चूर भएर यो कसको डाम्नो हो । अब म यसलाई नमारी छोड्दिनँ भनेर हातमा ठूलो लौरो लिएर गोरू चुट्न खेततर्फ दौडियो । रिसले चुर भएको अवस्थामा होसै नपाई गोरूलाई बेस्सरी लौरोले हिर्कायो र गोरू डङरङ्ग ढल्यो । यस्तैमा झटपट लुकी बसेको बुढाले यो अर्काको गोरू मारी दिने त को होस् । गोरूले नोक्सान गरेको धान अर्मल म तिर्छु । तर तलाई राजाकहाँ जाहेर गर्छु । कानुन बमोजिम दण्ड सजाय नगरी छाड्दिनँ भन्यो । खेत धनीले साँच्चै गोरू मरेको देख्दा डरले लग्लगी काम्दै मलाई माफ गर राजाकहाँ गई दण्ड सजाय नगर म तिमीलाई तिमीले बोक्न सक्ने जति पैसा दिन्छु भन्यो । खेत धनीले यसो भन्दा बुढालाई के खोज्छस् काना आँखो भने जस्तै गरीब बुढालाई अरू के चाहियो । उसले खुसीले स्वीकार गऱ्यो । खेत धनी कहाँ गई बोक्न सक्ने जति रुपैयाँ लिएर घरतिर लाग्यो । गोरू चराउन वनमा गएको बुढो गोरू नलिइ पाथी

लिएर आउँदा त घरमा बुढी दङ्ग परी । पैसा कति रहेछन् भनी नाप्न बुढाले भाइ कहाँ पाथी लिन पठायो । अस्ति भर्खर छुट्टिएको भिखारी बुढाले के भर्न पाथी मगायो त भनी भाइबुहारीले पाथीको पिँधमा गोबर टाँसेर पाथी दिइपठाई पाथीले पैसा भरी पाथी फिर्ता पठाउँदा पाथीको पिँधमा चाँदीको ढ्याक टाँसिएको देखी छक्क पर्दै साँझ बुहारीले सबै वृतान्त आफ्नो पतिलाई सुनाई । भाइ हत्तपत्त दाजु कहाँ गई यत्रो  पैसा तिमीले कहाँबाट ल्यायौ भनी सोध्दा दाजुले जवाफमा भन्यो । कहाँबाट ल्याउनु र तिमीहरूलाई त थाहै छ कि मेरो सम्पतिको नाममा त्यही एउटा बुढो गोरू थियो । त्यो पनि चराउन लैजाँदा भीरबाट लडेर मऱ्यो । मैले त्यसको छाला काटेर घाममा सुकाएँ र त्यही छाला बेचेर पैसा लिएर आएँ । यस्तो कुरा सुन्दा भाइले अचम्म मानी सोध्यो । ह ! दाइ अनि गोरूको छाला बेच्दा के भन्नुपर्छ नि ? दाजुले भन्यो गोरूका छाला लेऊ पाथीभरि रुपैयाँ देऊ भन्नुपर्छ । दाजुका कुरा सुनेपछि उसका भाइहरूले सल्लाह गरे कि दाजुको एउटा बुढो गोरूको छाला बेच्दा त त्यतिका पैसा कमायो भने हाम्रा त दुई भाइका दुई हल हट्टाकट्टा जवान जवान गोरू छन् । पैसा त कमाइने भइयो । पैसा भए पछि गोरू त जस्ता भन्यो तस्तै फेरि पनि किन्न सकिहालिन्छ । भन्दै भोलिपल्ट पालैपालो लट्ठीलट्ठी पिटेर दुई भाइका दुई हल गोरू मारेर खुकुरी चक्कु  कर्द लिई चारै जना बसी भ्याइनभ्याई छाला काटी घाममा सुकाए । दुईचार दिन पछि छाला सुकेपछि बोरामा राखी दुई भाइ दाजुले सिकाए जस्तै गोरूको छाला लेऊ पाथीभरि रुपैयाँ देऊ भन्दै हिँडे । यी कहाँका बौला रहेछन । यस्तो भन्दै हिँड्ने भनेर सुरुसुरुमा तिनीहरूको कसैले वास्ता गरेन्छन । यस्तैमा उनीहरू एक जना ब्राह्मण पण्डितका घरमा पुगेछन । पण्डितले उनीहरूले वरपर भट्याएको सुनेर नालीबेली सोधेछन र भनेछन । हाम्रो हिन्दु धर्ममा त गाईगोरू मार्न पाइँदैन मारे कैद सजाय पो हुन्छ । यिनलाई त चौकीमा जाहेर गर्नु पर्यो भनी जाहेर गरेछन । तत्काल प्रहरी आइ उनीहरूलाई केही दिन थुनामा राखी उनीहरूसँग भएको धनपैसा सबै जफत गरेर  छाडीदिएछन । विचरा चोक्टा खान गएकी बुढी झोलमा डुबेर मरी भने झैँ उनीहरू रित्तै हात घर फर्किएछन । दाजुको भाउतोमा लागेर एकातर्फ त्यस्ता वीर वीर हल गोरू मारिए अर्कातर्फ धन कमाउनु कहाँ कहाँ खल्तीमा भएको दुईचार पैसा पनि जरिवानामा जानु यस्तो सोच्दै दुई भाइ दाजु भाउजू घरमा नभएको मौका छोपी दाजुको घरमा आगो लगाइदिएछन् । दाजु भाउजू घर फर्किँदा घर त आगोले खाई खरानीको थुप्रो मात्र देखेछन् । यस्तो देख्दा दाजु चाँहिले मनमनै सोचेछ । गोरू मर्दा त उसरी धन कमाइएको थियो । ऐले के गर्ने त यो त गोरू नभई

जाबो खरानी केही बेर मनमा गमेपछि बुढाका मनमा एउटा जुक्ति खुल्यो । एक पाथी जति खरानी थैलामा राखी 'बुके सुन लेऊ पाथीभरि रुपैयाँ देऊ' भन्दै गाउँगाउँमा हिँड्यो भने जाबो एक पाथी रुपैयाँले एक पाथी सुन आउँछ भने एक पाथी रुपैयाँ कत्रो कुरा हो र भन्दै सिदासादा गाउँलेले रुपैयाँ दिई हाल्छन नि यही सोचेर बुढो भोलिपल्ट बिहानै खरानी बोकेर बुकेसुन लेऊ पाथीभरि रुपैयाँ देऊ भन्दै गाउँमा हिँड्यो । यो सुन्दा गाउँलेहरू दङ्ग पर्दै ए बाजे ! खै खै हेरौ त तिम्रो बुकेसुन कस्तो रहेछ । गाउँलेले  यसो भन्दा बुढाले भने यो सुन अहिले खरानी वर्णको धुलो छ । यसलाई जतिबेला पायो त्यतिबेला जसले पायो त्यसले छुनु हुँदैन छोयो भने खरानी बन्छ । यसलाई त गहना बनाउने बेलामा सुनारले मात्र हातले नछोइ औजार लगाई गाल्नु पर्छ अनि मात्र एक नम्बर सुन बन्छ । यति असल सुन कि बुढाले यसो भन्दा गाउँलेहरू चोप्पिदै एउटै थैलोबाट बुढालाई रुपैयाँ दिँदै खरानीका थैला लिँदै गरे बोक्न सक्ने जति रुपैयाँ लिई बुढो घर फर्कियो । घर फर्किएपछि भोलिपल्ट बिहानै अघिको जस्तै यस पल्ट पनि बुढाले स्वास्नीलाई भाइ कहाँ पाथी लिन पठायो । भाइबुहारीले पहिले जस्तै के भर्न पाथी मागेछन् भनी जान्न सुटुक्क पाथीका पिँधमा गोबर टाँसेर दिई  । रुपैयाँ भरीवरी बुढाले पाथी फिर्ता गर्दा भाइबुहारीले हेर्छे त पाथीको पिँधमा रुपैयाँ टाँसिएको दाइको यो चाला देखी अचम्म मानेर आफ्ना लोग्नेसँग भनिछ अघि जस्तै यसले के गरी पैसा कमायो भनी बुझ्न दाजुसँग सोधेछन् । जवाफमा दाजुले भनेछन । के गरी कमाउनु र कुन्त त्यै जाबो सानो बुकुरी त्यसैमा कसले केका रिसले आगो लगाइदिएछ । त्यसैको खरानी बेचेर कमाएको भन्यो । दाजुको यस्तो कुरा सुनेर पट मूर्ख एकोहोरो स्वभाव भएका ती दुईभाइले भनेछन् । ओहो ! त्यो बुढाले त्यत्रो जाबो बुकुरी घरको खरानी बेचेर त त्यत्रो पैसा कमायो भने हाम्रा त यत्रा बडेमानका तीन तले घर पैसा कति कमाइन्छ कमाइन्छ । यस्तो सोचेर भोलिपल्ट बिहानै आ-आफ्ना जहान छोराछोरीलाई घरबाट बाहिर निस्किन लगाएर दुवै घरमा एकै चोटि आगो लगाइदिए एकै छिनमा घरहरू जलेर खरानीको रासमा परिणत भयो । खरानी सेलाए पछि दुई भाइले धोक्राधोक्रा खरानी हाली दाजुले जस्तै बुकीसुन लेऊ पाथीरि रुपैयाँ देऊ भन्दै हिँडे । तर त्यो कसैले किनेनन् बरु सोजासाजा ठग्न हिँडेका भनेर झपारेर पठाए केही दिनको असफल प्रयासपछि उनीहरू रित्तै हात लुरुलुरु घर फर्किए । घरबार बिहीन भएका विचराहरू खुल्ला आकाश मुनि छाप्रो बनाई बस्न बाध्य भए । उता दाजु भने महल बनाइ ऐसआराम सहित नोकरचाकर राखी धनाड्य भई बस्न थाल्यो इति श्री ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः जगतप्रसाद पन्थी

उमेर : ५७ वर्ष

मालारानी गाउँपालिका वाड नं ८ पन्थीटोल, अर्घाखाँची

**६. "भुतको कथा"**

एकादेशमा एक जना वृद्ध थिए । उनका सात छोरा र एक छोरी थिइन् । पहिला जानुपर्ने बटौली नुन लिन भनेर सात भाइ बटौली गए । बैनीलाई आगो ननिभाए है गुरुबैनी भनेका थिए । सातै दिनका आउँछौ भनेका थिए । भाग्य चानस आउने दिन नै आगो निभ्यो । अहो ! आज दाइहरू आउने मसँग आगो पार्ने दर्शुनढुङ्गा सलाई केही पनि छैन । ढुङ्गाको धुलो पार्न पनि जाँन्दिन । दाइहरू भोकै प्यासै आउलान् भनिन् साँझ पर्न लागेको थियो । वृन्दावनमा भुतले आगो बालेको थियो । त्यहाँ पुगेर आगो मागिन् । भुतले आगो लान त लैजाऊँ गुरु बैनी म पनि तिम्रा पछि पछि आउँछु भन्यो । गुरु बैनीले घरमा ल्याएर आगो बालिन् । भुत आउँछ कि भनेर ढोका त लाएकी थिन् ।

भुत आएर ढोका खोल्छेस् । कि तलाई खाम भन्यो ।

अहो ! खान्च कि क्याहो दैलो नउघारे त भनेर खोलिन् ।

भुतले भन्यो ! मन्टाबाट खाम कि खुट्टाबाट ?

गुरु बैनीले भनिन् नखाऊ मेरा दाजुभाइ आउँछन् र खाउला ।

तर भुतले भन्यो - मैले नखाइ छोड्दिन

त्यसपछि खाऊ खाऊ जति दुखे पनि सम्ला खुट्टाबाट खाऊ भन्दै । सातै र भाइकी गुरुबैनी खाइस नि जगटे बोक्सा भनिन् ।

त्यसपछि भुतले भन्यो -नकारा नकरा खुट्टाबाट सुरुगरे ।

गुरु बैनीले भनिन् - सातै र भाइकी गुरु बैनी खाइस् नि जगटे बोक्सा ।

भुतले भन्यो- नकरा नकरा तिघ्रासम्म त ल्याएँ ।

गुरु बैनीले भनिन् -सातै र भाइकी गुरु बैनी खाइस् नि जगटे बोक्सा ।

भुतले भन्यो -नकरा नकरा घुडासम्म त ल्याएँ ।

गुरुबैनीले भनिन्- सातै र भाइकी गुरु बैनी खाइस् नि जगटे बोक्सा ।

त्यही क्रम गर्दा गर्दै निल्नलाई ठिक्क परो ।

गुरु बैनीले भनिन् सातै र भाइकी गुरु बैनी खाइस् नि जगटे बोक्सा ।

भुतले भन्यो-नकरा नकरा पेटसम्म त ल्याएँ ।

गुरु बैनीले भनिन् सातै र भाइकी गुरु बैनी खाइस् नि जगटे बोक्सा ।

भुतले भन्यो- नकरा नकरा घाटीसम्म त ल्याएँ ।

गुरु बैनीले भनिन् सातै र भाइकी गुरु बैनी खाइस् नि जगटे बोक्सा ।

भुतले भन्यो नकरा नकरा खर्लाकखुर्लुक्क पारेर दैलो लाएर बस्यो ।

एकैछिन पछि दाजुहरू आए र बोलाए । ए ! गुरु बैनी कहाँ छौ ? के गरी छौ ? भनेर बोलाए ।

भुतको पेटमा जिउँदै थिइन । ह... मेरा दाइ हो । जगटे बोक्साले खाइहाल्यो के के गरुला भनेकी थिए । के-के ल्याइदिनु भएको थियो ? जगटे बोक्साले खाइहाल्यो भनेर रोएकी सुनियो । पेटमा जिउँदै ओकल्लाएको सुनी दाजुहरू भारी बिसाइ ढोका फोरेर भित्र पसे भित्र ढोका लाएर जगटे बोक्सो बसेको थियो । जगटे बोक्सालाई दाजुहरूले गड्याङ्गुडुङ्ग हाने उतीबेला दाजुहरूलाई याद भएन चिरेका भए गुरु बहिनी जिउँदै हुन्थिन् । बच्थिन् निक्लने थिइन् । घड्यामघुडुम हाने गुरुबहिनी पेट मै मरिन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोत : डिलाराम भुसाल

उमेर: ८० वर्ष

मालारानी गाउँपालिका वाडा नं ७ बामरुख, (कैइराल बोट) अर्घाखाँची

## ७.तीन वीरको कथा

एकादेशमा एकजना वीर थिए । उनले भने अहो ! मेरो यत्रो कला देखाउँचु भनेर आफ्नै श्रमतीलाई दाउ राखेर एउटा नथ्थेबाट तीर हान्थे तीर हान्दा नाकबाट हान्थे त्यति

सिकारी थिए । अहो यो उनले भनिन् १२ वर्ष तपाईंले तीर हान्नु भयो म ५० किलोकी थिएँ । भने म २० किलोकी भएँ । यो २० किलोको मलाई बनाउनु भन्दा त अन्त देशमा गएर एउटा कला देखाउनुस् भनेर उनकी दुलहीले भनिन् । अहो तैँले त यो गजबको कुरा गरिस् भनेर वीरले  देखाउन वीर अन्त देशमा गए । जाँदा जाँदा अलि पर पुगेपछि तपाईंको शक्ति के छ ? भनेर कसैले सोधे वीरले भने-मेरो शक्ति यो छ कि मैले श्रीमतीका नथ्थेबाट तीर घुसाउन सक्छु । यही भएर मलाई श्रीमती पठाइन् कि कँही गएर तपाईंले नथ्थीबाट बाण घुसाएर बहादुरी देखाउनुस् । भनिन् र म कही देशमा जाँदैछु । उताबाट फेरित्यस्तै एउटा वीर आयो । वीर आएपछि तपाईंको शक्ति के छ ? भनेर सोध्दाखेरीमा मैले एक पाइलामा सय कोश हिँड्छु भनेर भन्यो । ती दुई वीर जाँदै थिए । फेरिअर्को वीर मिल्यो । उसले भन्यो मैले यँहाबाट गरेको जति सम्पत्तिदिन्छ हाम्ला उति सम्पत्तिउठाउन सक्छु भनेर तीनै जना वीरहरू हिँडे । जाँदा-जाँदै एउटा राजदरबारमा पुगे । रानी बिरामी थिइन् उनी बिरामी हुँदा वीरहरू बास बस्न गए । उपचारको लागि गएका होइनन् । उनीहरूको केही कला छ कि तीनवटा वीर बाहिर आएका छन् । भनेर पालेले भन्यो । राजाले भित्रबाट आएर सोधे हजुरको केही सीप उपाए छ कि मेरी त रानी मर्न लाइन । अहो ! गङ्गा जल लिन जानु पर्छ भनेर महापुरुषले भनेका थे । गङ्गा जी मा जाँदा त्यहा शेष नागले गङ्गा जल लिन दिन्नन् कमण्डलु डुबाउदै नागले बेर्छ । के गरेर हो ल्याउने भन्ने कुरा भयो । अब सय कोश जान पर्ने थियो । दुई पाईलामा एउटा गई हाल्यो । यँहा तीर हान्थ्यो त्यो आइमाईका नाकका प्वालबाट छिराउथ्यो त्यै बाट तीर हान्दा नाग मारियो गङ्गाजल ल्याएर आए । त्यो जल ख्वाए पछि । रानीलाई सञ्चो भयो । त्यस पछि राजाले भने तपाईंहरूले धन दौलत जति लान सक्नुहुन्छ लानुस् । वीरले राजदरबार नै उठाए । त्यस पछि राजाले भने मैले त अलिअलि पो भनेको हुँ यत्रो दरबारै क्यारेर दिन सक्चुर । आत्तिएको कामीले सात पटक ढोगी दिन्छ भने झै राजाले बाचा त गरे तर पछि अफ्ठारोमा परे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोत : शालिकराम पन्थी

उमेर : ८३ वर्ष

मालारानी गाउँपालिका वडा नं ८ ठाढुङ्गा, अर्घाखाँची

## ८. "मधुकरको कथा"

एकादेशमा एउटा सुरसेन भन्ने राजा थिए । उनका मन्त्री सिकार खेल्नको लागि बहुत सिपालु थिए । राजा मन्त्रीसहित सिकार खेल्न अलौककोकी भन्ने ठाउँमा गएका थिए । त्यो वनमा पिचासिनीहरू बस्दथे । यिनीहरू अघि नाच्न स्वर्गमा जान्थे । एउटी पिचासिनीलाई श्री विष्णुले श्राप दिया थे उनकै श्रापका कारण पिचासिनीका कोखीमा सातवटी छोरीको जन्म भयो । ती सात मध्ये मालती नाम गरेकी छोरी मात्र शक्तिशाली थिइन । अरू बाँकी छ वटी त्यस्ता थिएनन् सुरसेन राजाका पनि सात भाइ छोरा थिए । ती मध्ये एउटा मधुकर मात्र शक्तिशाली थिए । अरू भाइ त्यस्ता थिएनन् । एक दिन राजा सुरसेन मन्त्री र छोराहरूसहित वनमा सिकार खेल्न गएका थिए । वनमा रात पऱ्यो । जाँदा जाँदा पूर्वपट्टि उज्यालो देखियो । यो बिजुली हो कि जुनकिरी हो कि भनेर पत्ता लगाउन जाँदा शिशौ रूखमा उज्यालो देखियो । त्यहाँ नजिकै सोह्र शृङ्गार गरेर सुनको पलङ्गमा बसेका सातवटी पिचासिनीका छोरीहरूले राजकुमार मधुकरलाई देखे । त्यसपछि भन्न थाले अहो पापी हो । कहाँबाट आयौ हाम्रो १२ वर्षको व्रत खत्तम गरी दियौ । हामी तपस्या अवधीभर कुनै पुरुषलाई पनि नदेखौं भनेका थियौ तिमिहरू कति भाइ छौ भनेर मधुमालतीले सोधिन् । त्यसपछि सुरसेन राजाका मन्त्रीले हामी सिकार खेल्न आएका भनेर भने । मधुकरले हामीहरू सात भाइ छौ भने त्यसपछि मधुमालतीले सातै भाइले सातैवटी बैनीसँग बिहे गर्ने भए बस नभए जाऊ भनेर मालतीले भनेपछि मधुकरले हुन्छ प्रभु भनेर कबुल गरे । निकै रात परेको थियो । खानपिना गरे त्यसै गरी सात दिन बसे १५ दिन बसे ७ भाइले पिचासिनीका सातैवटी छोरीहरू जेठाले जेठी माइलाले माइली ............कान्छाले कान्छी गरी बिहे गरे । सात बैनी पिचासिनीका छोरीमा मधुमालती मात्र लायक थिइन् भने राजाका छोरामा पनि मधुकर मात्र धर्मात्मी पराक्रमी थिए । भने अरू सबै गोलढेङ्ग्रा थिए । १५ दिन बसेपछि अब घर जान पऱ्यो बिदा दिनुस भनेर भने । मधुकरले मालतीलाई भने यही खान्कीले हामीहरू यति मोटा छौ । दाजुहरू यस्ता हुनु भयो अब के गरौ भनेर भन्दा मालतीले भनिन् - हामीले व्रत गरेका १२ वर्ष पुग्छन् । यिनी मेरा जेठाजुहरू मर्छन् । आज दिदीहरू दाह्रा उदाउन जाँदैछन् । तिनै दाह्राले सुतेका बेलामा पैतालामा चाट्छन् । पैतालाबाट बोसो खान्छन् । यस्तो सुनेपछि मधुकरले अहो कसरी बचाउने हो त दाजुहरूलाई भनेर मधुमालतीलाई उपाय सोधेछन् । त्यसपछि मधुमालतीले भनिन् । सय पोखरी दुध एउटाले खाएर सक्नु पर्छ । सय मन फलामको दण्ड पेल्नु पर्छ । सय मन

फलामका चिउरा खाएर सिद्धाउनुपर्छ । तर यसो गर्न मधुकरले बाहेक अरूले सकेनन् । मधुकरका दाइहरूले एकाध मुठी र माना भन्दा खान सकेनन् । सय मन दुधको पोखरी सकेपछि त्यहाँबाट सातवटा वायुपङ्खी घोडा निस्किन्छन् । त्यसपछि आकाश मार्गमा गए बाँचौंला नत्र मर्छौं भनिन् । कान्छालाई घोडा निस्किन ढिला गऱ्यो एउटा दाँत भाँचियो । मधुकरले सय मन फलामका चिउरा खाए । सय मन फलामको लाठो पेले त्यसबाट वायुपङ्खी घोडा निस्कियो अरू सबैलाई वायुपङ्खी घोडा निस्कियो मधुकरललाई निस्किएन । त्यसपछि मालतीलाई सोधे मालतीले भनिन् तपाईंको शक्ति छ पूर्वतिर फर्किएर श्री विष्णु भग्वान्को नाम जप्नुहोस् । मधुकरले त्यसै गरे, त्यसपछि त घोडा जुर्मुराउदै उठ्यो र भन्न थाल्यो । अरूपराक्रमी थिएनन् । पृथ्वीबाट छिट्टै निस्किए म तपाईंहरू दुई जना जस्तो पराक्रमी छु । तपाईंकी श्रीमतीसँग तपाईंलाई लान सक्छु ।

घोडा मधुमालती र मधुकरलाई लिएर अर्को देशमा गयो । जाँदा जाँदा समुद्रमा पुगी त्यहाँ छ वटी पिचासिनी घोडाका पुच्छरमा झुण्डिए । त्यसपछि मधुकरले मालतीलाई सोधे अब के उपाय गर्ने । मालतीले सजिलै उपाय बताउदै भनिन् तपाईंको यति पनि बुद्धि छैन सुदर्शन चक्रले घोडाको पुच्छर काटीदिनुस भनिन् । त्यसपछि मधुकरले पनि मालतीले भने अनुसार गरे । पिचासिनी सात समुद्रमा डुबे मधुमालती बचे । मधुकरका छ दाजुहरू पनि बँचे । अनि एउटा देशमा गएँ त्यहाँ राजाले तपाईंहरूसँग कला शक्ति के छ भनी सोधे अनि मधुमालतीले भने हामीहरू बडो पराक्रमी छौ । हामीलाई कसैले दबाउन सक्दैन । त्यहाँ एउटी पम्फावती भन्ने राजकुमारी थिइन् । उनले भनिन् - यो मेरो केश जसले दुई चिरा गराउन सक्छ । मेरो श्रीमान् त्यही होला । मधुकरलाई एउटा केराको बाण हान्न सक्नेले मेरो केश कसरी दुई चिरा पारिदेला भनेकी थिइन् । तर मधुकरले बाण हानेर केश दुईचिरा पारिदिए । त्यस पछि पम्फावतीले विवाह गरिन । मधुकरका दुईवटी श्रीमती भए । मालतीले मधुकरलाई भनिन् । म सौतासँग बस्दै बस्दिन तपाईंले मन चिन्ते झोली लिनुस् । तपाईंलाई जो कुरा खाने इच्छा लाग्छ त्यो यही झोलाबाट पाउनुहुनेछ । बाँसुरी बज( ाउनुहोला यो बज्ननासाथ म आउनेछु एउटा बज्रठियाँ दिन्छु जहाँ बस्ने मन लाग्छ त्यहाँ ठ्याकठ्याक पार्नु घर बन्नेछ । भनी मालती आफ्नो घरतर्फ लागिन् । मधुकर पम्फावतीसँग बसे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोत : रामबहादुर नेपाली

उमेर: ७२ वर्ष

मालारानी गाउँपालिका वडा नं ७ बामरुख, अर्घाखाँची

## ९."कालीनाग र सेतीनागको कथा"

काली नाग र सेतीनागको कथा कहानी म भन्छु । ठूलो को भनी लडाई सुरु म गर्छु भन्दाखेरि कालीनागले भनेछ - मै ठुलो । एउटा खेल खेलौं ल त्यसपछिमात्र ठूलो सानो छुट्टिएला भन्दा कालीनागले भनेछ ल ल खेलौ जे जे होला होला ।

अनि कालीनाग र सेतीनाग लुकामारी खेले अनि राखे त्यसपछि सेतीनाग हिमालय पर्वत मालाबाट दक्षिणतर्फ लागेछन तर सेतीनाग एउटा किसानले जोत्दै गरेको देखेछन् त्यसपछि उनले पनि धेरै सोचेछन् र भनेछन् -त्यही जोत्ने किसानको बारीमा लुक्न पऱ्यो भनी किसानसित बिन्ती गरेछन् । किसान डरले काम्दै सोधेछ - सेतीनाग के विपत्ति पऱ्यो र तपाईलाई ? भनेछन । त्यसपछि सेतीनाग भन्छन् । म र कालीनाग बीचको को ठूलो भन्ने लडाई सुरु भएको छ त्यो लडाईमा जसले जित्छ उ नै ठूलो हुने कुरा छ । मलाई तिम्रो हलोको सियोमुनि लुकाईदेऊ भनेछ र किसानले पनि हुन्छ सेतीनाग देउता हजुरले भनेबमोजिम गर्छु भनेछ । तरसेती नागले फेरि भनेछ कालीनागले तिमीलाई सोधेछन् भने नबताईदिनु यहाँ लुकेछन् भनेर । त्यसपछि किसानले हुन्छ भनेछ । उता कालीनाग फेरी भीरपाखा फालहाल्दै दौड्न लागेछन् । त्यसैबेला बाग्लुङको कालीका भीरमा हाम फाल्न खोज्दा कालिका देवीले कहाँ जाने काली नाग तिमी भनिछन् । काली नागले भनेछ - कालिका देवी ! म र सेतीनाग बिच को ठूलो भन्दा हामी बिचमा लुकामारी खेली जो छिटो अल्पन सक्छ त्यही ठूलो र पहिलो हुनेछ । भनेका छौँ । कालिका देवीले भनिछन् - यही मसँग बस तिम्रो नाम चल्नेछ पहिलो हुनेछौँ भनिछन् । त्यसपछि काली नाग मञ्जुर भएछन् । उता सेती नाग भने बेसी फोर्दै डाँडा भत्काउदै हिडेछन । अहो सेती ठूलो नागबेली बनेर हिडेछन् भनी सबै जना सेतीनागलाई पुज्नुपर्छ भनी पुज्न थालेछन् । उता कालीनाग चुर भएछ । तर क्रोध घमण्ड र रिस गर्नु हुन्न भनेर कालिका देवीले सम्झाउदा

उनी शान्त र स्थीर भएछन् । त्यसैले जो ठूलो हुन्छ त्यसको ज्ञान बुद्धि र विवेक हुनुपर्छ भन्ने कुरा देवीले सुनाइछन् ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला भन्ने बेलामा खुरुखुरु आईजाला ।

स्रोतः बल राना

उमेरः ४२ वर्ष

मालारानी गाउँपालिका वडा नं ६ सिन्धुरे, अर्घाखाँची

## १०. "भावीको लेखा"

एकादेशमा एउटा राजा थिए । उनी सिकार खेल्नका अत्यन्तै सौखिन थिए । सिकार खेल्ने क्रममा बाटो बिराएर एक दिन जङ्गलमा रात पर्‍यो । दरबार फर्किन नसक्ने भए । वनको छेउमा एउटा बाउनको घर थियो । राजाले त्यसै घरमा बास बस्ने विचारले बास मागे तर वनबाउनले भित्र खाने बस्ने केही छैन के खान दिऊला ? के ओड्न दिऊँला ? के ओच्छ्याउन दिऊँला ? भने । त्यसपछि राजाले मलाई केही चाहिँदैन ढोकामा बास दिए पुग्छ भने पछि वनबाउनले बास दिए ।

बुढा भएका बाउनले भिक्षा मागेर खान्थे सम्पत्ति केही थिएन । बाउनकी श्रीमतीलाई छोरा जन्मेको छ दिन भएको रहेछ । अब ढोकामा त्यस देशको बाटो बिराएर गएको राजा तेस्रो परेर बसेका थिए । राति १२ बजे सबै निदाएपछि भावी आएर राजालाई बाटो छोड् भन्यो । त्यसपछि राजाले तिमी को हौ ? भन्दा- म भावी हुँ, भित्र बच्चा जन्मेको छ, म भाग्य लेख्न आएको भन्यो । त्यसपछि राजाले भित्र गएर जे लेख्छौ भन्ने भए बाटो छोड्छु नत्र छोड्दिनँ भनेर लेखेको कुरा भन्ने बाचा गराई बाटो छोडे । फर्केर आउँदा राजाले भावीलाई के लेख्यौ ? भनेर सोध्दा भावीले भन्यो-यो देशको राजाको सम्पत्ति खाएस् भनेर लेखेँ भनेपछि । यो देशको राजा त मै हुँ । यस बालकले मेरो सम्पत्ति खाए मेरो छोराले के खान्छ त भनी चिन्तामा परे । उज्यालो हुँदै गयो । राजा दरबारतिर लागे चिन्ताले धर दिएन । के गरौं कसो गरौं भयो । एकदिन सभामा जाँदै गर्दा घोडामा सबार भएर जाँदै थिए । बाटोमा त्यही बाउनको छोरो भेट भयो । आशीर्वादका प्रभावले त्यही बाउनको छोरो सूर्यको प्रकाश झैं तेजिलो र शक्तिमान भएको रहेछ । राजालाई शङ्का लाग्यो र सोधे- बाबु तिमी को हौ ? कसका छोरा हौ ? बच्चाले भन्यो - ऊ पारि वनको छेउमा मेरो घर छ । मेरो

बुबालाई वनबाउन भन्छन् । यति सुनेर राजा चित खाए । पुरानै चिन्ताले फेरि पनि सतायो कुनै धर दिएन कुनै उपाएँ सुझेन । मनमा पाप चिताउन थाले र यो बच्चालाई कसरी मार्ने भनी मनमा गुन्न थाले । अनि एउटा चिठ्ठी लेखे । यो बच्चा दरबारमा आउनासाथ यसलाई मारीदिनु भन्ने चिठ्ठीको आशय थियो र बच्चालाई बोलाएर भने ए ! बाबु यो चिठ्ठी ऊ पारि दरबारमा लगेर देऊ गेटमा पाले छन् । तीसँग यो चिठ्ठी दरबारभित्र लगेर दिनु भन्नु भएको छ भन्नु र भित्र लगेर यो चिठ्ठी दिनु भनेर पठाए । बच्चा दरबार तर्फ लाग्यो । दरबार बाहिर राजाकी छोरीले मुख धुदै गर्दा बच्चालाई देखिन् र साधिन् - अहो बाबु ! तिमी के कामले दरबार आयौ ? बच्चाले भन्यो - म दरबारमा राजाले पठाएको चिठ्ठी दिन आएको भन्दा राजाकी छोरीले चिठ्ठी मागी खोलेर हेर्छिन् त - यो बच्चा दरबारमा आउनासाथ मारी दिनु भन्ने व्यहोरा पढेर राजाकी छोरी अचम्म परिन् । सोचिन मेरो बाबु बौलाए कि क्या हो । यस्तो बच्चालाई मार्न आदेश दिने । त्यसपछि राजाकी छोरीले उक्त बच्चालाई मार्नु भन्दा बचाउने उपाय गर्नुपर्‍यो भनी त्यो चिठ्ठी च्यातेर अर्को चिठ्ठी लेखिन् । यो बच्चा दरबारमा आउना साथ म आउनु भन्दा पहिल्लै मेरी छोरीसँग कन्यादान गरीदिनु भनेर लेखी दरबार भित्र पठाइन् । त्यो चिठ्ठी ठ्याक्क राजाको छोराको हातमा पर्‍यो । राजाको छोरो अचम्म पर्‍यो । राजाको आदेश मान्नै पर्ने हुँदा तुरुन्तै जग्गे तयार गरेर कन्यादान गरे । सभामा गएको राजा केही समयपछि दरबारमा आउँदा त आफूले मार्न आदेश दिएको बच्चा ज्वाइँ भएर बसेको छ । राजा सोचमा परे यो कसरी भयो । के अनर्थ भयो भनेर अचम्म माने यी हेर्नुस् तपाईंले लेखेको चिठ्ठी भनी राजालाई देखाउँदा त अहो यो त मैले लेखेको होइन । यिनले आफै लेखेछन् कि क्याहो मैले त अर्कै लेखेको थिए भनी गम खाएँ ।

अब मार्नु भन्दा ज्वाईं भएर बसेको छ । सोच्दा सोच्दा गाईको गोठमा छोरो दुहुन गएको मौका पारी राजाले त्यो बालक ज्वाईंलाई खेल्दै गरेको समयमा बोलाएर भने अहो ! ज्वाईं राजाको ज्वाईं भएर यस्तो फोहोर जुत्ता लाउने हो । ऊ त्यो पारि जुत्ता सिउने सार्कीको घर छ त्यहाँ लगेर यो जुत्ता दिनु सार्कीले नयाँ जुत्ता दिन्छ लगाएर आउनु भनी पठाए । उता राजाले अघिल्लो दिन सार्कीलाई भेटी जसले मेरा जुत्ता लिएर आउँछ उसलाई मारीदिनु भन्ने आदेश दिएका थिए । अनि जुत्ता बोकेर जाँदै गर्दा गाई दुहेर आउने जेठानसँग भेट भयो । कहाँ जान लाग्नु भयो भनेर सोध्दा यो जुत्ता दिनु सार्कीले नयाँ जुत्ता दिन्छ लगाएर आउनु भनी बुबाले भन्नु भएको छ भनेर बताए । हाम्रो बुबाको बुद्धि ज्वाईंलाई जुत्ता बोकाउने हो भनी यो दुध लिएर घर जानुस् म जान्छु भनेर राजाको छोरा सार्कीको घरतर्फ

लागे भने ज्वाईं दुध लिएर घरतर्फ लागे । उता सार्कीलाई राजाले आदेश दिएका थिए । यसो हेर्दा राजाको जुत्ता छ । उसलाई त राजाको आदेश मान्नु थियो । राजाको छोरा के अरू के राजाको आदेश नमाने फाँसी दिने माने पुरुस्कार दिने कुरा राजाले सुनाएका थिए । नमाने आफै मर्नु पर्छ । यता ज्वाईं दुध दिएर घरमा आयो । राजाले खोइ त छोरो भनेर सोधे दाइ जुत्ता लिएर जानु भयो । म दुध लिएर आएँ । यत्तिकैमा उता सार्कीको घरतर्फ डुढुम्म आवाज आयो । राजा दौडिएर गए । सार्कीले छोरालाई गोली हानेर मारी सकेको थियो । त्यही आफैलाई गोली हानेर राजाले पनि आत्महत्या गरे । गरीब बाउनको छोरो भएर पनि राजा भए । भावीले लेखेको कही जाँदैन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः लेखनाथ पौडेल

उमेरः ६३ वर्ष

मालारानी गाउँपालिका वडा नं ६ मेहेलपानी, अर्घाखाँची

## ११. मानिस र भुतको सम्बन्ध

पहिले पहिले मानिस र भुत सँगै सँगै घुम्न जाने काम गर्ने, खाने पिउने गर्थे रे । एक दिन भुतले एउटा केटालाई भन्यो -ए साथी घुम्न जाऊँ केटाले भन्यो हुन्छ तर मैले ता इन्डिया आर्मीमा भर्ती खुलेको छ रे त्यही जाने विचार गरेको साथी भनेछ । त्यसपछि त्यो लामो लामो जगल्टा भएको ठूलो बडेमानको भूतले हुन्छ भनेछ । त्यो केटोको घर जङ्गलको माझमा थियो । त्यसले गर्दा पनि भुत र केटाको नजिकको मित्र छिमेकी वा नातेदार जस्तो थियो । त्यसले गर्दा पनि सुखदुःखमा एकार्काले सरसहयोग गर्ने गर्थे । भुत र भुतेनीहरू केटाको घरमा आउने र ठूलो खोलाको नजिकै अग्लो ठाउँमा बस्ने गर्थे । एक दिनको कुरा हो - भूत र केटो भर्ती हुन इन्डिया आर्मीमा पुगेछन् । दुवै जना भर्ती भएछन् । लाउरे भएछन् । यता घरतिर भने केटाको बुढी र छोराछोरीलाई भुतेनीले सताउने गरेच । कहिले भाँतो पिस्ने, कहिले ढिकी कुट्ने, कहिले छोराछोरी लगेर लुकाइदिने आदि गरेर दुःख दिन थालेछ । त्यसपछि केटाको बुढीलाई साह्रै रिस उठेछ र ढिकी र भाँतो लुकाइदिएच । अनि भूतेनीले भनेच भाँतो मानी ढिकी कुटी खै ? भन्दै हो हल्ला गर्न थालेछ र ओढार तिर फर्केछ । त्यसपछि फेरिअर्को दिन केटाको श्रीमती रिस थाम्न नसकी भूतेनीलाई उसको

लामोलामो कपाल र शरीर भरिको रौं जलाईदिने विचारले उसलाई पक्रेर आगो लगाई ओढार तिर धपाउने विचार गरेच । उता केटो र भुत एक वर्षमा घर फर्किदा भुत र केटाको श्रीमती बिचको  झगराले भुतेनी केटाको घरमा आउन छोडेच । नजिकका छिमेकी मित्र ठानिएका यी दुई परिवार बिच मनमुटावको दुःखद घटना भएकाले आजसम्म पनि मानिस र भुत बिचको सम्बन्ध टाढा भएको हो अरे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः सीता राना

उमेरः ५५ वर्ष

मालारानी गाउँपालिका वडा नं ६ सिन्दुरे, अर्घाखाँची

## १२.जसका हेला उसका फेला

एकादेशमा एउटा राजा थिए । उनका छोराछोरी नभएका कारण छोराछोरीका आशले एकपछि अर्को गरी तीन तीनवटी रानी बिहे गरेका रहेछन तर तीनैवटी रानी पट्टि नै बच्चाबच्ची भएका थिएनन् । एक दिनको कुरा हो । राजा घुम्दै वनमा गएका थिए । त्यो तबेला एक जना गुरुलाई देखेर राजाले आफ्नो समस्या  बताएछन् । त्यसपछि गुरुले एउटा आँपको फल राजालाई दिँदै भने तिमीले यो आँप लगेर श्रीमतीहरूलाई खान दियौ भने तिम्रा सन्तान हुनेछन् । यति सुनेपछि राजा आँप लिएर घर गएर माइली श्रीमतीलाई हेलाँ गरेर त्यो आँप दिएनन् । जेठी र कान्छीलाई भने दिए । विचरा ती माइली श्रीमती भने फालेका बोक्रा चाट्छिन् । केही महिना पछि त माइली श्रीमती नै छोरा जन्माउछिन् । त्यस बेला राजा घरमा हुदैंनन् । त्यही मौकामा जेठी र कान्छी सौताले माइलीका छोरालाई सिस्नाको घारीमा फाली दिन्छन् । राजा घरमा आउँदा त माइली श्रीमती रोइरहेको देख्छन् । अनि माइलीलाई सोध्छन्- किन के भयो र रोइरहेकी ? हत्तनपत्त जेठी र कान्छी श्रीमतीराजालाई धम्काउदै भन्छन्- अरूका श्रीमती त छोराछोरी पाउँछन् । तर तपाईंकी माइलीले त लोरो र सिलौटो पाइन । यति सुनेर राजाले जेठी र कान्छीका कुरामा विश्वास गरी माइलीलाई गर्नुसम्म हेला गर्छन् । त्यसको केही दिनपछि माइली श्रीमतीको बच्चा फालेको ठाउँमा अचम्मको लामो लामो विरुवा उम्रन्छ । त्यस राम्रो विरुवाको टुप्पामा एउटा बालक बसेको हुन्छ । जो माइली श्रीमतीको छोरा हुन्छ । यस्तो देखेर राजाले अचम्म मान्दै देशभरि कसको

बच्चा हराएको छ ? प्रमाणसहित लिन हाजिर हुने आदेश दिन्छन् । त्यसपछि त बच्चा मेरो हो भनेर दाबी गर्ने धेरै हुन्छन् तर बच्चा कोहीसँग पनि जान मान्दैन । यस्तो देखेपछि राजाले आफै बोलाउन सुरु गरे । आऊ, न आऊ राजैका छोरा हौ भने काखैमा आऊँ भन्दा अलिअलि तल आउँछन् । त्यसपछि जेठी र कान्छी श्रीमतीलाई बोलाउन लाउँछन् । जेठी र कान्छी श्रीमती आऊ न आऊ राजैका छोरा हौ भने काखैमा आऊ भन्दा झन माथी जान्छन् । त्यसपछि राजा अचम्म मानी माइली श्रीमतीलाई बोलाउन भन्छन् । माइली श्रीमतीआँसु झार्दै 'आऊ न आऊ' राजैका छोरा हौ भने काखैमा आऊ भन्दा बित्तिकै काखमा आएर बस्छन् । त्यसपछि मात्र माइलीका छोरा रहेछन् भन्ने कुरा राजालाई थाहा हुन्छ । अनि रानीले पनि राजा नभएको बेलामा सौताहरूले आफूलाई दिनुसम्म दुःख दिएको कुरा राजालाई बताउछिन् । बच्चा जन्मिएपछि हामीले हेर नभन्दै नहेर्नु भनी हेर्न समेत नदिई । बच्चालाई सिस्नाको घारीमा फाली दिएर लोरो र सिलौटो सालमा बेरेर राखिदिए । त्यसपछि मात्र उनलाई हेर्न भनेका थिए । सत्य कुरा कहिल्लै छिप्दैन भने झैं आखिर माइली रानीका छोरा भन्ने पक्का भयो । त्यसपछि जेठी र कान्छी श्रीमतीलाई राजाले दरबारबाट निकालिदिए । माइली श्रीमती र छोराका साथ आनन्दपूर्वक बस्न थाले । त्यसैले भनिन्छ जसलाई गर्छ हेला उसका पर्छ फेला ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

उमेरः ४५ वर्ष

मालारानी गाउँपालिका वडा नं ७ बामरुख नुनथला, अर्घाखाँची

## १३. अज्ञानको कारण अकालमा मृत्यु

कुनै गाउँमा एउटी हजुरआमार एउटा नाति बस्दथे । नातिका बाबु र हजुरबाबुको दैव संयोगले कडा रोग लागी मृत्यु भएपछि नातिकी आमा पोइल गरएकी थिइन् । हजुरआमार नाति जेनतेन निर्वाह गरी बसेका थिए । नाति राम्रो स्याहार सुसार , खानपान तथा लेखपढको अभावमा त्यो बालक त्यति बुद्धिमान थिएन । अलि अस्वभाविक खालको वा मूर्ख प्रकृतिको थियो । एक दिन गाउँका सबै मिली वनमा दाउरा काट्न गएछन् । दाउरा काट्दा काट्दै एकैछिन आराम गर्न लागेछन् । घाम लागेको ठाउँमा दाउरा काट्न लागेको ठूलो खुर्पा बढी तातेछ । आफ्नो खुर्पा तातेको देखी साथीलाई सोधेछ । साथीले त्यस नाति

केटोलाई तेरो खुर्पालाई ज्वरो आएछ । यसलाई तलतिर खोलाको रहमा लगी गाड त्यसपछि त्यसलाई आएको ज्वरो ठीक हुन्छ भने पछि रहमा लगेर चोप्दा चिसो भएर ज्वरो हटो भन्ने भान परेछ । त्यसको दिमागमा त्यो घटना निकै गहिरो गरी बसेछ । साथी भाइ मिली पुनः दाउरा काटेर घर फर्किए । समय परिस्थिति बद्लिदै गयो । त्यो घटनाको केही समय पछि केटोको हजुरआमाबिरामी पर्न थालिन् । बिरामी पर्दैजाँदा एक दिन डाक्टर बोलाएर ज्वरो नाप्न पठाउदा ज्वरो कडा आएको छ । औषधी खानु पर्छ नखाई सञ्चो हुँदैन । औषधी लिन हस्पिटल आउनु भनेर डाक्टर गए । नातिले ज्वरोको औषधी खानु भन्दा ठूलो रहमा चोबे पछि ठीक हुन्छ भन्ने बुझेको हुनाले उसले हस्पिटलमा औषधी लिन जानुको साटो रहमा चोब्ने निर्णय गरी हजुरामालाई बिरामी अवस्थामा जबरजस्ती औषधी गर्न भनी रहमा लगी चोब्दा हजुरामाको मृत्यु हुन गयो । यसरी कहिलेकाँही अधुरो बुझाईले ठूलै दुर्घटना निम्त्ययाउँछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः लक्ष्मण मरासिनी

उमेरः ५० वर्ष

मालारानी गाउँपालिका वडा नं ७ बामरुख ठूलाखर्क, अर्घाखाँची

## १४.अकबर र वीरबलको कथा

धेरै वर्ष पहिले यस लोकमा अकबर नाम गरेका राजाले राज्य गर्थे । उनी राजा अलि महत्त्वकांक्षी र मूर्ख थिए । उनले समय समयमा राज्य सञ्चालनको निमीत मन्त्रीहरू फेरबदल गरी रहन्थे । उनको धेरै समय मन्त्रीहरू फेर्नमा नै बित्दथ्यो । उनका मन्त्री मध्ये वीरबल नाम गरेका मन्त्री अत्यन्त चलाख थिए । राजालाई एक दिन किन हो कुन्नी एक खालको विचार आयो । उनले वीरबललाई एउटा समस्या दिने र त्यसको जवाफ खोज्न लगाउने गरी दरबारमा बोलाएर प्रश्न गरे - वीरबल यो राज्यमा गुनीमा गुनी कुन छ ? बैगुनीमा बैगुनी कुन छ ? यी दुई प्रश्नको जवाफ देऊ । वीरबलले भने गुनीमा गुनी वीरबलको कुकुर छ । बैगुनीमा बैगुनी वीरबलको ज्वाईं छ किन ? भनी राजाले वीरबललाई प्रश्न गरे । वीरबलले भने महाराज संसारमा सबै भन्दा गुनी कुकुर हुन्छ किनकि कुकुरले जुठो कुरा खान्छ र रातभर चौकीदारी गर्छ । एक पटक  हाने पछि पर सर्छ । चे भनेर

डाक्दा पुनः नजिक आई मालिकको पछि पछि हिँड्छ । बैगुनी ज्वाईं किनकि हुर्काई बढाएकी चेली दिनुपर्छ । शारीरिक पारिश्रमिक एवं मानसिक शोषण गरी आनन्द पूर्वक जीवन बित(ाउँछ । दाइजोपात जतिदिए पनि दक्षिना भेटी जति दिए पनि थोरै हुने र अलिकति रिस उठ्यो कि तेरा बाउको जोई भनेर बाबुसँगको बापत चरित्र भ्रष्टको आरोप लगाउँछ । यही भएर संसारमा सबैभन्दा बैगुनी ज्वाईं हुन्छ भनेर वीरबलले भने । यस्तो सुनेपछि सोच विचार नगरी त्यस्तो बैगुनी ज्वाईंलाई सुली चडाएर मार्नुपर्छ ल छिटो सुली बनाई ल्याऊ भनेर वीरबललाई अकबर राजाले आदेश दिए पछि बुद्धिमान् चलाख मन्त्री वीरबलले ल हुन्छ मलाई १५ दिनको समय चाहिन्छ भने । त्यसपछि राजाले ल हुन्छ १५ दिनमा तयार गरी ल्याउनु र त्यस्तो बैगुनी ज्वाईंलाई सुली चढाउला भने । वीरबल राजाको आदेश अनुसार कामीको आरनमा गई तीनवटा सुली बनाउन लगाए । पहिलो सुनको दास्रो चाँदीको र तेस्रो फलामको । आरनेले १५ दिन भित्र बनाइदिने भयो । १५ दिन पछि वीरबल आरनेको घर गई तीनवटै सुली लिई राजाको दरबारमा हाजिर भए र राजालाई बैठक कक्षमा जान र त्यस्तो काम गर्दा बैठक समेत गर्नुपर्ने आज्ञा गरी बैठक कक्षमा भेलला भए । भेला भएपछि राजाले वीरबललाई भने हे वीरबल ! त्यो बैगुनी ज्वाई खै ? त्यसलाई चढाउने सुली खै ? भनेर सोध्दा महाराज बैगुनी ज्वाईंलाई सुली चढाउन तीन खाले सुली चाहिन्छन् । जुन हजुर सामु म देखाउँछु । पहिलो सुनको दोस्रो चाँदीको तेस्रो फलामको तीनवटा सुली देखेपछि राजाले वीरबललाई भने - हे मूर्ख ! मन्त्री एउटा भनेको किन तीनवटा भन्दा वीरबलले भन्यो - बैगुनी ज्वाईं पनि त तीन वटै हुन्छन् महाराज । राजाले खै त भनी सोध्दा वीरबलले तीनवटा बैगुनी ज्वाईंलाई तीनवटा सुली तयार गरेको राजालाई सुनको सुलीमा, मन्त्रीलाई चाँदीको सुलीमा र जनतालाई फलामको सुलीमा चढाउनु पर्छ भनी ल्याएको बतायो । राजा अचम्म मानी सोध्दा वीरबलले भने तपाईं पनि त कसैको ज्वाईं हुनुन्छ । तपाईंले पनि श्रीमतीसँग झगडा गर्दा बोल्ने भाषा माथि भनिएको जस्तै होला । अरू व्यवहार पनि त्यस्तै हुन्छ । त्यसैले राजालाई सुनको सुली र म पनि कसैको ज्वाईं भएकाले चाँदीको सुली र जनता पनि कसैको ज्वाईं भएकाले फलामको सुलीमा चढाउनु पर्छ भनी ल्याएको । मन्त्रीको यस्तो जवाफ पाए पछि राजा अकबर अक्क न बक्क भए र मन्त्रीलाई भने - मैले तिमीलाई नसोची आदेश दिँदा म आफै कारवाहीमा पर्ने अवस्था आयो । सुली सङ्ग्राहलयमा थङ्काएर राख्नु आदेश भए पनि यो कारवाही अगाडि नबडाउनु भनी बैठकमा आएका सबै सामु माफी मागी अब उप्रान्त राम्ररी विचार नगरी कुनै आदेश गर्ने

छैन भनी राजकाज चलाउने भए । ठूलो मानिस जो कोही निर्णय गर्दा वा बोल्दा राम्रोसँग विचार पुऱ्याइएन भने त्यही निर्णय आफ्नो गलपासो हुन सक्छ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः रामप्रसाद मिश्र

उमेरः ६५ वर्ष

मालारानी गाउँपालिका वडा नं ७ रखाले, अर्घाखाँची

## १५. "पाँच भाइको कथा"

एकादेशमा एउटा गाउँमा पाँचभाइ र एउटी बैनी थिए । ती पाँच भाइहरूले बैनीलाई असाध्यै माया गर्थे । एकदिन ती पाँच भाइले परदेश घुम्न जाने निर्णय गरेछन् र अर्कोदिन बिहानै उठेर पाँचै भाइ घरबाट परदेश जानभनी हिडे । त्यही दिन पाँच भाइकी बैनीलाई पाँचओटी भाउजुहरूले भने सबैले माया गरेर पुलपुल्याएकी प्यारी बैनी अब त काम नगरि पाईंदैन भनेर काम गर्न लगाए कि बिना डोको, बिना नाम्लो, बिना हँसिया, जंगल गएर दाउरा लिएर आइजा भनेर चारवटी भाउजुह-ले भने । बैनी जंगल गइन् तर उनीसँग दाउरा काटन हैस्या थिएन अब मैले कसरी दाउरा लैजाने भनेर धुरुधुरु रुन थालिन् । पूर्वतिरबाट एउटा बाँदर आयो र ती धुरुधुरु रोइरहेकी बैनीलाई सोध्यो-ए बैनी ! तिमी किन यस्तो जङ्गलमा एक्लै बसेर रोइरहेकी भन्यो । बैनीले भनिन् - मलाई भाउजूहरूले बिना नाम्लो बिना डोको बिना खुर्पा दाउरा लिन जा भन्नु भयो । त्यसैले म यहाँ बसेर रोइरहेकी हुँ भनिन् । बाँदरले भन्यो - तिमी नरौं, मैले दाउरा भाँची दिन्छु । बादरले रूखमा चडेर भटाभट दाउरा भाँच्न थाल्यो र बाँदर आफ्नो बाटो लाग्यो र बैनीले दाउरा सानासाना गराएर भाँचेर घर लान तयार परिन तर दाउरा लैजान डोको नाम्लो थिएन फेरिउनी बसेर धुरुधुरु रुन थालिन् । उताबाट एउटा सर्प आएर भन्यो ए बैनी तिमी यहाँ किन रोएर बसेकी बैनीले भनिन् मलाई भाउजूहरूले बिना नाम्लो बिना डोको बिना खुर्पा दाउरा लिन जा भन्नु भयो । दाउरा त बाँदर दाइले भाँची दिए तर यी दाउरा लैजान डोको नाम्लो छैन । त्यसैले म यहाँ बसेर रोइरहेकी हुँ । सर्पले भन्यो- तिमी चिन्ता नगर, म यस दाउरा वरिपरि बेरिन्छु अनि तिमीले बिस्तारै टाउका माथि राखेर घरमा लगेर सुस्तरी राख्नु,म सल्ललल बगेर भाग्छु भन्यो । बैनीले त्यसै गरिन् । भाउजूहरू अचम्म परे । यसले

त यति धेरै दाउरा कसरी ल्याई भनेर कानेखुसी गर्न थाले । अब यसलाई के गर्न लगाउने ? भनेर सबै मिली चाल्नामा पानी ल्याउन भनेर लगाए । उनी चाल्नो लिएर पँधेरामा गइन् । पानी लिन लाग्दा चाल्नोमा पानी नै अडिएन । त्यै बसेर ग्वाग्वाती रुन थालिन् । पँधेरा भित्रबाट माछाले - भने बैनी तिमी रोइरहेकी बैनीले ? आफ्नो वृत्तान्त बताइन् । त्यसपछि माछाहरूले भने हामीहरू चाल्नाको पिँधमा प्वालहरू टालेर बस्छौ । तिमीले पानी लिएर जाऊ र घरमा लगेर खन्याऊ । बिस्तारै हामी आउँछौ भने । बैनीले त्यसै गरिन् । घरमा जाँदा भाउजूहरूले अचम्म मानेर भने - यसले त दुई वटै काम गरी सकी अब यसलाई के काम लगाउने फेरि गन्थन गर्न थाले । त्यस पछि भाउजूहरूले पाँच पाथी डालाभरि धान राखेर भने - यसलाई बिना ढिकी बिना झातो कुटेर चामल लिएर आइजा । बैनीले धान लिएर चौरमा गई पुनः रुन थालिन् । यत्तिकैमा एउटा भँगेरो आएर भन्यो बैनी तिमी किन रोइरहेकी ? बैनीले आफ्नो सबै वृत्तान्त सुनाइन् । भगेरोले भन्यो -तिमी चिन्ता नगर । हामी सबैले धान काटी दिन्छौ तिमीले लिएर जाउली । अनि भगेराले धान काटी दिए, बैनीले चामल लिएर घरमा गइन् । घरमा जाँदा भाउजूहरू छक्क परे । यसले यति राम्रो चामल कसरी कुटेर ल्याई । अनि भाउजूहरूले फेरि अर्को कठिन काम लगाउनु पर्यो भनी आफूहरू बिरामी भएको बहाना गरेर बागको दुधले निको हुने भन्दै पाँच मुठी बागको दुध लिन पठाए । बैनी घरबाट बागको दुध लिन भनी हिडिन । उनी धेरैबेर हिडेपछि एउटा घनघोर जङ्गलमा पुगिन् । त्यहाँ एउटा ओडार पनि देखिन् । त्यहाँ गएर हेर्दा बगिनीका पाँचवटा बच्चा रहेछन् । बैनी डराउँदै अब त यिनले खान्छन् भनी रुँदै बस्न थालिन् । उनी त्यहाँ रोएर बसेको देखेर बागका बच्चाहरूले भने - बैनी ! तिमी किन यस्तो ठाउँमा बसेर रोइरहेकी ? बैनीले सबै वृत्तान्त बताइन त्यसपछि उनीहरूले भने -तिमी चिन्ता नगर । बैनी ! हामीले आमाको दुध खाने बेलामा मुखमा च्यापेर राखी दिन्छौ । एकैछिन पछि बगिनी आइपुगी । बगिनीले आफ्ना बच्चाहरूलाई दुध चुसाई सिकार खेल्न हिँडी त्यसपछि बागका बच्चाले बैनीलाई बोलाएर पाँच मुठी दुध दिए । बैनी दुध लिएर घर गइन् । घर जाँदा कान्छी भाउजू चिन्तामा थिइन । कहाँ जानु भयो भनेर कैले बाहिर कैले भित्र गरेकी थिइन् र अरूभाउजूहरू आनन्दसँग बसिरहेको देखिन । बैनी आएको देखेर कान्छी भाउजू अति खुसी भइन् । अरू चार भाउजूहरू भने बागको दुध लिएर आएको देखेर अचम्म परे । अब यसलाई त बागले पनि खाएनछ । यसले त बागको दुध समेत लिएर आई । अब यसलाई के गरी दुःख दिने होला ? भनेर सोच्न थाले । सोच्दा सोच्दै उपाय निकालेर भने-हामीलाई

बागको दुधले सन्चो भएन, त्यो पारि सिमलको रूखको टुप्पोमा कौवाको फूल छ लिएर आइजा भनेर पठाए । बैनी घरबाट कौवाको फूल लिन भनी हिँडिन् । धेरैबेर पछि उनी सिमलको बोट भएको ठाउँमा पुगिन् त्यो बोट धेरै मोटो र अग्लो थियो त्यै पनि उनी रूखमा चड्न कोसिस गरिन् तर सकिनन् । त्यही सिमलको रूखको फेदमा बसेर रुन थालिन् । केही समय पछि उनले मन मनै सोचिन् । यत्तिकै फूल नलिई जाऊ भने त मलाई भाउजूहरूले मार्छन भनिन् र त्यो रूखमा फेरि चड्न कोशिस गरिन् र रूखको टुप्पोमा पनि पुगिन । टुप्पोमा बसेर रुन थालिन् । त्यहाँ उनले कतै पनि फूल भेटिनन् । अब म घर जान्न यही बस्छु, यही मर्छु भनिन् । त्यस दिन रात पऱ्यो । उनी चढेको सिमलको रूखमुनि बटुवाहरू बास बस्दा रहेछन् । ती उनका पाँच दाजुहरू परदेशबाट घर आउँदै गर्दा रात परेछ र उनीहरू पनि त्यही बास बसेछन । उनीहरूलाई  भोक लागेको थियो । त्यसैले उनीहरूले खान पकाएर खान लाग्दा पाँचवटा थाल हुनु पर्ने ठाँउमा छ वटा थालमा भात पस्किएछन् । जेठो दाइले भन्यो- हामी त पाँच भाइ छौं किन छ वटा थालमा भात पस्कियौं त भनेर सबै भाइहरू अचम्म परे माइलो भाइले भन्यो भुलेर होलानी । सबै भाइले भात खान लाग्दा माथिबाट सबै भाइको भागमा एकएक थोपपा आँसु झरे सबैले यताउता हेरेर भने पानी परेको छैन यो एक थोपा पानी कहाँबाट आयो ? भने  पाँचै भाइ बसेको रूखको टुप्पोमा लाइटले हेरेर भने अहो ! यहाँ त को रहेछ ? यसलाई त झार्नु पऱ्यो भनेर जेठो दाइ रूखमा चड्यो । त्यसलाई भुँइमा झार्दा त  आफ्नै बहिनी पो रहेछिन । तिमी यँहा किन आएकी ? के गर्न आएकी ? भनेर सोधे । बैनीले दाजुहरू परदेश हिडे देखीबाट आफूलाई भाउजुहरूले अनेक तरिकाले दुःख दिने गरेको वृत्तान्त सुनाइन् र त्यहाँ पनि कागको फूल लिन भनी आएको बताइन् । त्यसपछि पाँचै भाइले भने- भोलि घर पुगेपछि तिनीहरूले थाहा पाउछन् । यति भनेर खाना खाएर त्यै रूखको फेदमा सुते । अर्को दिन बिहानै बैनीलाई एउटा बाक्सा भित्र राखेर सुनैसुनले ढाकेर घर लगेछन् । जाँदा बित्तिकै जेठो दाइले आफ्नी श्रीमतीलाई सोधेछन्, मेरी प्यारी बैनी खै त ? भाउजूले भनिन् -अघि भर्खर यही हुनुन्थ्यो, खै कता जाँनु भयो ? भनी भन्दा फेरि भन्तो भनेर सोधेछन् । फेरिपनि त्यही जवाफ आउँछ । सबै भाइले सोध्दा चारवटै भाउजूहरूको एउटै जवाफ आउँछ तर कान्छी भाउजूले भने कहिले बिना डोको,बिना नाम्लो,बिना हसिया,जङ्गल गएर दाउरा लिएर आइजा भनेर पठाउनु हुन्छ । कैले पाँच पाथी डालाभरि धान राखेर भने - यसलाई बिना ढिकी बिना झातो कुटेर चामल लिएर आइजा भन्नु हुन्छ , कैले बागको दुध लिन त कहिले कौवाको

फूल लिन पठाउनु हुन्छ । हिजो कौवाको फूल लिन पठाउनु भएको, थियो अझैसम्म पनि आउनु भएको छैन । कहाँ जानु भयो थाहा छैन भनिन् । पाँचै दाजुभाइहरूले बैनीलाई बाकसबाट निकालेर देखाउँछन् । र भाउजूहरूले भन्छन् । यसले सबै कुरा बताई अब त हामीहरूलाई मार्छन् । दाजुहरूले चारवटी भाउजूहरूलाई भन्छन् - किन हाम्री प्यारी बैनीलाई यति धेरै दुःख दिएका ? पाँचवटै भाइहरूले खुकुरीले हानेर कसैका खुट्टा कसैका हात त कसैका मन्टा काटेर मारे । त्यसपछि पाँचै भाइले एउटी बैनी र कान्छी भाउजूलाई सुनै सुनले छाएर राखे । त्यस पछि सबै आनन्द र खुसीसँग बस्न थाले । सुन्नेलाई सुनको माला

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः सुमित्रा अधिकारी

उमेरः ३७ वर्ष

मालारानी गाउँपालिका वडा नं ८ लुक्का, अर्घाखाँची

## १६. "बेलौतीको कथा"

कुनै एउटा गाउँमा लटरम्म फलेर पाकेको बेलौतीको बोट रहेछ । त्यो बोटमा बसेर एउटा केटाले बेलौती खान लागेको बेलामा एउटी बुढी आएर ए कान्छा ! मलाई पनि बेलौती झारी देऊन, काँचाकाँचा हाँगामा छोप, सुकेका हाँगामा टेक भन्छे । त्यही बेलामा केटो रूखबाट लडेर भुँइमा खस्छ । भुँइमा बुढीले  बोरो थापेकी हुन्छे त्यो बोरामा केटालाई राखेर लिएर जान्छे । अलि पर पुगेपछि । उसलाई पिसाब लाग्छ । बोरो बिसाएर जान्छे । त्यै मौकामा केटो बोराबाट फुत्त बाहिर निस्किन्छ र बोरामा ढुङ्गा राखेर बोरो बाँधेर भाग्छ । अनि बुढीलाई त्यो ढुङ्गा बोक्दा ढुङ्गाले झटार्छ र बुढीले भन्छे -तँलाई देख्लास् ऐले त मलाई खुब हानेछस् ? तँलाई घर लगेर पकाएर खाँदा थाहा पाउलास् भन्छे -बुढी घर पुगेर छोरीलाई भन्छे मलाई आज साह्रै धौ भएको छ । म गाउँतिर गएर आउँछु आउँदा तैले यसलाई पकाएर ठिक्क पार्नु । छोरीले हुन्छ भन्छे बुढी गाउँबाट फर्केर छोरीलाई भन्छे केटोलाई पकायौं ? अनि छोरीले भन्छे आफूले ढुङ्गैढुङ्गा ल्यइदिने मैले कसरी पकाउने ? त्यसपछि बुढी अचम्म मानी र सोची यस्तो कसरी भयो ? त्यो केटा कसरी भाग्यो ? अर्को दिन पनि बुढी बेलौतीको रूख भएनेर गई केटोलाई त बेलौतीको रूखमै देखी । फेरिबुढीले

काँचाकाँचा हाँगामा छोप, सुकेका हाँगामा टेक भन्दै बोरो थापी । केटो लडेर त्यै बोरामा खस्यो । बुढीले केटालाई परसम्म लैजान्छे र बिसाएर पानी खान जान्छे । त्यै मौकामा केटो आफू बोराबाट निस्कन्छ र बोरामा काँडा राखी दिन्छ । बुढी पानी खाएर आए पछि बोरो बोकेर हिँड्न खोज्दा काँडाले चिथोर्छ । बुढीले भने केटाले चिमोटेको ठानेर भन्छे । ऐले त मलाई चिमोट्छस् घर लगेर पकाएर खाँदा बल्ल थाहा पाउलास् भन्दै घर पुग्छे । त्यो दिन पनि आफू गाउँतिर लाग्छे र छोरीलाई पकाउन भन्छे । गाउँबाट फर्किदा पकायौं भनेर सोध्छे । छोरीले भन्छे काँडैकाँडा ल्याइदिने मैले कसरी पकाउने ? त्यस पछि अर्को दिन पनि बुढी बेलौतीको रूखनेर जान्छे । अनि भन्छे ए कान्छा ! मलाई पनि बेलौती झारी देऊन । काँचाकाँचा हाँगामा छोप । सुकेका हाँगामा टेक । भन्छे फेरि पनि त्यही बेलामा केटो रूखबाट लडेर भुँइमा खस्छ । भुँइमा बुढीले बोरो थापेकी हुन्छे त्यो बोरमा केटालाई राखेर लिएर जान्छे । यस पटक भने नबिसाइकन लैजान्छु । तैँले मलाई साह्रै दुःख दिइस् । आज तँलाई नखाइ पनि छोड्दिन भन्छे । घरमा लगेर बिसाउछे र छोरीलाई भन्छे । छोरी आज त म केटोलाई कतै नबिसाइ ल्याएकी छु यही बोरा भित्र छ । म आउँदा यसलाई पकाएर ठिक्क पारेर राख्नु भन्दै बुढी गाउँतिर लाग्छे । बुढी गाउँमा गएका बेलामा केटाले बुढीकी छोरीलाई भन्छ । ए कान्छी तिम्रो कपाल लिऊ तो मलाई कस्तो हुन्छ भन्छ केटीले कपाल दिन्छे । अनि ए कान्छी ! तिम्रो कपडा लिऊ तो मलाई कस्तो हुन्छ भन्छ कपडा पनि दिन्छे । सबै मागेर लाउँछ । अनि ए कान्छी ! ढिकीमा तेर्सो पर तो कस्तो हुन्छ भन्छ । ढिकीमा केटी तेर्सो पर्छे अनि त्यो केटीलाई कुट्छ र पकाएर ठिक्क पार्छ । एकै छिनमा बुढी गाउँतिरबाट आउँछे र सोध्छे, छोरी केटोलाई पकायौ ? केटोले पनि केटीका जस्तै मसिनो स्वर निकालेर भन्छ । हजुर पकाएँ आमा भनी खान दिन्छ । बुढीले छोरी तिमीले पनि खाऊ भन्छे । केटोले भयो खान्न आमा मैले त पकाउँदै खाँदै गरेकीछु भन्छ । बुढीले एक्लै आफ्नी छोरीको मासु आफै खाएर सक्छे । अनि त्यो केटोले भन्छ । हाइहाइ कुटुनी बुढीले आफ्नी छोरीको मासु आफै खाई भन्दै त्यहाँबाट फुत्त निस्केर भाग्छ । अनि पो बुढी झसङ्ग हुँदै आफ्नी छोरीलाई खोज्न थाल्छे घरमा नभेटेपछि पछुताउन थाल्छे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः कल्पना थापा

उमेरः ५७ वर्ष

मालारानी गाउँपालिका वडा नं ६ मेहेलपानी, अर्घाखाँची

## १७. अर्काको रिस गर्दा आफ्नै खती

एकादेशमा दुई जना बुढाबुढी थिए । उनीहरूले आफ्नो बारीमा टन्नै केराउ छरेका रहेछन । ती केराउ लटरम्म फुले तर त्यहाँ धेरै चरा आएर नोक्सान गरी दिए । यसले बुढाबुढी एकदमै चिन्तित भएर रातभर निदाउन सकेनन् । सोच्दा सोच्दै ती बुढाबुढी एक रात रातिनै गएर चरालाई मार्नु पऱ्यो भनी जुक्ति निकाल्छन् । बारीमा गएर चरालाई मार्छन् अनि एउटा चरालाई भन्छन् । तैँले हाम्लाई साह्रै दुःख दिएको छस् । तँलाई घर लगेर पकाएर नखाइ भएन भन्दै घरमा लिएर जान्छन् । घर लगेर काटेर दुई टुक्रा पार्छन् । अनि त्यो एउटा म दुई वटा भन्छ । त्यसपछि राजाले चरालाई टुक्रा पार्दै जान्छन् । उसले राजा एउटा म तीवटा ..... चार वटा यसै क्रमले भन्दै जान्छ । अनि यो कति करायो यसलाई पकाउन पऱ्यो भनेर बुढीलाई तेल राख्न पठाउँछन् अनि भुट्छन् तर चरोले भन्छ राजा खस्रो म चिल्लो भन्दै चरो कराउन थाल्छ । अनि राजाले नुन राख्छन् । फेरिचरोले राजा ओइल्नो म नुनिलो भन्छ । राजाले बेसार राख्छन् । फेरिचरोले राजा कालो म पँहेलो भन्छ । यसरी पाक्दासम्म पनि बोल्नै छोड्दैन । पाकेपछि राजाले मासु खान्छन् । खाएपछि पनि चरोले राजा बाहिर म भित्र भन्छ । अनि ती राजालाई साह्रै रिस उठ्छ र बुढीसँग भन्छन् ! म दिसा गर्न बस्छु त्यही बेलामा तैले छुरीले त्यो चरालाई काट्नु भन्छन् । बुढीले त्यसै गर्न खोज्छिन् चरो काट्छु भन्दा बुढाको चाक काटिन्छ अनि चरो उडेर रूखको टुप्पामा गएर राजाको ढ्याङ काट्यो मेरो के चाट्यो भन्छ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः हरि थापा

उमेरः ५५ वर्ष

मालारानी गाउँपालिका वडा नं ६ साकिनधारा, अर्घाखाँची

## १७. मूर्खको खोजी

एकादेशमा एउटा केटो थियो । ऊ बिहे गर्नका लागि भनेर केटी खोज्न हिँडेछ । त्यसपछि ऊ एउटा घरमा पुगेछ । केटी हेरेछ । केटी उसलाई मन परेछ । बिहे गर्ने कुरा चलेछ । केटी आँटीमा गइछ । आँटीमा उसको बाबुले दलिनमा बन्चरो राखेको रहेछ । केटीले त्यही बन्चरो देखिछ । त्यसपछि रुन थालिछ, केटीको बाबुले किन रोएको भनी सोध्दा उसले भनिछ - बुबा मेरो बिहे भएपछि छोरा छोरी जन्मिन्छन् अनि म माइत आएको बेलामा उनीहरू खेल्दै आँटीमा आउँछन् । अनि त्यो बन्चरो खस्छ र लागेर मेरा छोराछोरी मर्छन् । त्यही भएर म बिहे गर्दिन् भनिछे । केटीको यस्तो कुरा सुनेर केटोले मनमनै विचार गरेछ - यो केटी मूर्ख रहेछे । अब पनि यस बाहेक तीन जना अन्य मूर्ख भेटे भने मैले यही केटीसँग बिहे गर्छु भन्ने लागेछ अनि त्यहाँबाट हिँडेछ । हिँड्दाहिँड्दै अर्को गाउँमा पुगेछ । त्यहाँ पुग्दा एक जना मानिस दगुर्दै फर्किदै दगुर्दै फर्किदै गर्दो रहेछ । अनि त्यो केटाले सोधेछ - तपाईं किन दगुर्दै फर्किदै गर्नु भएको ? त्यो मानिसले दगुर्दै जुत्ता लगाउदै गर्छु भनेर दगुरेको भनेछ । त्यहाँबाट पनि केटो यहाँ पनि मूर्ख नै भेट भयो भन्दै आफ्नो बाटो लागेछ । त्यो केटा हिँड्दा हिँड्दै बिहान पख एउटा पँधेरोको नजिकै पुगेछ । मानिसहरू रातिउठेर पँधेरोमा पानी भर्दै लुगा धुदै गरेको देखेछ । यस्तो गर्दा गर्दै उज्यालो भएछ । अनि उनीहरू यताउती हेर्दै जुन कता गए भन्दै पानी पोख्दै गरेका रहेछन् । के गरेको - भन्दा भर्खर जुन यहीँ थिए अहिल्लै कता गए भन्दै कराउँदै गरेछन् । यहाँ पनि केटाले मूर्ख नै भेट्यो अनि त्यहाँबाट पनि हिँड्यो र अर्को गाउँमा पुग्दा पनि एउटी बुढीले गोरूलाई भऱ्याङमा निकाल्न खोजेकी रहिछ । गोरू निक्लन नसक्ने हुनाले निस्कन खाजेको थिएन । अनि त्यो बुढी आमासँग केटाले के गरेको आमा तपाईंले ? भनेर सोध्यो । यी गोरूलाई कहाँ लान लागेको भन्दा घरको छानामा घाँस पलाएको छ । त्यही खुवाउन लान लागेको भनिछे । अनि त्यो केटोलाई लागेछ । जँहा पनि मूर्ख नै मूर्ख भेटिए त्यही पहिलेकी केटीसँग नै बिहे गर्नु पऱ्यो भनेर पहिल्लैको गाउँमा फर्किएछ । यसरी मूर्खको खोजीमा हिँड्ने केटो नै महामूर्ख हो ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा वैकुण्ठमा जाला भन्ने बेलामा खुरुखुरु आईजाला ।

स्रोतः गोपाल अधिकारी

उमेरः ३२ वर्ष

मालारानी गाउँपालिका वडा नं ८ डाँडाखर्क, अर्घाखाँची

## १८. सोझो ज्वाईंको कथा

एकादेशमा एउटा सोझो केटा थियो । उसले भर्खर बिहे गरेको थियो । उसलाई अरूसँग कसरी कुरा गर्ने, के कुरा गर्दा कस्तो जवाफ दिनु पर्छ भन्ने थाहा नै थिएन । ऊ पहिलो पटक ससुराली जानु पर्ने भयो । त्यसबेला उसकी आमाले अह्राइ सिकाई गर्न थालिन् । ससुराल गएर धेरै नबोल्नु त्यहाँ जे भने पनि हुन्छ, ठिक छ, बेसै भएछ  भन्नु भनेर सिकाइन् । अनि ऊ ससुराल जान्छ । ससुराले सोध्छन् - घर तिर सञ्चै आरामै हुनुन्छ ? ज्वाईंले ठिक छ भनेछ । सासुले भनिछन् । ऐले त खोलाले खेत बगाएर केही पनि रहेन । ज्वाईंले भनेछन् बेसै भएछ । सासुले भनिछन् । बाँदरले मकै खाएर सत्यानाश पारी दियो । ज्वाईंले भनेछन । राम्रै भएछ सासूले हल गोरू र लैनो भैंसी यसै पटक मरे भनिछन् ज्वाईंले ठिकै छ भनेछन् - ज्वाईंको यस्तो बेमिल्दो जवाफ सुनेर सासु अचम्म परिन् । उनलाई लाग( यो । ज्वाईंलाई के भएछ । कतै बौलाउन त बौलाएनन् । यस्तैमा ज्वाईं ससुरालीबाट घर फर्किन्छ । आमाले सोध्छिन् - ससुरालीमा के के भनिस् ? केटाले सबै वृत्तान्त सुनाउँछ । आमाले धत् ! त्यस्तो पनि भन्ने हो त भनी भन्छिन्  । यस्तो बेलामा त थैइय चुच्चुच्च कठैबरा भन्नु पो पर्छ त भनी सिकाउँछिन् । संयोगले केटोलाई पुनः ससुराली जाने मेसो आउँछ । यस पटक ससुरालीमा सासूले भन्छिन् - पोहोर साल बगेको खेतको पनि सरकारले हर्जना दियो ज्वाईं त्यै पैसाले हलमुरी चामल आउने गैरी खेत किनियो । ज्वाईंले थैइय भनेछ । सासुले भनिछन् अस्ति मात्र भैंसी पनि ब्यायो ज्वाईं । ज्वाईंले चुच्चुच्च भनेछ । सासूले भनिछन् यस पटक त छानो पनि हालियो ज्वाईं । ज्वाईंले कठैवरा भनेछ । ज्वाईंको यस्तो जवाफ सुन्दा सासूले ज्वाईं साँच्चिकै बौलाएछन् भन्ने ठानिछ । भनिन्छ  अह्राएको बुद्धि र भरेको खर्च आफैमा पुग्दो हुँदैन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः रूपा राउत

उमेरः ३८ वर्ष मालारानी गाउँपालिका वडा नं ६ मेहेलपानी, अर्घाखाँची

## १८. फर्सीको कथा

एकादेशमा एउटा गाउँमा बुढाबुढी बस्थे । तिनका तीवटा छोरी रहेछन् । ती तीन छोरी मध्ये दुई छोरीको बिहे राम्रो खानदानका केटासँग गरी दिएका रहेछन् । एक दिन गाउँबाट कान्छी छोरीलाई माग्न एउटा केटो आएछ । कान्छी छोरीले त्यो केटालाई मन पराइनछ । फेरिअर्को केटा आउँदा पनि मन पराइनछ । त्यसपछि पल्लो गाउँमा एक बुढाबुढी थिए । ती बुढाबुढीका कुनै सन्तान भएनन् । भएका पनि कबली (फर्सी) भएर जन्मिए । त्यो फर्सी कान्छी छोरीलाई माग्न गयो । उसले त्यो फर्सीलाई मन पराइछ र बुढाबुढीले सोध्दा पनि मैले यो कबलीसँगै बिहे गर्छु भनिछ । धुमधामसँग बिहे गरिदिएछन् । एकदिनको कुरा हो । बुढाबुढी कि कान्छी छोरीको ससुराले बुहारीलाई भोलि ठूलो पूजा गराउनु पर्‍यो भने तर बुहारीले मानिनन् । ससुराले बुहारीलाई सोध्यो-तैले किन मान्दिनस् । अनि बुहारीले भनिछ - सबैले मलाई कबलीकी स्वास्नी भनेर हेला गर्छन् । सबैले हेप्छन । मैले एक्लै बसेर पुजा गर्दिनँ भनिछ । ससुराले भने जसले जे भने पनि पुजा गर्न पर्छ । त्यस पछि बुहारी बल्लतल्ल मानिछ । भोलि बिहानै उठेर एउटा गाउँबाट पण्डित बाजे आएछन् । र पूजा सुरु गरेछन् । पूजा गर्दा गर्दै कबली उताबाट फुत्तफुत्त पल्टिदै आएर कलश माथि बसेछ । अनि पण्डित बाजेले भनेछन् - के अचम्म भयो यो । कबली यसरी किन यहाँ आयो । यो कबली कलश माथि बसेको राम्रो हुँदैन भनेर यसलाई हटाउन गाउँका मानिसलाई भनेछन् । गाउँका मानिस आएर त्यो कबलीलाई हटाउन खोज्दा उठाउनै सकेनन् । पण्डित बाजेले भनेछन् । यो किन उचाल्नै सकिएन । त्यसलाई वास्तै नगरी फेरिपूजा सुरु गरेछन् । पूजा सकिन लाग्दा त्यो कबली दश हात माथि उफ्रेर प्याट्ट तल खस्दा फुटेछ र त्यसबाट कल्कलाउँदो सुनैसुनका गहनापातले भरीपूर्ण नौजवान बाहिर निस्केछ । सबै मान्छे अचम्ममा परेछन । फर्सीका बाबुआमा र श्रीमती सबै खुसीले गद्‌गद भएछन् र पुजा सकिएछ । त्यसपछि कबलीकी श्रीमतीमाइत जान्छु भनिछ । सासूससुराले भनेछन् - एक्लै नजाऊ आफ्नो पतिको साथ लागेर जाऊ । बिहानै उठेर ती दम्पत्ति माइत जान भनी हिँडेछन । माइत पुगेपछि घर अगाडि ढोकामा गएर कान्छी छोरीले आमा आमा भन्दै बोलाइछ र आमा को आयो भनी बोलाइछन् । बाहिर आउँदा छोरी ज्वाईंले आमालाई ढोगी दिएछन् । नानी तिमीहरूलाई त मैले चिनिन नि भनिछन् । छोरीले म तपाईंकी कान्छी छोरी हुँ र उहाँ तपाईंको ज्वाईं भन्दा आमाले भनिछन्-तैंले फेरिअर्को बिहे गरिस् कि क्या हो ? छोरीले होइन भन्दा नपत्ताएर त्यस युवकलाई पनि सोधिछन् । छोरी ज्वाईंले सबै भएभरको वृत्तान्त

सुनाएछन् र त्यसपछि आमाले राम्रै सत्कार सम्मानले छोरी ज्वाईंको सेवाटेवा गरिछन् र सबै जना खुसीसाथ बसेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः पूजा अधिकारी

उमेरः १५ वर्ष

मालारानी गाउँपालिका वडा नं ८ लुक्का, अर्घाखाँची

## १९. "छद्मभेषी श्रीमान्"

एकादेशमा दुई जना बुढाबुढी बस्दथे । तिनका तीन भाइ छोरा थिए । ती मध्ये माइला छोराको बिहे पाँच वर्षकी बालिकासँग गरी दिए र छोरालाई परदेशमा पढ्न पठाए । छोरो बाह्र वर्षपछि घरमा फर्किदा जोगीको भेषमा आउँछ । घरमा उसको श्रीमतीसँग भेट हुन्छ  तर श्रीमतीउसलाई मेरो श्रीमान् हो भनेर चिन्दिन । श्रीमती बेसी जाने तर्खरमा हुन्छिन् । जोगीको भेषमा आएको श्रीमान्ले बाटोमा लौरो राखेर श्रीमतीको बाटो छेक्छ । त्यसपछि उनीहरूको बीचमा जुहारी चल्छ ।

श्रीमती : बाटाको लौरो झिक न जोगी लल्लरो बेसी जान्छु नि है ।

श्रीमान् : बाटाको लौरो झिकुँला नानी तिमरा ससुरा काँ गए आज लौ भन चाँडै नि है ।

श्रीमती : हमारा ससुरा गाउँका मुख्खे भित्र र बाहिर गर्छन नि है । बाटाको लौरो झिक न जोगी लल्लरो बेसी जान्छु नि है ।

श्रीमान् : बाटाको लौरो झिकुँला नानी तिमरी सासू काँ गइन् आज लौ भन चाँडै नि है ।

श्रीमती : हमारी सासू गाउँकी मुख्खेनी भित्र र बाहिर गर्छिन् नि है । बाटाको लौरो झिक न जोगी लल्लरो बेसी जान्छु नि है ।

श्रीमान् : बाटाको लौरो झिकुला नानी तिमरी जेठानी काँ गइन आज लौ भन चाँडै नि है ।

श्रीमती : हमारी जेठानी चुलाकी भान्सेनी चुलाका भान्सामा छिननी है । बाटाको लौरो झिक न जोगी लल्लरो बेसी जान्छु नि है ।

श्रीमान् : बाटाको लौरो झिकुला नानी तिमरा देवर कहाँ गए आज लौ भन चाँडै नि है ।

श्रीमती : हामरा देवर पाठशालामा पढ्न गएका छन् । बाटाको लौरो भिकन जोगी गोठाला दाइलाई खर्च लैदेर बेसी जान्चु गोठाला दाइले मलाई केही पनि गरेका छैनन् ।

श्रीमान् : लौरो भिक्दै तिमरा स्वामी का गए आज लौ भन आज चाडै नि है भन्छ ।

त्यसपछि श्रीमती हामरा स्वामी परदेश गएका बिते बाह्र बर्ष भन्छिन् र फेरि गोठाला दाइलाई खर्च लैदिएर जान्छु बाटाको लौरो भिकन जोगी भन्छिन् जोगीले लौरो भिकिदिन्छ र गोठालालाई खर्च पुराएर आउँछिन । आउँदासम्म जोगीले पर्खेर बसेको हुन्छ ।

श्रीमान्: जोगीले भन्छ बाटै र मुनी पिपलु लाएँते छहारी बस्ने भैचौनी है । पाँच बर्षे कन्ये ब्या गरी गएँते धौ मुख हेर्ने भैचौनी है ।

परदेश गएर श्रीमान् भरिया सहित आएको थियो । उनलाई आफ्नो श्रीमान् भन्ने चिन्छिन् । त्यसपछि दुवै जना घर जान्छन् । त्यसपछि सासूलाई बाहिर निस्कन आग्रह गर्दै तिम्रा छोरा आए भन्छे सासूले बाटाको बटुवा ल्याइ होलिस् कहाँ मेरो छोरो आउनु भन्छे । त्यसै गरी परिवारका सबै सदस्यलाई साइनो अनुसार बोलाउँदा कसैले पनि विश्वास नगरी अरूकसैलाई ल्याएको आरोप लगाउँछन् । त्यसपछि छोराले बाहिरमा निस्क हे मेरी महतारी तिमरो छोरो आयो नि है भन्छ । उसको आवाज सुन्नासाथ सबै जना हरर्रर बाहिर निस्कन्छन् । छोराले आमालाई फाँद थाप्न भन्छन् । आमाले फाँद थाप्छिन् । त्यसमा बुहारीलाई खान दिएको कनको रोटो र नुनको ढिको राखी दिन्छ । आफू भरियासहित श्रीमतीलाई लिएर घरबाट निस्कन्छ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः गिताराम अधिकारी

उमेरः ८३ वर्ष

मालारानी गाउँपालिका वडा नं ६ डाँडाखर्क, अर्घाखाँची

## २०. "सोझो नाति र बुढी हजुरामा"

उहिल्लै एकादेशमा साह्रै दुःख पाएकी हजुरआमार एउटा नाति थिए । हजुरामा नातिलाई पालेर बसेकी थिइन रे । नातिको उमेर बढ्दै गयो । नातिले हजुरआमासँग भन्यो - म त अनपढ् मान्छे अब के गर्ने हजुरआमापसल गर्छु भनेछ, त्यसपछि हजुरआमाछिमेकमा गएर अलिअलि पैसा जोरेर ल्याइन् र भनिन् अब बाटोमा बसेर नाग्लोमा पसल गर । अनि

नातिले कसरी बेच्ने हजुरआमाभनेर सोध्यो त्यसपछि हजुरआमाले अर्ती दिएर पठाइन् । आफूलाई पनि दुई चार पैसा होस् भनिछन् । हजुरआमा पनि सोझी रैछिन । नाति पसल गर्न बाटोमा गयो । एक जना ग्राहक आयो र ए बाबु ! यसको पैसा कति हो ? भनेर सोध्यो । नातिले भन्यो - दुई पैसा हो । हजुरामाले दुई पैसा भन्नु भएको छ भन्यो । ग्राहकले नाग्लो भरिको सामान दुई पैसामा लग्यो । नाति घर आएर हजुरामालाई दुई पैसा दियो । हजुरामाले अरूपैसा खै भनेर सोधिन् । नातिले भन्यो-तपाईंले दुई पैसामा बेच्न भन्नु भएको थियो । मैले के बिराएर ? भनेर हजुरामालाई जवाफ गर्‍यो । हजुरआमा छक्क परिन् । यत्तिकैमा हजुरआमा र नाति निराश भएर बसेका थिए । त्यसपछि नातिले भन्यो - मैले पसल गर्न पनि जानिनँ । म परदेश गएर  पैसा कमाउछु । तपाईं जेनतेन गरेर घर बस्नुस् । मलाई गाडीभाडा खोजी दिनुहोस । हजुरआमाले छिमेकमा गएर ६० रुपैयाँ खोजेर ल्याइदिन । अलिकति अर्नी पनि बनाएर भनिन् । ए बाबु - लौ जहाँ रात पर्छ त्यही सुते, भोक लाग्दा खाए । भोकै नहिडे । त्यसपछि नाति  घरबाट निस्केर हिड्यो । वल्लो गाउँमा छँदा उज्यालै थियो । पल्लो गाउँमा पुग्दा रात पर्‍यो । हजुरआमाले जहाँ रात पर्छ त्यही बस्नु भन्नु भएको छ भनेर रातिजङ्गलको बिचमा बिच बाटोमा सुत्यो । तीन जना चोरहरू त्यसैबाटो जाँदै थिए । दुई जना सरासर गए पछिल्लोले भन्यो-ए कस्तो मुढो तेर्साएर फालेको रहेछ । यस्तो सुनेपछि केटाले भन्यो  - अँ जो सँग ६० रुपैयाँ छ त्यो मुढो हो । अनि चोरहरूले तँ को होस् भनेर सोधे अनि त्यो केटोले भन्यो - म चोर हुँ । तँ एक्लै छस् भनी सोध्दा हो म एक्लै छु मेरो कोही साथी छैन । मलाई पनि तपाईंहरू सँग लैजानुस भनेर गुनासो गर्यो । अनि चोरहरूले तीन जना थियौं चार जना भयौं के भयो र लौ हिँड् ठिकै छ भनेर लगेर गए । दिउँसो चोर्ने घर पत्ता लगाएकाले रातित्यही गए । केटोलाई तल्लो तलामा लौ सामान राम्रोसँग झिकेस् भनी आफूहरू माथिल्लो तलामा लागे । नातिकेटोले तल्लो तलामा यसो हेर्दा बुढी आमैले दुध तताएर  राखेर निदाएकी थिइन् । त्यो नातिले घरमा कहिले काँही हजुरआमाले खिर पकाएको देखेको थियो । चामल खोज्यो र खिर पकाउन थाल्यो । बुढी आमाले निद्रामा हात चलाउँदै थिइन् । केटोले पख पाक्छ र खाउली भन्यो । बुढीले पनि खिरै मागे जस्तो गरी उसैतिर हात तनक्क तन्काइन् । अनि उसले रिसैसँग कति आत्तियौ, लौ खाऊ भनेर तातो खिर एक डाडु हातमै राखीदियो । अनि बुढी तातोले आत्तिएर कराउन थालिन् । केटो खिर पकाएको भाँडै लिएर भाग्यो । तीन जना चोरहरू उसलाई कुरेर बसेका थिए । खिरको भाँडै बोकेर आएको देखेर उसलाई गाली पनि गरे खान पाए खुसी पनि भए ।

रातिसँगै बास पनि बसे । रातिचोरेको समान दिनभर त्यसलाई कुर्न लगाएर आफूहरू अर्को घर पत्ता लगाउन गए र एकै पटक बेलुका आए र अनि त्यो केटोलाई भने हिजो अस्ति जस्तो नगर्नू चरेसका थाल सुनका गरगहना आदि चोर्नु भनेर उसलाई तल्लै तलामा पठाए र आफूहरू माथिल्लो तलामा गए । त्यहाँ त राजदरबार पो रहेछ । पालेलाई छक्याएर तीन जना माथि गए । केटो तल्लो तलामा भण्डारमा पसेछ । त्यहाँ भएका बाजा नरसिंह कर्नाल बजाएछ । पैले पनि बजाएको देखेको रहेछ । यताउता हल्लाखल्ला मच्चियो । चारै जना चोर पक्रिए । अनि राजाले सोधे चोर कसले पक्रियो ? अनि पालेले भन्यो- हामी मध्ये कसैलाई पनि थाहा थिएन, चोरहरू मध्ये एक जनाले कर्नाल बजाएर हामीलाई थाहा भयो । त्यसो भए त्यो चोरलाई यहाँ लिएर आऊ भनेर राजाले भने उता तीन जनालाई फाँसीको सजायँ दिए । त्यो एक जना चोरलाई सबै कुरा सोधे । केटोले म चोर हुँ गरीब थिएँ भनेर भन्यो । त्यसपछि राजाले यसले गर्दा मेरो श्री सम्पत्ति  बच्यो, यसलाई मन्त्री बनाउनु भन्ने आदेश दिए । मन्त्री भए पछि त्यो नातिले हजुरआमालाई लिएर सुखसँग राखी आनन्दले जीवन बिताउन थाल्यो । भनिन्छ टुहुराको दिन कर्सापरी भने झैँ सोझो गरेपछि सोझै हुन्छ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः चुरामणि अधिकारी

उमेरः ६३ वर्ष

मालारानी गाउँपालिा वडा नं ८ छहरा, अर्घाखाँची

## २१. "लोभी बुढाबुढी"

एकादेशमा दुई जना बुढाबुढी थिए । ती अत्यन्तै गरीब थिए । त्यसै कारण बुढीले घर कुर्ने र बुढाले चामल पिठो आदि मागेर ल्याउने गर्थे । एक दिन बुढाले पिठैपिठो लिएर आएछन् । त्यसपछि बुढीलाई रोटी पकाउन भनेछन् । रोटी पकाउँदा नौ वटा भएछन् । ती मध्ये बुढीले आफूलाई पाँचवटा राखी बुढालाई चारवटा दिइछन् । त्यसपछि बुढाले भनेछन् । मलाई पाँचवटा देऊन । तिमी त दिनभरि घर कुरेर बस्ने हो नि मैले त दिन भर दुख गरी मागेर ल्याउछु भनेछन । अनि बुढीले भनिछन् - म दिनभर दुख गरी घर कुरेर बस्छु, तिमी चारवटा खाऊ म पाँचवटा खान्छु । त्यस्तैमा दुई जनाको कुरा मिलेनछ । ठाकठुक परेछ र एउटा सल्लाह गरेछन् र भनेछन् । भोलि बिहान जो पहिले उठ्छ उसले चार रोटी र पछि

उठ्नेले पाँचवटा रोटी खाने भन्ने सर्त राखेछन्  र नखाई सुतेछन । भोकले गर्दा रातभर निद्रा परेन तर पनि पाँचवटा रोटीको आशले ती बुढाबुढी ढिलैसम्म उठेनछन् । गाउँका छिमेकीहरूले के भएछ भनेर बोलाउन थालेछन् । तर बुढाबुढी दुवैले बोल्ने छाँट देखाएनन् । त्यसपछि मरेछन् कि क्याहो भनेर हार गुहार  गरी गाउँलेहरू जम्मा भएछन । पातलो गाउँ थियो । नौ जना मात्र जम्मा भएछन । बाँसकाटी कात्रो बनाएर मसान घाटमा लगी चिता बनाएछन् । पाँच रोटीका लोभले नमरे पनि मरे तुल्य भएछन् । गाउँलेले चितामा राखे अनि आगो लगाउने बेलामा बुढीले आच्चो आच्चो मलाई चारवटा भनिन् । त्यसपछि बुढाले हो मलाई पाँचवटा भने । यस्तो सुनेर त्यहाँ भएका नौ जना मलामीहरू त मसान जागे अब हामी सबैलाई खाने भए भनेर बुढाबुढीलाई छोडेर भागाभाग गरे ते हरे । त्यसै बेलादेखि नै नौ जना मलामी जानु हुन्न । नौ जनाको साइत पर्दैन । भन्ने चलन छ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा वैकुण्ठमा जाला, भन्ने बेलामा खुरुखुरु आऊला ।

स्रोतः शेरबहादुर शिरिष उमेरः ७०

मालारानी गाउँपालिका वडा नं ६ साकिनधारा, अर्घाखाँची

## सन्दर्भ सामग्री सूची


अधिकारी, रवीन्द्र (२०७१) *"नवलपरासी जिल्लामा प्रचलित लोककथाको अध्ययन",* अप्रकाशित स्नातकोत्तर शोधपत्र; नेपाली केन्द्रीय विभाग ।

गिरी, जीवेन्द्रदेव (२०५७) ***लोकसाहित्यको अवलोकन,*** काठामाडौं: एकता प्रकाशन ।

गिरी, जीवेन्द्रदेव र मोतीलाल पराजुली (२०६८) ***नेपाली लोकसाहित्यको रूपरेखा,*** ललितपुर: साझा प्रकाशन ।

चुँदाली, माधवराज (२०५५) ***"अर्घाखाँची जिल्लाको साहितियक योगदान",*** अप्रकाशित स्नातकोत्तर शोधपत्र; नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

चुँदाली, माधवराज (२०५७) ***"अर्घाखाँची जिल्लामा प्रचलित लोककथाको अध्ययन तथा विश्लेषण",*** विश्वविद्यालय अनुदान आयोगबाट तयार परिएको लघु अनुसन्धान प्रतिवेदन, विश्वविद्यालय अनुदान आयोगबाट, भक्तपुर ।

दिवस, तुलसी (२०३२) ***नेपाली लोककथा,*** काठमाडौः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

पराजुली, मोतीलाल (२०५४) ***"नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन",*** विद्यावारिधि शोध प्रबन्ध; त्रिभुवन विश्वविद्यालय ।

***जिल्ला पार्श्व चित्र अर्घाखाँची*** (२०७३) जि.वि.स. कार्यलय सूचना तथा अभिलेख केन्द्र ।

पराजुली, उत्तरकुमार, (२०७२) ***लोकविश्वास,*** काठामाडौं: सनलाईट पब्लिकेशन कीर्तिपुर ।

पराजुली, मोतीलाल, (२०७१) ***लोककथा सिद्धान्त र विश्लेषण,*** काठमाडौं: विवेक सिर्जनशील प्रा.लि. ।

बन्धु, चूडामणि, (२०५८) ***नेपाली लोकसाहित्य,*** थापाथली काठमाडौं: एकता बुक्स प्रकाशन ।

***बार्षिक गाउँपालिका विकास योजना*** आ.व. २०७४/७५ बजेट नीती तथा कार्यक्रम मालारानी गाउँपालिका खनदह अर्घाखाँची ।

भट्टराई, रमेशचन्द्र (२०६४) ***"अर्घाखाँची जिल्लामा प्रचलित नेपाली लोककथाको अध्ययन",*** अप्रकाशित स्नातकोत्तर शोधपत्र; नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

लुइटेल, खगेन्द्रपसाद (२०६८) ***लोकसाहित्यको परिचय,*** काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।